# अध्याय एक

# शोध-परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक "गुल्मी जिल्लाको पश्चिमी क्षेत्रका लोकगीतको अध्ययन" रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको लागि तयार गरिएको हो ।

## १.३ समस्याकथन

नेपाली लोकसाहित्यमा गुल्मी जिल्लाका लोकगीतको महत्त्वपूर्ण स्थान छ । विशेषगरी गुल्मी जिल्लाको पश्चिमी क्षेत्रका लोकगीतको स्थान अझ उच्च छ । फेरि पनि यस क्षेत्रका लोकगीतको अद्यावधि सङ्कलन र अध्ययन भएको पाइन्न । गुल्मी जिल्लाको पश्चिमी क्षेत्रका लोकगीतका सन्दर्भमा निम्नलिखित प्राज्ञिक समस्या रहेका छन् -

(क) गुल्मी जिल्लाको पश्चिमी क्षेत्रमा केकस्ता लोकगीत प्रचलित छन् ?

(ख) गुल्मी जिल्लाको पश्चिमी क्षेत्रमा प्रचलित लोकगीत केकति प्रकारका छन् ?

(ग) गुल्मी जिल्लाको पश्चिमी क्षेत्रमा प्रचलित लोकगीत साहित्यिक दृष्टिले केकस्ता छन् ?

## १.४ शोधको उद्देश्य

प्रस्तुत शोधमा समस्याकथनसँग सम्बन्धित निम्नलिखित उद्देश्यहरू रहेका छन् -

(क) गुल्मी जिल्लाको पश्चिमी क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन गर्नु,

(ख) यस क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरण र अध्ययन गर्नु,

(ग) यस क्षेत्रमा प्रचलित लोकगीतको साहित्यिक अध्ययन गर्नु,

## १.५ पूर्वकार्यको समीक्षा

राष्ट्रिय र क्षेत्रीय स्तरमा नेपाली लोकगीतको अध्ययन-विश्लेषण गर्ने काम लोकसाहित्यका अध्येताहरूबाट केही हदसम्म भएको पाइन्छ । गुल्मी जिल्लाको पश्चिमी क्षेत्रमा प्रचलित लोकगीतका बारेमा भने छुट्टै अध्ययन-अनुसन्धान अहिलेसम्म भएको छैन तापनि यस क्षेत्रमा गाइने लोकगीतलाई सङ्कलन गरी रेकर्ड गराएर रेडियो नेपालबाट बजाउने काम कतिपय लोककलाकारबाट भइरहेको छ । उल्लेख्य नाम कमाउने मध्येमा मास्टर मित्रलाल, जीवराज आश्रित, बमबहादुर कार्की, मोतीबहादुर कार्की, ध्रुव ज्ञवाली, बाबुराम पन्थी आदि छन् भने अन्य नवोदित कलाकारहरूले पनि लोकगीतको क्षेत्रमा

उल्लेख्य नाम कमाउँदै छन् । गुल्मी जिल्लाको पश्चिमी क्षेत्रका लोकगीतका सङ्कलन र अध्ययन भने नितान्त कम भएको छ । गुल्मी जिल्लाको लोकगीत सम्बद्ध पूर्वकार्यको विवरण निम्नानुसार छ ।–

होमनाथ सापकोटाले "फोक्सिङ पञ्चायतमा पाइने लोकसाहित्यको सङ्कलन र वर्गीकृत सर्वेक्षण" (२०३९) शीर्षकको भिलेज प्रोफाइलमा लोकगीतको केही झलक प्रस्तुत गरेका छन् ।

विष्णुहरि ज्ञवालीले आफ्नो एम्.ए. शोधपत्र "नेपाली साहित्यमा गुल्मी जिल्लाको योगदान" (२०५२) मा गुल्मी जिल्लाको लोकसाहित्यको सङ्क्षिप्त चर्चा गर्ने क्रममा यस क्षेत्रका लोकगीतको परिचय दिएका छन् ।

रेमचन्द्र खत्रीले आफ्नो एम्.ए. द्वितीय वर्षको "गुल्मी जिल्लामा प्रचलित उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण" (२०५५) नामक शोधपत्रमा गुल्मीमा प्रचलित लोकगीतको सामान्य चर्चा गरेका छन् ।

अविन्द्र श्रेष्ठले आफ्नो एम्.ए. द्वितीय वर्षको "अर्घाखाँचीका लोकगीत" (२०६३) शीर्षकको शोधपत्रमा लोकगीतको चर्चा गरेको पाइन्छ । यसले गुल्मी जिल्लाको पश्चिमी क्षेत्रका लोकगीतको अध्ययन गर्न आंशिक रूपमा भए पनि टेवा पुऱ्याएको छ ।

यस प्रकारले हेर्दा गुल्मी जिल्लाको लोकसाहित्यिक क्षेत्रमा केही काम भने भएको देखिन्छ । यति भए तापनि लोकसाहित्यको महत्त्वपूर्ण विधा लोकगीत यस जिल्लामा के कस्ता छन् ? तिनलाई के कसरी गाइन्छ ? ती लोकगीतको के कस्तो महत्त्व छ ? कतिको हृदयस्पर्शी छन् ? तिनले यस जिल्लाको रहनसहन, लवाइखवाइ, वेशभूषा, सामाजिक आर्थिक स्थितिको के कस्तो चित्रण गरेका छन् ? कस्तो मेलापर्वमा कस्ता गीत गाइन्छन् ? यस क्षेत्रका खास लोकगीत कस्ता रहेछन् ? आदि कुरा जान्न चाहने लोकसाहित्यका अध्येताहरूलाई सहयोग पुग्न सकोस् भनेर यस क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण, अध्ययन-विश्लेषण गर्नु आवश्यक देखिन आउँछ ।

## १.६ शोधको औचित्य, महत्त्व र उपयोगिता

गुल्मी जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको सङ्कलन तथा परिचय र तिनको विस्तृत अध्ययन गर्नु नै मुख्य उद्देश्य हो र यो काम प्राज्ञिक एवम् अनुसन्धानात्मक दृष्टिले औचित्यपूर्ण छ । यस क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन-विश्लेषण गरी ती क्षेत्रका रीतिस्थिति, चालचलन, वेशभूषा र सामाजिक गतिविधिका वारेमा जानकारी राख्न खोज्नेहरूलाई र यहाँको लोकसंस्कृति तथा लोकसाहित्यको अध्ययन-अनुसन्धान गर्न चाहनेहरूलाई यस शोधकार्याट बढी लाभ मिल्नेछ । साथै नेपालको विभिन्न क्षेत्रका

लोकगीतहरूको तुलनात्मक अध्ययन गर्न र नेपाली लोकगीतको अध्ययन-अध्यापन कार्यमा समेत सघाउ पुग्ने हुनाले यसको प्राज्ञिक औचित्य एवम् महत्त्व छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

नेपाली लोकसाहित्यका क्षेत्रमा लोकगीतको क्षेत्र व्यापक भए तापनि प्रस्तुत शोधकार्य गुल्मी जिल्लाको पश्चिमी क्षेत्र पुर्कोट दह, भनभने, मेहेलेपोखरी, मलागिरी मरभुङ, सिर्सेनी, बाँझकटेरी र धुर्कोट रजस्थल गा.वि.स. तथा त्यसका आसपासको क्षेत्रमा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण, अध्ययन र विश्लेषणमा सीमित छ ।

## १.८ सामग्री-सङ्कलन विधि

प्रस्तुत शोधकार्यका निम्ति सामग्री-सङ्कलन गर्दा क्षेत्रीय अनुसन्धान-विधिको उपयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा सम्बन्धित क्षेत्रमा नै गई त्यहाँका स्थानीय मेला, पर्व, उत्सव आदि क्रियाकलापहरूमा प्रत्यक्ष सहभागी भएर आवश्यकतानुसार सम्बन्धित गीतका गायकहरूबाट टेपरेकर्डको सहायताले गीतहरू सङ्कलन गर्ने काम क्षेत्रीय अनुसन्धान विधिअन्तर्गत गरिएको छ भने मेला, पर्व आदिमा उपस्थित हुन नसकेको स्थितिमा सम्बन्धित गायकबाट मौखिक रूपमा टिपोट गरी सङ्कलन गरिएको छ ।

## १.९ शोधको ढाँचा र शोधविधि

प्रस्तुत शोध-पत्र तयार पार्दा सङ्कलित सामग्रीलाई विभिन्न सिद्धान्तका कसीमा राखी विश्लेषण गर्ने प्रयास गरिएको छ । प्रस्तुत शोधमा वर्णनात्मक र विश्लेषणात्मक शोधविधिको प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित छवटा अध्यायमा विभाजन गरिएको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : गुल्मी जिल्लाको परिचय

अध्याय तीन : लोकगीतको सैद्धान्तिक परिचय

अध्याय चार : गुल्मी जिल्लाको पश्चिमी क्षेत्रका लोकगीतको अध्ययन

अध्याय पाँच : गुल्मी जिल्लाको पश्चिमी क्षेत्रका लोकगीतको साहित्यिक अध्ययन

अध्याय छ : शोधनिष्कर्ष

परिशिष्ट : सङ्कलित लोकगीतहरू

सन्दर्भसूची

यी अध्याय-शीर्षकलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभक्त गरी प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# गुल्मी जिल्लाको सामान्य परिचय

## २.१ विषयप्रवेश

पचहत्तर जिल्लाहरूमध्ये पश्चिमाञ्चल क्षेत्रमा रहेको गुल्मी जिल्ला ऐतिहासिक पृष्ठभूमि, भौगोलिक स्थिति, हावापानी, नदीनाला, वनजङ्गल, प्रमुख ऐतिहासिक तथा धार्मिक तीर्थस्थलहरू, सामाजिक जनजीवन, पेसा, धर्म, रहनसहन, जातजाति, चाडपर्व आदिका दृष्टिले निकै अगाडि छ । यससम्बन्धी विवरण निम्नानुसार प्रस्तुत गरिएको छ । –

## २.२ ऐतिहासिक पृष्ठभूमि

गुल्मी जिल्ला नेपाल अधिराज्यका पचहत्तर जिल्लामध्ये पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने लुम्बिनी अञ्चलको एउटा पहाडी जिल्ला हो । मध्यकालका बाइसी-चौबीसी राज्यमध्ये गण्डकी क्षेत्रमा पर्ने चौबीसे राज्यअन्तर्गत धुर्कोट, इस्मा, गुल्मी, मुसीकोट जस्ता चार राज्य हालको गुल्मी जिल्लामा पर्दथे । सन् १३९१ पछि पश्चिमका खस मल्ल राज्यहरूको पतन हुने क्रममा खस मल्ल राज्यहरू टुक्रिएर गण्डकी क्षेत्रका चौबीसे राज्यहरू स्थापना हुँदा उपर्युक्त राज्यहरूको स्थापना भएको हो ।

प्राप्त स्रोतका आधारमा हेर्दा गुल्मी राज्यका पहिला राजा वीर शाह हुन् । उनले वि.सं. १४९३ मा गुल्मी राज्यका राजा भएर स्वतन्त्र राज्यको स्थापना गरेका थिए (सुवेदी, २०५५:४७)। गुल्मी राज्यमा केही समय पाल्पाका सेन वंशले पनि राज्य गरेका थिए । मुसीकोट र इस्मा राज्यहरूको स्थापना वि.सं. १५५० तिर चन्द्रवंशी राजाहरूले गरेका थिए, तर यी राज्यका पहिला राजा को थिए भन्ने जानकारी छैन । धुर्कोट राज्यको स्थापना वि.सं १४६५ मा सूर्यवंशी राजा खड्गराज मल्लले गरेका थिए (सुवेदी,२०५५:६९)। छिमेकी राज्य भएर पनि यिनीहरूका बीचमा एकआपसमा त्यति राम्रो मेलमिलाप नभएका कारणले गर्दा विभिन्न राज्यका समूहमा मुसीकोट र इस्मा प्युठान राज्यको र गुल्मी पाल्पा राज्यको नेतृत्वमा सञ्चालित थिए (**मेची महाकाली**,२०३१:७२३) । त्यसैले त्यति बेला शक्तिशाली मानिएको पाल्पा राज्यको नेतृत्वमा रहेकाले नै गुल्मीलाई पनि शक्तिशाली राज्यको रूपमा लिइन्थ्यो । प्राचीन कालमा गुल्मी लिच्छविहरूको अधीनमा थियो । अठारौँ शताब्दीमा पाल्पामा राजा मुकुन्द सेन द्वितीयका पालामा पाल्पा, गुल्मी र खाँची समेत मिलेर मगर राज्य लिहवामाथि हमला गरी विजय प्राप्त गरेको भू-भागलाई आपसमा भाग लगाएर लिए । पछि पाल्पाका राजा महादत्तसेन र नायब बहादुर शाहको संयुक्त प्रयासबाट केही बाइसी - चौबीसी राज्यलाई पराजित गर्ने क्रममा गुल्मी र खाँचीलाई समेत जिती बहादुर शाहले यी चार राज्य महादत्त सेनलाई दिए । आफ्नो राज्य पाल्पाको अधीनमा गएपछि गुल्मीका पराजित राजा रामनगरका राजाको शरणमा गई बसे । सैनिक शक्तिमा पाल्पाभन्दा दुर्बल भए पनि कुटनीतिमा सिपालु शिव शाहले रणबहादुर शाहसँग सम्बन्ध गाँस्न सकेमा केही फाइदा हुने देखी आफ्नी नातिनी राजेश्वरीको विवाह रणबहादुर शाहसँग गरिदिए । पछि

शिव शाहले आशा गरेजस्तै विवाहपछि रणबहादुर शाहले गुल्मी राज्य पाल्पाबाट फिर्ता लिई शिव शाहलाई दिए, तर केही समय पाल्पाको अधीनमा रहेको गुल्मी स्वतन्त्र राज्यका रूपमा धेरै समय टिक्न सकेन । एकातिर रणबहादुर शाहको मृत्यु हुनु र अर्कातिर नेपाल एकीकरणको अभियान सुरु हुनु गुल्मी राज्यको लागि दुर्भाग्य नै थियो । बाइसे-चौबीसे राज्यलाई विशाल नेपालमा गाभ्दै आएका मुख्तियार भीमसेन थापाले वि.सं. १८९३ मा अर्घा र खाँचीलगायत गुल्मीलाई पनि विशाल नेपालमा मिलाए (**मेची महाकाली**,२०३१:७२४)। इस्मा, मुसीकोट र धुर्कोट राज्यहरूलाई भने पछि बहादुर शाह र दामोदर पाण्डेले एकीकरण गरेर विशाल नेपालमा मिलाएका थिए ।

यसरी विशाल नेपालमा गाभिन पुगेको गुल्मी जिल्लामा अहिले आएर धेरै परिवर्तन भएको छ । यस जिल्लाका धेरै जसो मानिस खेतीपाती तथा पशुपालनमा व्यस्त रहन्छन् र जिल्लाको विकास निर्माणका काममा पनि आफूलाई समर्पित गरिरहेका देखिन्छन् ।

## २.३ भौगोलिक स्थिति

गुल्मी नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने लुम्बिनी अञ्चलको एउटा पहाडी जिल्ला हो । यस जिल्लामा कतै अग्ला-अग्ला पहाड र कतै सम्म परेका बेसी फाँटहरू रहेका छन् । यसबाट के झल्कन्छ भने गुल्मी जिल्लाको भौगोलिक बनावट एकनासको नभई असमान रूपमा रहेको छ ।

### २.३.१ क्षेत्रफल र सिमाना

२७°५५' उत्तरी आक्षांश २८°२७' उत्तरी आक्षांश र ८३°१०' पूर्वी देशान्तरदेखि ८३°३५' पूर्वी देशान्तरका बीचमा गुल्मी जिल्ला अवस्थित छ (जिल्ला शिक्षा कार्यालय, २०५६:७३) । यो जिल्ला पूर्व-पश्चिम लाम्चो आकारमा र उत्तर दक्षिण साँघुरो आकारमा अवस्थित छ भने समुद्र सतहबाट ४६५ मिटरदेखि २,६९० मिटरसम्मको उचाइमा रहेको छ । गुल्मी जिल्लाको पूर्वमा पर्वत र स्याङ्जा, पश्चिममा प्यूठान, उत्तरमा बाग्लुङ, दक्षिणमा पाल्पा र अर्घाखाँची जिल्ला रहेका छन् । लमाइ लगभग ४० कि.मी. र चौडाइ ३० कि.मी. रहेको यस जिल्लाको कुल क्षेत्रफल भने १,२४९.३७ कि.मी.रहेको छ (जि.वि.स.को कार्यालय,२०५६:१) ।

### २.३.२ धरातलीय स्वरूप

प्राकृतिक बनौटका आधारमा गुल्मी जिल्लाको धरातलीय स्वरूपलाई पहाडी भाग र बेसी भाग गरी दुई भागमा बाँड्न सकिन्छ ।

#### २.३.२.१ पहाडी भाग

गुल्मी जिल्लाको अधिकांश क्षेत्र पहाडी धरातलले बनेको छ । यस जिल्लाको सबभन्दा अग्लो पहाड २,६९० मिटर (थाप्लेको लेक) छ । जिल्लाको अधिकांश जनसङ्ख्या

पहाडी भागअन्तर्गत नै बसोबास गरेको पाइन्छ । अलिक उचाइ क्षेत्रमा भने मानिसको बसोबास न्यून नै छ । त्यस्ता भागलाई लेकाली भाग पनि भनिन्छ । गुल्मी जिल्लाको पहाडी भेगको मुख्य बालीमा मकै, कोदो, धान, गहुँ, फापर आदि पर्दछन् भने तरकारीमा आलु, केराउ, काउली, मूला, साग, भट्ट, भिmलिङ्गी, मास, गहत आदि पर्दछन् । फलफूलमा सुन्तला, कागती, आँप, कटहर, नासपाती, मेवा, आरुबखडा, बेलौती, जिमिर, भोगटे, सङ्कत्र, अमिलो मौसम आदि पाइन्छन् ।

यस जिल्लाका उच्च पहाडहरूमा थाप्लेको लेक, रेसुङ्गा, मदानेको लेक (मरभुङको लेक) मालिकाको लेक (कुर्घा), वामीदहको लेक, टोप्रेको लेक मुख्य छन् ।

### २.३.२.२ बेसी भाग

यस जिल्लामा पहाडका फेदीमा नदी तथा खोलाका किनारमा अवस्थित धान खेतीयोग्य सम्म परेको भू-भाग छ, जसलाई बेसी भनिन्छ । यस्ता मुख्य बेसीहरूमा चौरासी फाँट, मजुवा फाँट, आँपचौर फाँट, खैरेनी फाँट, वामीटक्सारको फाँट, छल्दी खोलाको घर्ती फाँट, शान्तिपुर हरेवा फाँट आदि पर्दछन् । यहाँको माटो उब्जाउको लागि उत्तम र सिचाइको सुविधा भएकोले यस क्षेत्रमा उत्पादन राम्रो हुन्छ । यस भेगमा उत्पादन हुने मुख्य बालीअन्तर्गत धान, गहुँ, मकै, आलु, जौँ आदि पर्दछन् । यस क्षेत्रमा सुविधाका दृष्टिकोणले गर्दा अहिले आएर पहाडी भेगबाट बसाइ सर्ने काम भइरहेको छ, जसको फलस्वरूप बजार विस्तार हुँदैछ । वर्तमान अवस्थामा यस क्षेत्रमा मानिसहरू नगदे बालीतर्फ उन्मुख हुन थालेको देखिन्छ ।

### २.३.३ हावापानी

गुल्मी जिल्लाको भू-धरातलीय बनौटअनुसार यहाँको हावापानी निम्नलिखित तीन किसिमको पाइन्छ ।–

(क) **ऊष्ण मनसुन जलवायु** : समुद्र सतहबाट १,५२५ फिटदेखि ३,००० फिट सम्मको भागमा यस किसिमको हावापानी पाइन्छ । यस भागमा ग्रीष्ममा तापक्रम लगभग ३५ सम्म पुग्ने हुनाले निकै गर्मी र हिउँदमा न्यानो हुन्छ ।

**(ख) अर्धोष्ण जालवायु :** ३,००० फिटदेखि ७,००० फिटसम्मको उचाइको भागमा यस किसिमको जलवायु पाइन्छ । गर्मीमा हावापानी न्यानो हुन्छ भने जाडोमा ५ सम्म तापक्रम झर्ने हुँदा जाडो हुन्छ ।

(ग) **शीतोष्ण जलवायु :** ७००० फिटदेखि ९,००० फिटसम्मको उचाइमा यस किसिमको हावापानी पाइन्छ । यस भागमा हिउँदमा तापक्रम शून्यसम्म झर्ने हुँदा बढी जाडो हुन्छ । यी स्थानहरू रेसुङ्गा, भार्सेको लेक थाप्लेको लेक आदि हुन् (जि. वि.स. को कार्यालय,२०५६:२) ।

### २.३.४ नदीनाला

यस जिल्लामा प्रशस्त खोलानालाहरू छन् । जिल्लाभित्र मात्र नभएर स्वदेश तथा विदेशमा समेत नाम कमाएको काली गण्डकी जस्तो पवित्र नदी रहेको छ । यसबाट काली गण्डकी ए जस्तो नेपालकै सबैभन्दा ठूलो जलविद्युत् आयोजना समेत सम्पन्न भइसकेको छ । यस नदीलाई शालिग्राम नदी पनि भनिन्छ । यस नदीलाई एक पवित्र तीर्थस्थलका रूपमा लिइँदै आएको छ । धार्मिक ग्रन्थ र पुराणहरूमा समेत नाम उल्लिखित भएको काली गण्डकीमा माघे सङ्क्रान्ति र माघे औँसीमा विशेष मेला लाग्दछ र माघ महिनाभरि नुहाउनेको घुइँचो लाग्ने गर्दछ ।

यस जिल्लामा अन्य नदीहरू बढीघाट, दरमखोला, छल्दी, पनाहा, हुग्दी, निस्ती आदि प्रख्यात छन् । नदीका हिसावले हेर्दा बढीघाट नदीलाई आधार मानी गुल्मीलाई पार गुल्मी र वार गुल्मी गरी दुई भागमा विभाजन पनि गर्ने गरिन्छ ।

यस जिल्लाका नदीहरूले सिचाइको क्षेत्रमा पर्याप्त सहयोग पुऱ्याएका छन् । यसको अलावा खोलाको किनारै किनार मोटर बाटो लागायत अन्य बाटा पनि सञ्चालित छन् । माछा बिक्री गरेर आफ्नो जीविकोपार्जन गर्ने पनि यहाँका केही मानिसहरू छन् ।

### २.३.५ वनजङ्गल र वन्यजन्तु

गुल्मी जिल्ला वनजङ्गलका दृष्टिले अगाडि छ । यहाँको हावापानीमा विविधता भएकोले गर्दा जङ्गलमा विभिन्न बोटबिरुवा पाइन्छन् । कृषि, पशुपालन र काष्ठ व्यापार नै यस जिल्लाका आर्थिक क्रियाकलापका आधारशिला हुन् । यीमध्ये कृषि र पशुपालनको आवश्यकता पूर्ति गर्ने मुख्य साधन वनजङ्गल नै हो । त्यसैले यहाँका बासिन्दाहरूसँग वनजङ्गलको घनिष्ट सम्बन्ध रहेको छ । यस जिल्लाको तल्लो भेगका जङ्गलमा साल, सल्ला, धार्ने, चिलौनी, चिउरी, टुनी, शिरीष, काफल, तिजुजस्ता रूखहरू पाइन्छन् (सुवेदी,२०५५:५)। यस्ता प्रकारका रूखहरू विशेष गरी काठका काममा प्रयोग गरिन्छन् । उपल्लो भेगतिर भने गुराँस, अँगेरा, खर्सु, बाँझ, फलाँट, मानिकाठ, सौर, कालीकाफल, मल्लेतो, ओखर, लाँकुरी, पाँकुरी, उत्तिस, काब्रो, दबदबे आदि रूखहरू पाइन्छन्, जुन दाउराका रूपमा बढी उपयोगी हुन्छन् ।

यस जिल्लाको जङ्गलमा विभिन्न प्रकारका जडिबुटीहरू पाइन्छन् । यस्ता जडिबुटीमा सतुवा, बरूवा, पाखनवेद, पर्से, टाप्रे, हर्रो, बर्रो, अमला, असुरो, दुसिन्की, गानेगुर्जो, निम जस्ता पाइन्छन् तर सही तरिकाले खोज-अनुसन्धान र सदुपयोग भने भएको पाइँदैन । यहाँका जडिबुटीको उपयोग हुन सकेमा स्वदेशी तथा विदेशी मुद्राको समेत आर्जन हुन सक्ने कुरामा दुईमत छैन । यहाँको जङ्गलमा बाघ, भालु, मृग, हरिण, स्याल, चितुवा, मलसाँप्रो (माउखानी), खरायो (चौआडा) जस्ता जनावर र काग, कोइली, ढुकुर, जुरेली, सारी, सुगा, धोबिनी, भ्याकुरो, गिद्ध, फिस्टो, न्याउली, कोकले, लामपुच्छ्रे जस्ता पंक्षीहरू रहन्छन् । आजभोलि भने व्यापक रूपमा वनविनाश हुँदै गएको कारणले गर्दा यहाँका गङ्गली जनावर र पंक्षीहरू पनि लोप हुँदै छन् ।

## २.४ तीर्थस्थलहरू

गुल्मी जिल्ला ऐतिहासिक तथा धार्मिक दुबै दृष्टिले महत्त्वपूर्ण रहेको छ । पवित्र नदी काली गण्डकी, ऋष्यश्रृङ्ग नाम गरेका तपस्वीले तपस्या गरेको तपोभूमि रेसुङ्गा आदि यस जिल्लाका प्रमुख तीर्थस्थल हुन् । यी बाहेक रिडी, रुद्रवेणी, दरबार देवीस्थानको ईश्वरी मन्दिर, छत्रेश्वर मन्दिर (रूपाकोट), छत्र मन्दिर (हर्दिनेटा), कञ्चनेश्वर मन्दिर, कालिका मन्दिर, गणेश र भैरव मन्दिर, गम्भीर मुक्तेश्वर मन्दिर, गोपेश्वर मन्दिर, भीमसेन मन्दिर, सुगन्ध महाविहार, राधाकृष्ण मन्दिर, सिद्धबाबा मन्दिर, विष्णु पादुकाको शिवालय, शिवालय (वामी टक्सार), त्रिपुरासुन्दरीको मन्दिर आदि पनि गुल्मेली जनताका धार्मिक तीर्थस्थलहरू हुन् । यहाँका यी मन्दिरहरूमा विभिन्न समयका मेलापर्वमा तीर्थजात्रा गर्ने गरिन्छ । रुरु क्षेत्रमा माघे सङ्क्रान्तिजस्ता पर्वमा ठूलो मेला लाग्दछन् । त्यस्तै रेसुङ्गामा हरिशयनी र हरिबोधिनी एकादशीमा विशेष मेला लाग्दछ (सुवेदी,२०५५:५) । श्रावणमा यस पुण्य भूमिमा रहेको पोखरीमा नुहाए पुण्य प्राप्त हुन्छ भन्ने जनविश्वास छ । त्यसैगरी असारे ठूलो एकादशी र कार्तिक ठूलो एकादशीमा पनि यहाँ ठूलो मेला लाग्दछ, साथै साउनभरि नै यहाँ स्थित सिद्धबाबाको मन्दिरमा पूजापाठ गर्नेको घुइँचो लाग्दछ ।

२०४४ सालको असारमा भेटिएको धुर्कोट गुफाको पनि आफ्नै महत्त्व रहेको छ । यस गुफामा विचित्र प्रकारका आकृतिहरू कतै भित्तामा त कतै छतमा देख्न सकिन्छ । यस गुफाभित्र जाडो मौसममा न्यानो र गर्मी मौसममा सितल हुने गर्दछ । विचित्र गुफाका नामले चिनिने यो गुफामा दर्शन गर्न जानेहरूको भीड भइरहन्छ ।

## २.५ सामाजिक जनजीवन

मानिस सामाजिक प्राणी भएकोले उसलाई खाँचो पर्छ । विभिन्न जातजाति, भाषा, धर्म, पेसा भएका व्यक्तिहरू समाजमा एकत्रित भएर सामाजिक जीवनयापन गरिरहेका हुन्छन् । नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय राज्य हो । गुल्मीमा पनि विभिन्न जातजाति, भाषा, धर्म, पेसा भएका व्यक्ति एकआपसमा मिलेर बसेका छन् । जुनसुकै सामाजिक जनजीवनभित्र त्यस समाजका जातजाति, पेसा, धर्म, रहनसहन, भाषा, संस्कार, लवाइखवाइ आदि पर्छन् । त्यसैले गुल्मेली समाजमा विद्यमान उल्लिखित विषयमा सङ्क्षिप्त चर्चा गरिन्छ ।

### २.५.१ जातजाति

गुल्मी जिल्लामा जातीयताको हिसाबले हेर्दा ब्राह्मण, क्षत्री, बैश्य, शुद्र चारै जातिको बसोबास पाइन्छ । यीमध्ये यहाँ ब्राह्मण जातिको बाहुल्य रहेको छ । यस जिल्लामा ब्राह्मण जातिको बसोबास वर्तमानमा मात्रै नभई प्राचीन समयदेखि नै ज्यादा रहेको पाइन्छ । अन्य जातिमा क्षेत्री, ठकुरी, मगर, गुरुङ, नेवार, बोटे, कुमाल, कामी, दमाई, सार्की, गाइने, सुनुवार आदि धेरै जातिको बसोबास भए तापनि यहाँको समाज पुरुषप्रधान छ । त्यसैले परिवारमा सर्वेसर्वा पुरुष नै हुने प्रचलन छ । आजभोलि भने सामाजिक कार्यमा महिलाको सहभागिता बढेको देखिन्छ । थोरै मात्रामा भए पनि महिलाहरूमा भएको शिक्षाको विकासले पनि उनीहरूको महत्त्व बढेको छ ।

### २.५.२ धर्म

गुल्मी जिल्लामा विभिन्न जातिको बसोबास भए तापनि अधिकांश जनताहरू हिन्दू धर्मका अनुयायी छन् । यहाँका करिब ९९% जनता हिन्दू धर्म मान्दछन् र उनीहरूले हिन्दू धर्म अनुसार नै आफ्नो संस्कृतिको जगेर्ना गरेका छन् । केही मात्रामा अन्य धर्म मान्ने मानिसहरूमा बौद्धिस्ट, क्रिश्चियन र मुस्लिमको सङ्ख्या छ । जे भए पनि यस जिल्लामा धार्मिक सहिष्णुता राम्रो स्थितिमा रहेको पाइन्छ ।

### २.५.३ भाषा

गुल्मीमा विभिन्न जातजातिको बसोबास भए तापनि यहाँका अधिकांश जनता मातृभाषाका रूपमा नेपाली भाषा बोल्छन् । नेवार जातिको बाहुल्य भएका चारपाला हटिया, जोहाङ हटिया, धुर्कोट हटिया, तम्घास बजार आदि ठाउँमा उनीहरू केही मात्रामा आफ्नो परिवारभित्र नेवारी भाषा बोल्छन्, तापनि उनीहरूको बोलचालको भाषा भने नेपाली नै रहेको पाइन्छ । भार्से, तम्घास खानी गाउँजस्ता मगरहरूको बाहुल्य भएका ठाउँमा उनीहरूको मातृभाषाका रूपमा नेपालीलाई नै प्रयोग गर्छन् ।

नेपाली भाषा बोल्ने क्रममा केही मगर, गुरुङ र नेवारहरूले 'त' लाई ट/ड' बनाएर बोलेको पनि पाइन्छ । कामी, दमाई, सार्की आदिले आउँछ = आन्च, पिँध =पैँद, विहान = बेन, मलाई = माला, चोया = चोए, झिक्रो = झ्याँक्रोजस्ता केही शब्दको आफ्नै प्रकारले प्रयोग गर्दछन् । उनीहरूमा यस्ता शब्दको प्रयोग मगराँतीको प्रभाव तथा स्तरीय भाषिक अभ्यासको कमीका कारणले गर्दा भएको हो । उनीहरूले यस्ता शब्दको प्रयोग केवल मौखिक रूपमा मात्र गर्छन् र लिखित रूपमा भने मानक नेपाली भाषा नै प्रयोग गर्छन् ।

कुल जनसङ्ख्याको ९७% जनताले बोल्ने भाषा नेपाली भए पनि यहाँ बोलिने भाषिकामा नेपाली भाषाको मानक रूपभन्दा केही बेग्लै प्रकारको संरचनात्मक स्वरूप फेला पर्दछ । गुल्मी जिल्लाको भाषिक स्वरूपलाई खोतलेर हेर्दा यस्ता शब्दहरू धेरै भेटिने गर्दछन् । यसरी यहाँ प्रचलित केही शब्दहरूलाई मानक नेपालीसँग तुलना गर्न सकिन्छ । केही उदाहरण तल दिइएका छन् ।-

| **गुल्मेली नेपाली** | **मानक नेपाली** |
|---|---|
| मस्तै | धेरै |
| होच | रहेछ |
| भरे | साँझ |
| कौनो | कुन |
| यत्क, तेत्क | यहाँ, त्यहाँ |
| कत्न, जत्न -जत्क) | कहाँ, जहाँ |
| भो | हुँदैन |

| | |
|---|---|
| आँटी | उपल्लो तला |
| होरेक | ठूलो हँसिया |
| सिन्की (सिङ्की) | गुन्द्रुक |
| गएपार, आएपार | गएदेखि, आएदेखि |
| कन्नो | पिठ्युँ |
| तिमुउर | तिमीहरू |
| छोप्नु | समात्नु |
| लोट्नु | लड्नु |
| नाम्रो | राम्रो |
| गइम् | गयौँ |
| दैलो | ढोका |
| जस्केल | सहायक ढोका |
| आइसल | अर्को साल |
| बर्को | पछ्यौरा |
| झिलङ्गी/ सिल्टुङ | मस्याङ |

यस्ता उदाहरणबाट यस क्षेत्रको नेपाली भाषाको बेग्लै भाषिक स्वरूप रहेको बुझ्न सकिन्छ ।

### २.५.४ पेसा

गुल्मी जिल्लाका जनताको पेसा कृषि हो । यस जिल्लाका करिब ९०% जनता कृषिमा नै निर्भर छन्, तापनि अधिकांश पहाडी भागमा सिचाइको असुविधा र खेतीयोग्य भूमिको अभावमा कम उब्जनी हुने, अकासे पानीको भरमा खेती गर्नुपर्ने हुँदा आशातीत उब्जनी भने हुन सकिरहेको छैन । तर पनि आफ्नो अधिकांश समय कृषि पेसामै बिताउनु पर्ने बाध्यता छ । बेसी भागमा भने सिचाइको सुविधा र उब्जाउ भूमि भएकोले पर्याप्त मात्रामा उब्जनी हुन्छ । निकासी गरिने सामानहरू त्यति छैनन् । हाल आएर केही मात्रामा तरकारी र सुन्तलाको निकासी हुने गरेको देखिन्छ । उच्च पहाडी भूभाग भएको हुनाले आकाशे पानीमा भर पर्नुपर्ने, मलिलो माटो खेर जाने, समयमा वर्षा नहुने, अतिवृष्टि, अनावृष्टि आदिको प्रकोपले गर्दा आजभोलि खाद्यान्न आपूर्तिको लागि तराई क्षेत्रमा भर पर्नुपर्ने स्थिति छ । तराईबाट खाद्यान्न ढुवानी नगर्ने हो भने के खाएर बाँच्नुपर्ने हो भन्ने देखिन्छ । यस जिल्लाका मुख्य बाली धान, मकै, कोदो, फापर, जौ, गहुँ आदि हुन् । दलहनमा भट्ट, मास, झिलिङ्गे, गहत, केराउ आदि उत्पादन हुन्छ भने आजभोलि कतै आलु, काउली, प्याज, लसुन, गोभी, उखु खेती गर्न थालिएको छ । भाडगाउँ, नयाँगाउँ, पिपलधारा, धुर्कोट आदि गाउँमा प्रशस्त मात्रामा सुन्तलाको खेती गर्न थालिएको छ । अमरपुरको बुल्म गाउँमा माटाका भाँडा बनाइन्छ । त्यस्तै छापहिले, इस्मादोहोली आदि गाउँमा काठका ठेका

बनाइन्छ । कृषकहरूलाई कृषिका लागि चाहिने ऋण उपलब्ध गराई सहयोग गर्नका लागि जिल्लामा कृषि विकास बैङ्क, कृषि सामग्री संस्थान, कृषि विकास कार्यालय र कृषि सम्बन्धी सेवा पुऱ्याउन गार्डेप आदि संस्था सक्रिय रहेका छन् ।

गुल्मी जिल्लाका जनताहरू कृषि व्यवसायमा मात्र सीमित नभएर व्यापार र प्रशासनिक क्षेत्रमा प्रवेश गरिरहेका छन् । यहाँ चिया पसलदेखि लिएर ठूला-ठूला सामान बिक्री गर्ने पसलहरू छन् भने प्रशासनिक क्षेत्रमा साना तहदेखि उच्च पदमा समेत रहेका छन् । संयुक्त राष्ट्रसङ्घमा सर्वोच्च पदमा पुगेका व्यक्ति गुल्मी जिल्लाको पश्चिम अमरपुर गा.वि.स.का हुन् । लोककलाकार बमबहादुर कार्कीको नाम पनि उल्लेख्य छ । जागिरको सिलसिलामा ब्रिटिस गोर्खा सेना र भारतीय गोर्खा सेनामा समेत थुप्रै युवाहरू कार्यरत छन् भने आजभोलि वैदेशिक रोजगारका लागि विभिन्न देशमा गएर काम गर्ने क्रम चलिरहेको छ ।

जातीय हिसाबले हेर्दा यहाँ ब्राह्मणको पेसा पण्डित्याइँ र जागिरे छ । क्षेत्री, मगर र गुरुङ पल्टनमा भर्ती हुने र कमै मात्रामा प्रशासनिक क्षेत्रमा कार्यरत छन् । कामी, दमाई, सुनारले क्रमशः फलामको काम गर्ने, लुगा सिलाउने र गहना बनाउने काम गर्दछन् । कुमालेहरूले माटाका भाँडा बनाउने गर्दछन् । नेवार जातिले ब्यापारमा अग्रस्थान लिएको छ । केही मानिसले डकर्मी, सिकर्मी आदिको काम गर्दछन् ।

### २.५.५ रहनसहन

सामान्यतया गुल्मी जिल्लाका मानिसहरूको रहनसहन अन्य नेपालीहरूको जस्तै छ । यहाँका धेरैजसो घर एक तले र केही दुई तीन तले समेत छन् । पहिले घर कटेरा छाउने काम खरले गरिन्थ्यो भने आजभोलि ढुङ्गा र जस्तापाताले छाउने काम हुँदै छ र कतैकतै व्यापारिक केन्द्र रहेका स्थानहरूमा पिलर सहितका पक्की घरहरू पनि निर्माण भइरहेका छन् । यहाँका जनता सरल, स्वावलम्बी र सहयोगी पनि छन् । एकलाई परेको आपत् विपत्मा दिलोज्यानले सहयोग गर्न सक्ने दिलदार छन् । अहिले आधुनिकताको अनुसरण गर्ने भए तापनि परम्परालाई मान्दै सामाजिक जीवन यापन गरिरहेका छन् ।

### २.५.६ संस्कार

मानिसको गर्भधारणदेखि मृत्युपर्यन्त गरिने विविध विधि विधानलाई संस्कार भनिन्छ । हिन्दू धर्मानुसार सोह्र संस्कारको उल्लेख गरिए तापनि यहाँका मानिसहरूले सबै मानेको देखिँदैन । धेरैजसो संस्कारलाई मान्यता दिएका छैनन् । त्यसैले भन्न सकिन्छ, गुल्मी जिल्लामा प्रचलित संस्कारहरूमा जात, कर्म, न्वारान, छैटी, पास्नी, अन्नप्रासन, चुडाकर्म, उपनयन, व्रतबन्ध, बिबाह र अन्त्येष्टि कर्म यस क्षेत्रका लोकसमुदायका प्रमुख संस्कार हुन् ।

### २.५.७ लवाइखवाइ

गुल्मी जिल्लाका मानिसहरूले केही मात्रामा जात र धर्म अनुसारको लवाइखवाइ गरे तापनि समग्रमा हेर्दा सबै मानिसको एकै किसिमको जस्तो देखिन्छ । यस जिल्लाको प्रमुख खेती मकै र कोदो भएकोले यहाँका मानिसको मुख्य खाना मकैको आटो र गोदोको ढिडो र रोटी हो । मकै पोलेर, भुटेर खाजा खाने, गहुँ र फापरको रोटी बनाएर खाने गर्छन् । आजभोलि भने किनेर भए पनि दाल, भात र तरकारी खाने चलन प्रशस्त चलेको देखिन्छ । दूध, दही, घिउ र माछामासु आदिलाई तागतिला र पोसिला खानेकुराका रूपमा लिइन्छ । मासु खाँदा भने जातअनुसारको मासु खाने गर्दछन् । जस्तै बाहुन र क्षेत्रीले बाखा/खसीको मासु खाने गर्दछन् भने समाजमा तल्लो जात भनिँदै आएका वैश्य, शुद्रले कुखुरा, राँगा, पाडा, सुँगुर, हाँस, आदिको मासु पनि खाने गर्दछन् ।

गुल्मी जिल्लामा उल्लिखित खानाका साथै चाडपर्वअनुसार विभिन्न प्रकारका खानेकुरा खाने प्रचलन छ । जस्तै दसैँमा मासु, रोटी, केरा, तिहारमा रोटी, फलफूल, मासु, तीजमा दही, खिर, घिउ र माघे सङ्क्रान्तिमा खिचडी, रोटी, तरुल आदि खाने चलन छ ।

खानाका विविध प्रकार भए जस्तै लवाइमा पनि विविधता पाइन्छ । उमेरअनुसार र रुचिअनुसारका लुगा लगाउने चलन छ । समग्रमा भन्दा लोग्ने मानिसहरू दौरा सुरुवाल, टोपी, स्टकोट (आसकोट), पाइन्ट, जाँगे, कोट, धोतीजस्ता लुगा लगाउँछन् । त्यस्तै आइमाईहरूले धोती, चोलो, पटुका, पछ्यौरा लगाउँछन् भने सुनका गहनाहरू पनि लगाउने गर्छन् । स्कुले केटीहरूले कमिज, मिड्डी, कुर्ता पाउजामा (कुर्तासुरुवाल), पाइन्ट लगाउँछन् । मगर जातिका आइमाई र अन्य जातिका केही युवतीहरूले लुङ्गी र टिसर्ट पनि लगाउने गर्छन् ।

### २.५.८ चाडपर्व

गुल्मी जिल्लामा विभिन्न जातको बसोबास भए तापनि अधिकांश जनता हिन्दू धर्मावलम्वी छन् । मुख्य चाडपर्व दसैँ, तिहार, तीज हुन् । यी पर्व मनाउने तरिका सम्पूर्ण नेपालीले जस्तै मनाउँछन् । अन्य पर्वहरू पनि मनाइन्छ । जस्तै साउने सङ्क्रान्ति, हरिशयनी एकादशी, शिवरात्री र चैतेदसैँ जस्ता चाडपर्वहरू पनि मनाउने गरिन्छ ।

# अध्याय तीन

# लोकगीतको सैद्धान्तिक परिचय

## ३.१ विषयप्रवेश

यस अध्यायमा लोकसाहित्य र लोकगीतको चर्चा गर्न खोजिएको छ । यसमा पनि विशेषगरी लोकसाहित्यका विधाहरू र लोकगीतअन्तर्गत लोकगीतको उत्पत्ति, परिभाषा, विशेषता, विविधताको आधारमा यसको वर्गीकरण गरिएको छ भने नेपाली लोकगीतको अध्ययन-परम्परालाई पनि प्रस्तुत गरिएको छ ।

## ३.२ लोकसाहित्य र लोकगीत

'लोक' शब्द अङ्ग्रेजीको फोक (Folk) शब्दको समानार्थी शब्दका रूपमा प्रयोग गरिएको पाइन्छ । यसको प्रचलन प्राचीन समयदेखि विशिष्ट रूपमा भएको देखिन्छ । ऋग्वेद, उपनिषद्, ब्राह्मणग्रन्थ एवम् संहिताहरूमा 'लोक' शब्दलाई सर्वव्यापक तत्त्वका रूपमा स्वीकार गरिएको पाइन्छ । 'लोक' शब्दले सामान्यतया संसार वा जगत् भन्ने अर्थबोध गर्ने भए तापनि लोकसाहित्यसँगको यसको अर्थ स्पष्ट गर्दा यसले मानव-समाजको ग्रामीण परिवेशमा परम्पराको प्रवाहमा जीवित रहने वर्गलाई बुझाउँछ (थापा,२०३०:१०२) । यसरी हेर्दा 'लोक' शब्द संस्कृत शब्द हो र बौद्धिक अर्थ विशेष रूपमा बुझिन थालिएको छ, त्यो हो संवेदनशील र अनुभूतिशील जनसमुदाय । हाल आएर 'लोक' शब्द एउटा पारिभाषिक शब्द बनेको छ । अधिकांश विद्वान्हरू यसलाई साधारण जनसमाजको अर्थमा लिन्छन्, जसभित्र जाति, वर्ग, धर्म, संस्कृति आदि समेटिएको हुन्छ । लोकसाहित्यमा 'लोक' शब्दले जनता वा संसारको अर्थ ग्रहण गर्दछ । साहित्य शब्दले जनताको हितको निम्ति प्रयुक्त शिष्ट अभिव्यक्ति भन्ने अर्थ व्यक्त गर्दछ । यसरी समष्टि अर्थ लोक वा जनताको कल्याणको भावनाले अभिप्रेरित शिष्ट अभिव्यक्ति लोकसाहित्य हो भन्ने अर्थ प्रयुक्त भएको छ । लोकसाहित्यलाई ग्रामसाहित्य, अशिष्ट साहित्य आदिको संज्ञा दिइएको पाइन्छ । वास्तवमा लोकसाहित्यको प्रचलन गाउँमा बढी हुन्छ । शिक्षितभन्दा अशिक्षित व्यक्तिको माझमा लोकसाहित्यले व्याप्ति पाएको हुन्छ । लोकसाहित्यमा लोक तत्त्व प्रमुख रूपमा देखिन्छ भने शास्त्रीयता चाहिँ गौण भएर रहेको हुन्छ । लोकसाहित्य भन्नाले समाजको मस्तिष्क अथवा प्राण स्वरूप मौखिक रूपले जीवित भइरहेको अलिखित वाङ्मय हो । यसलाई समाजले पुर्ख्यौली साझा सम्पत्तिका रूपमा अङ्गीकार गरिराखेको हुन्छ (बराल, २०५५:४३१)। लोकसाहित्य मौखिक परम्परामा हुर्केको हुन्छ, कुन बेला कसले सिर्जना गऱ्यो भन्ने कुरा यसमा हुँदैन । लोकसाहित्य लोकको साहित्य अर्थात् लोकबाट आएको, लोकको भावनामा फुटेको र लोकमै मौलाएको अभिव्यक्ति हो । यसमा लोकमानसका समस्त क्रिया-प्रतिक्रिया गुन्जन्छन्, लोकको आत्मजीवन बोल्छ (पराजुली,२०५७:१०१)। यसरी लोकसाहित्यमा लोकजीवनका हाँसो, आँसु, हर्ष, विष्मात्, सुख-दुःखको अभिव्यक्ति भएको हुन्छ । लोकसाहित्यको इतिहास भाषाको इतिहाससँग गाँस्न सकिन्छ । लोकसाहित्य लोकको सहज र स्वच्छन्द अभिव्यक्ति हो, जुन लोकले सरल र स्वच्छन्द रूपले ग्रहण गर्दछ ।

लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मिठो र आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो (वर्मा, २०२०:७५०)। त्यसैले लोकसाहित्य अध्ययन गर्दै जाँदा जाति, समाज, संस्कृति र देशकै छवि यसमा झल्केको देख्न सकिन्छ । यसरी लोकमानसको शाब्दिक अभिव्यक्ति र लोकानुभूतिको सरल वाणीगत अभिव्यक्ति भएको, अज्ञात रचयिता, निरन्तर परिवर्तनशीलता, शास्त्रीय बन्धनबाट मुक्त रहेर लोकमर्यादामा आधारित मानवजीवनको हर्ष-विस्मात्, हाँसो-आँसु, सुख-दुःख, माया-प्रेम आदिको चित्रण सहजानुभूतियुक्त मौखिक साहित्य नै लोकसाहित्य हो । लोकसाहित्यका लोकगीत, लोककथा, लोकगाथा, गाउँखाने कथा, उखान, टुक्का जस्ता विविध विधाहरू छन् । यी विभिन्न विधाहरूमध्ये यहाँ लोकगीतको चर्चा गरिएको छ ।

## ३.३ लोकगीतको परिचय र परिभाषा

लोकसाहित्यका विधाहरूमध्ये सर्वव्यापी र सर्वप्रिय विधा लोकगीत हो । लोकसाहित्यकै महत्त्वपूर्ण पाटो लोकगीत हो । जात र समाजअनुसारका लोकगीत प्रचलनमा आउने गर्दछन् । लोकगीतकै रूपमा हेर्दा खास बाहुन समाजमा सिलोक, कविता, भजन, कीर्तन, सङ्गिनी आदि प्रचलित छन् । त्यसै गरी गुरुङ, मगर समाजमा घाटु, रोइला, सोरठी आदि गाइन्छ भने तामाङ र शेर्पा जातिको समाजमा सेलो गाइन्छ ।  यसरी लोकगीत जाति, समाज र ठाउँअनुसार फरक-फरक स्वरूपमा देखा पर्दै त्यस समाजको सुखदुःखको साथी बनेको हुन्छ । लोकगीतमा लोक र गीत यी दुई शब्द समस्त पदका रूपमा आएका छन् । अङ्ग्रेजी भाषाको फोक सङ (Folk Song) को पर्यायवाची शब्द लोकगीत हो । हिन्दी साहित्यकोशमा लोकगीतका निम्ति तीन अर्थ लगाइएको पाइन्छ - (१) लोकमा प्रचलित गीत (२) लोकनिर्मित गीत (३) लोकविषयक गीत (वर्मा,२०२०:७५०)। **नेपाली बृहत् शब्दकोश**ले लोकगीतलाई समाजमा बसोबास गर्ने जनताले निर्माण गरेका र परम्परादेखि चल्दै आएको लोकजीवनको लयात्मक अभिव्यक्ति हो भनेर चिनाएको छ (पोखरेल, २०५८:११२०)।

लोकगीतलाई परिचित गराउने सन्दर्भमा विभिन्न समयमा विभिन्न ग्रन्थहरूमा विद्वान्हरूले आआफ्नै किसिमले परिभाषा गरेको पाइन्छ । **नेपाली साहित्यकोश**मा लोकगीतलाई यस प्रकार परिभाषित गरिएको छ :

> नेपाली लोकसाहित्यको एक प्रमुख अङ्ग लोकगीत हो । यसलाई नेपाली प्राकृतिक कविता भने पनि हुन्छ । यसले आफ्नो रूप र विधा आफैले जन्माउँछ । यो सरल हुन्छ, सुबोध हुन्छ र लोकप्रिय हुन्छ । यसको कलेवरमा लोकजीवन छर्लङ्गिने ऐना हुन्छ । यसैले लोकगीत भनेको समष्टिको मनबाट जन्मिने कुरा हो । अतः लोकगीतमा कविता सिर्जना गर्ने कविहरूको नाम उल्लेख भएको पाईदैन । यसको संरचनामा कुनै पूर्वयोजना पनि हुँदैन (बराल,२०५५:४३६)।

यसैगरी भारतीय लोकसाहित्यका विद्वान् श्याम परमारले लोकगीत परम्पराको त्यो महानदी समान हो, जुन ससाना नदी मिलेर बनेको हुन्छ भनेका छन् (परमार, सन् १९५४:५३) । महाकवि लक्ष्मीप्रसाद देवकोटाले **मुनामदन**को 'सज्जनवर्गप्रति' भन्ने

उपशीर्षकमा "झ्याउरे भनी नगर हेला हे प्यारा सज्जन" भन्दै लोकगीतको झ्याउरे लयलाई महत्त्व दिएका छन् (देवकोटा,२०५४:भूमिका)।

यस प्रकारले भाव र लयले पूर्ण भएको मानव अन्तस्करणबाट बाहिर उद्दीप्त भएर प्रस्तुत हुने लयात्मक अभिव्यक्ति नै लोकगीत हो । यसैगरी वर्ल्ड युनिभर्सिटी इन्साइक्लोपेडियाले यस प्रकार परिभाषित गरेको छ - लोकगीत नाम विहीन साङ्गीतिक संरचना हो, जो कुनै गाउँ वा क्षेत्र विशेषमा प्रचलित रहेको हुन्छ, जुन अरू कुनै कलात्मक सङ्गीत कुनै प्रशिक्षित रचनाकारको भन्दा पृथक् हुन्छ । लोकगीत मौखिक रूपमा हस्तान्तरित भएको सङ्गीत हो । मुख्य रूपमा प्रेम, प्रणय, लडाइँ, देशभक्ति, बालगीत, सम्बन्धी गीतहरू लेकगीतका उदाहरणमा लिन सकिन्छ । लोकगीतलाई गाउँदा नाच्दै रमाइलो गर्दै अगाडि बढ्न सकिन्छ । जसरी अङ्ग्रेजी ब्यालेडको जस्तै लयबद्ध र नाच्न योग्य तथा विशेष गरेर लोकगीतमा सुरिलो मधुर गुणको विद्यमानताका कारण 'टेक' अथवा गीत नै दोहोराइए तापनि झन्झट वा दिक्दारी लाग्दो हुँदैन ।

लोकगीतका सन्दर्भमा धर्मराज थापा भन्छन् - लोकअनुभूति नै लोकगीत हो, जसले हृदयका उद्गारहरूलाई स्पष्ट र यथार्थ रूपमा प्रस्तुत गर्दछ । सुख-दुःखमा अलापिएका अभिव्यक्ति लोकमा गाइएका हुँदा यसको संज्ञा लोकगीत भयो । लोकगीतको माध्यमाट सङ्गीत प्रेमीलाई सङ्गीतको भावना जागृत गराउन सकिन्छ । चोखो लय र शब्दको प्रभावबाट उठी जनजीवनलाई प्रभाव पार्न सक्षम भएको छ लोकगीत (थापा,२०३०:भूमिका)। नेपाली लोकगीतका अध्येता सत्यमोहन जोशीले "लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो जुन मानवसमाजमा मातृभाषाको नाताले मानिसहरूमा नैसर्गिक रूपले सुख र दुःखको अनुभवमा दया, माया, प्रेमभाव अभिव्यक्त हुने बेलामा स्वयमेव उद्गारको रूपमा लयदार लवजमा काव्यमय शैली झैँ निस्कन्छ भनेका छन् (जोशी,२०१४:?)। नेपाली लोकसाहित्यका अर्का अध्येता काजीमान कन्दङ्वाले जनसमूहका दैनन्दिनका भावनाहरूलाई लयदार भाषामा बगेका गीतलाई लोकगीत भनेका छन् (कन्दङ्वा,२०२०:१०)। त्यसैगरी लक्ष्मण लोहनीले मानवीय क्रियाकलापसँगै बाह्रै महिना डम्फू, मादल, झ्याली, करताल, खैँजडी, मुजुरा आदि लोकवाद्यका रन्कोमा रोदीघरदेखि डाँडापाखाहरूमा गुञ्जने सुमधुर स्वरलहरीहरूलाई लोकगीत भनेका छन् (लोहनी,२०२२:१०)। आर्. डी. र एल्. एल्.ले नेपाली लोकगीत नेपाली गाउँघरे भावुक हृदयको स्पन्दनशील लयदार कवितामा सामूहिक ध्वनि हो भनेका छन् (आर्.डी. र एल्. एल्.,२०२३:४२) । कालीभक्त पन्तले नेपाली लोकगीतलाई दबाब र प्रलोभनमा नपरी स्वयं दुःखित वा प्रफुल्लित हृदयबाट प्रस्फुटित हुने लोकअभिव्यक्तिका रूपमा लिएका छन् (पन्त, २०२८:१७) ।

लोकगीत एउटै विषयवस्तु एउटै स्वरलहरी र कुनै व्यक्ति विशेष तथा कुनै भू-खण्डमा मात्र सीमित नहुने हुँदा तिनलाई एउटै परिभाषामा समेट्न सम्भव छैन । उपर्युक्त विद्वान्हरूका परिभाषामा पनि एकरूपता आउन सकेको छैन । कसैले अर्थलाई जोड दिएका छन् भने कसैले लयलाई । वास्तवमा लोकगीत आफ्नो सांस्कृतिक परिवेशअनुरूप समकालीन सामाजिक चेतनाको लयात्मक रूपमा हुने अभिव्यक्ति हो । लोकगीतले निर्वैयक्तिकता, तीव्रता, गेयात्मकता, सरलता, मार्मिकता, रागात्मकता, विश्व-व्यापकता आदि विशेषता बोकेको हुन्छ । बौद्धिकताको सञ्जालबाट लोकगीत टाढै रहन्छ भने यसमा हार्दिक पक्षको

वर्चश्व रहेको हुन्छ । यसमा भाषा लयात्मक हुन्छ । भावनाका साथै सङ्गीतात्मकताको समन्वय पाइन्छ । यसै सन्दर्भमा समालोचक दयाराम श्रेष्ठले लोकगीतहरू आकारमा छोटो, गाउन र कथ्न सजिला मनोरञ्जन तथा तुरुन्तै प्रभाव उत्पन्न गराई हँसाउन वा रुवाउन सक्ने हुनाले सर्वसाधारणमा पनि यी लोकप्रिय बनेका छन् भन्ने धारणा राखेका छन् (श्रेष्ठ,२०३८:१५)। यी सबै विद्वान्का परिभाषालाई समेटेर भन्नुपर्दा लोकगीत समाजमा आदिकालदेखि मौखिक रूपमा भनिँदै र सुनिँदै सामूहिक रूपमा विचरण गर्दै रहेको लोकको साझा सम्पत्ति भएको अनुपम लयात्मक अभिव्यक्ति हो । लोकसमाजको प्रतिबिम्ब लोकगीत भएकोले यसमा लोकसमाजका सुख-दुःख, हाँसो-आँसु, हर्ष-विस्मात्, घात-प्रतिघात, मिलन-बिछोड, माया-प्रेम, विरह आदि भावहरू प्रतिबिम्बित भएका हुन्छन् । लोकगीतमा समाजको यथार्थ चित्रण गरिएको हुन्छ, त्यसैले लोकगीत समाजमा सर्वाधिक चर्चित बन्न पुगेको हो । लोकगीतको आत्मा भनेको नै लोकसङ्गीत हो र यो शास्त्रीय सङ्गीतको मूल स्रोत पनि हो भनेर ठोकुवाका साथ भन्न सकिन्छ ।

## ३.४ लोकगीतका विशेषताहरू

लोकसाहित्यका विभिन्न विधामध्ये सर्वाधिक चर्चित विधा लोकगीत हो । समाजमा घट्ने जस्ता सुकै घटना, मानिसको रहनसहन तथा रीतिरिवाज, जीवनमा भोगिने अनेक अवस्था आदिको चित्रण लोकगीतमा गरिएको हुन्छ । लोकगीतको कोमल तथा कठोर दुवै प्रकारको जीवन भोगाइाट निस्कने कल्पना र यथार्थका विविध पक्षलाई समेटेको हुन्छ । नेपाली लोकगीत खेतीपातीमा व्यस्त हुँदा थकाइ मेट्ने साधनको रूपमा प्रयोग भएको हुन्छ । त्यस्तै घाँस-दाउरा जाँदा, गाई गोठाला जाँदा, रामरमितामा रमाइलो गर्न आफ्ना मनका सुख, दुःखलाई व्यक्त गर्न, चिन्तित भएको बेला मन बुझाउन लोकगीत गाउने गरिन्छ । लोकगीत केटाकेटीदेखि लिएर बूढाबूढीसम्मकाले निकै रुचिका साथ गाइने र सुनिने गरिन्छ । केटाकेटीले खेल्दा गीत गाएर रमाउने, युवायुवतीले मायाप्रीति साटासाट गर्ने र बुढ्यौलीमा परत्र सुधार्न गाइने गरिन्छ । परम्परादेखि प्रचलनमा रहेका लोकगीतको क्षेत्र व्यापक भएकाले यसका विशेषता यति नै हुन्छन् भन्न सकिँदैन । यहाँ लोकगीतका मुख्यमुख्य विशेषतालाई बुँदागत रूपमा चर्चा गरिएको छ ।-

### (क) मौखिक परम्परा

लोकगीत लेख्य रूपमा नभएको मौखिक परम्परामा चल्ने लोकप्रिय विधा हो । लोकगीतलाई लिपिबद्ध गरेर सङ्कलन गर्न सकिए तापनि रच्न भने सकिँदैन । लोकगीत एक जिब्रोबाट अर्को जिब्रोमा एउटा गाउँबाट अर्को गाउँमा, एक ऋतुबाट अर्को ऋतुमा सर्दै प्रवाहित हुँदै आउँछ । त्यसैले लोकगीत गतिशील र परिवर्तनशील हुन्छ । मौखिक परम्परामा हुर्कनु र विस्तार हुनु लोकगीतको प्रमुख विशेषता हो ।

### (ख) अज्ञात रचयिता

लोकगीतको रचना यसैले गरेको हो भन्ने कुनै निश्चित हुँदैन । लोकगीत समय-सीमालाई नाघेर निरन्तर प्रवाहमा बग्दै जान्छ र यसको स्रष्टा पार्श्वभूमिमा नै छिपेको हुन्छ । त्यसैले लोकगीत कुनै व्यक्तिको रचना नभई लोकको रचना हो । गाउँले जीवनको स्वतस्फूर्त अभिव्यक्तिका रूपमा आएको लोकगीत गतिशील हुन्छ । समयको गतिसँगै एक

पुस्ताबाट अर्को पुस्ता, एक ठाउँबाट अर्को ठाउँ सर्दै जाँदा यसले आफूमा पनि लगातार परिवर्तन ल्याएको हुन्छ । परिवर्तन हुँदै आए तापनि यसको मूल भावनामा भने आमूल परिवर्तन  हुँदैन । त्यसैले लोकगीतको रचयिता अज्ञात हुन्छ र प्रत्येक पुस्ता र भेगमा सर्दा यसको बाह्य र आन्तरिक कलेवरमा समेत सूक्ष्म रूपले परिवर्तन देखापर्दछ । लोकगीत पहिले नै लिपिबद्ध नहुने हुँदा यसमा रचनाकारको महत्त्व गौण हुन्छ र यो परिवर्तन पनि भइरहन्छ । यसरी रचयिता वा गीतकार अज्ञात रहनु लोकगीतको मुख्य विशेषता हो ।

### (ग) सामूहिक भावभूमि

लोकगीत लोकजीवनको सामूहिक अभिव्यक्तिको माध्यम हो । एक ठाउँमा चलेको लोकगीतलाई एउटा व्यक्तिमा मात्र सीमित नभएर त्यो त त्यस समाजको सामूहिक सम्पति ठहर्छ । लोकगीतमा जसले गाए पनि पीडा र उल्लास भने सामूहिक रूपमा प्रभाव पर्ने गर्दछ । लोकगीतमा मानवीय भावनालई सामूहिक रूपमै व्यक्त गरिएको हुन्छ । बौद्धिकता भन्दा हार्दिक पक्षलाई बढी जोड दिने हुनाले लोकगीत निकै लयदार हुन्छ । लोकगीत सामाजिक उपजमा प्रस्फुटन हुने हुनाले सामूहिक भावभूमि लुकेको हुन्छ । त्यसैले लोकगीत व्यक्तित्वविहीन भएकाले यसले वैयक्तिकताबाट माथि उठेर सामूहिकताको निर्माण गर्दछ ।

### (घ) सहजता र स्वाभाविकता

लोकगीत जहिले पनि लोकभावनामा आधारित हुन्छ । लोकगीतको सिर्जना सहज रूपमा हुने गर्छ । लोकगीत स्वस्फूर्त रूपमा सिर्जित भएको हुन्छ । त्यसैले लोकगीत समाज र जातिको जीवित इतिहास हो । यो क्षणिक आवेश र सस्तो मनोरञ्जनको साधन मात्र होइन । यद्यपि लोकगीतमा किशोर-किशोरी र युवायुवतीका प्रेम, उल्लास र वेदना मुखरित भएका हुन्छन् (त्रिपाठी,२०३२:३)। लोकगीतमा मानिसको कानलाई मात्र होइन, मनलाई पनि सुख र प्रेरणा दिन सक्ने क्षमता लुकेको हुन्छ । यसको अभिव्यक्तिको आधार पनि लोकभावनालाई अँगालिने सरलता र सहजता नै हो । त्यसकारण प्रत्येक समाज र जातिको जीवित इतिहास सहज र स्वाभाविक रूपमा लोकगीतमा अभिव्यक्त भएको हुन्छ ।

### (ङ) मौलिकता र सरलता

लोकगीत स्वभावैले स्वच्छ, सरल हुन्छ । यदि यसो हुँदैनथ्यो भने लोकमानसले सहज रूपमा पचाउन सक्दैनथ्यो । लोकगीतमा प्रयुक्त भाषामा आफ्नै पन र विशेषता रहेको हुन्छ । यसको भाषा हृदयका उद्‌गार एवं झङ्कार व्यक्त गर्न पर्याप्त सक्षम रहेको हुन्छ । लोकगीतमा व्यक्त हुने लयले सहजै हृदयलाई छुन सकेको हुन्छ । त्यसैले लोकगीत मौलिकपनाले छताछुल्ल भएर रहेको हुन्छ । यसमा बनावटी र पूर्वनिश्चित सिद्धान्त रहेको हुँदैन । जस्तो अवस्था छ, त्यसै प्रकारका लोकगीत प्रस्फुटन हुने गर्दछ । यही विशेषताले लोकगीतमा भाव सजिलैसित बुझ्न र ग्रहण गर्न सकिन्छ ।

### (च) प्रश्नोत्तर प्रवृत्ति

लोकगीतमा प्रश्नोत्तर प्रवृत्ति पनि रहेको हुन्छ । झ्याउरे (झाम्रे) युगल गीत प्रश्नोत्तरप्रधान लोकगीत हुन् । एक पक्षले प्रश्न गर्ने र अर्को पक्षले उत्तर दिने, सुन्ने मानिसलाई अब के उत्तर आउँछ ? भन्ने जिज्ञासा र कौतूहलता जति पनि सिर्जना भएको हुन्छ । यी प्रश्नोत्तर प्रधान गीतमा सीधा प्रश्न र उत्तर हुने गर्छन् र ती सहज तथा रागात्मक भएर सामाजिक भावनासँग सम्बद्ध हुन्छन् । दोहोरी खेल्दा गीतमा अति छिटो उत्तर बनाइन्छ वा प्रश्न बनाइन्छ । धेरै समय नलाग्ने र गाइरहुँ र सुनिरहुँ जस्तो लाइरहने लोकगीतको विशेषता हो ।

### (छ) स्वच्छन्दता

लोकगीत लोकजीवनको सहजानुभूतियुक्त हार्दिक अभिव्यक्ति हो । लोकगीत कुनै पनि नियम एवम् शास्त्रीय विधानका अनुशासनमा नबाँधिई लोकजीवनले आफैँले पहिल्याएको गति, यति र लयमा प्रवाहित भइरहेको हुन्छ । लोकगीतलाई कुनै नियम बन्धनमा राख्नु पनि उचित कुरो होइन । लोकसर्जकहरूको अनुभूतिमा निःसृत हुने भएकाले नै लोकगीतमा लय पनि लोकजीवनमै समाहित हुन सक्दछन् । यिनै कारणले गर्दा लोकगीतको अभिव्यक्ति स्वच्छन्द हुन्छ ।

### (झ) पुनरावृत्ति र थेगोको प्रयोग

लोकगीतमा प्रत्येक चरणपछि भइरहने पुनरावृत्तिलाई टेक, रिटक आदि भनिन्छ । लोकगीतको पहिलो पङ्क्ति प्रायः दोहोऱ्याएर गाइन्छ । गाउने क्रममा अनेक किसिमका थेगो प्रयोग गर्ने गरिन्छ । थेगो वा रहनीको प्रयोगले गर्दा लोकगीत अत्यन्तै रसिलो पनि हुन्छ ।

## ३.५ लोकगीतको महत्त्व

कुनै पनि समाजमा लोकगीतको महत्त्व रहेको हुन्छ । साहित्यको विकासको पहिलो खुट्किलो लोकसाहित्य हो । यसमा पनि जेठो विधा लोकगीत हो । समाजमा घट्ने यावत् घटनाहरू, समाजको रोदन-क्रन्दन, हाँसो, माया-प्रेम, आस्था, धारणा आदि मानवीय अनुभूति लोकगीतमा प्रस्फुटन हुने हुँदा यसको महत्त्व अवर्णनीय छ । लोकगीतले समाजको विभिन्न पक्षलाई छोएको र उतारेको हुन्छ । कुनै पनि समाजको इतिहास निर्माणमा लोकगीतको महत्त्वपूर्ण भूमिका रहन्छ । पुर्खादेखि चलेका चलन, भोगेको सुख, रीतिस्थिति र प्रमुख घटनाहरू लेकगीतमा रहँदै आएका हुन्छन् । लोकगीतको माध्यमबाट त्यस समाजमा प्रचलित भाषाको अध्ययन गर्न सहयोग पुग्छ । लोकगीतमा झर्रा तथा ठेट शब्दहरूको प्रयोग हुने हुँदा त्यस भाषाको स्तर निर्धारण गर्न लोकगीतले ठूलो भूमिका खेल्दछ । त्यसैगरी समाजको सांस्कृतिक पक्षको उद्घाटन पनि भएको हुन्छ । समाजका विभिन्न जाति, तिनीहरूको रहनसहन, सामाजिक तथा मानवीय क्रियाकलाप उनीहरूले गाउने लोकगीतमा पाइन्छ । यसरी लोकगीतले सामाजिक जीवनको चित्रण गर्ने, समाजलाई एकजुट पार्ने वा सामाजिक परम्परालाई बलियो पार्ने हुँदा समाजमा लोकगीतको निकै महत्त्व छ ।

## ३.६ लोकगीतको वर्गीकरण

लोकगीत लोकसाहित्यको निकै सम्पन्न विधा भएकाले यसको क्षेत्र अत्यन्त व्यापक छ । त्यसैले पनि यसको वर्गीकरण गरेर विभाजनको अठोट गर्नु निश्चय नै कठिन छ । लोकगीतको अध्ययन र अनुसन्धान गर्ने प्रत्येक विद्वान्ले आ-आफ्नै दृष्टिकोणले यसको वर्गीकरण गरेका छन् । अन्य देशमा लोकगीतको वैज्ञानिक अध्ययन धेरै भए तापनि नेपालमा भने खासै अध्ययन हुन सकेको छैन । त्यसैले नेपाली लोकगीतको वैज्ञानिक अध्ययन नभएकोले यसको खोज र अध्येताहरूले यसलाई आफ्नै तरिकाले वर्गीकरण गरेका छन् । लोकगीतमा विविधता बहुरूपता र नित्य नवीनता देखिनाले यसको वर्गीकरण गर्दा कुनै विद्वान्ले आफू भन्दा पहिलेका विद्वान्ले गरेका वर्गीकरणलाई आलोचना गर्दै आफ्नो धारणानुसार नयाँ वर्गीकरणलाई पेस गरेका छन् तर कुनै पनि विद्वान्ले गरेको वर्गीकरणलाई सर्वसम्मत र वैज्ञानिक भने मान्न सकिने स्थिति छैन । यस सन्दर्भमा विदेशी तथा स्वदेशी विद्वान्हरूले गरेका लोकगीतको वर्गीकरणलाई यहाँ प्रस्तुत गरिएको छ ।

भारतीय लोकसाहित्का प्रसिद्ध विद्वान् कृष्णदेव उपाध्यायले लोकगीतको (१) लोकगीत गाइने संस्कार (२) रसानुभूति प्रणाली (३) ऋतु र व्रत (४) क्रियागीत र (५) जाति गीत गरी पाँच आधारमा वर्गीकरण गरेका छन् (उपाध्याय, सन् १९५७:२७)। सन्तराम अनिलले रस, राग, कथावस्तु र अवसरको अनुकूलता गरी चार भागमा वर्गीकरण गरेका छन् (अनिल, सन् १९७५:४४)। यिनले आफ्ना वर्गीकरणमा गायनलाई आधार लिएका छैनन् । त्यसै गरेर स्वर्णलताले विषयवस्तुको आधारमा लोकगीतलाई चार भागमा वर्गीकरण गरेकी छन् - (१) संस्कार गीत (२) व्यावसायिक गीत (३) आवसरिक गीत (४) वैलासिक वा मनोरञ्जनसम्न्धी गीत (स्वर्णलता, सन् १९७९:४५)। यस वर्गीकरणमा भने सैद्धान्तिक आधार देखिन्छ किनभने यसमा प्रायः सबैजसो प्रचलित लोकगीतहरू समावेश भएका छन् । लोकगीतमा देखिएको आलोच्य दृष्टिकोणलाई साम्य पार्न तथा वैज्ञानिक अवधारणानुरूप वर्गीकरणको आधार प्रस्तुत गर्न श्रीराम शर्माले लोकगीतको वर्गीकरण गर्दा गायक वर्गका आधार, गाउने वातावरण, गायन पद्धतिको आधार र लोकगीतको रूपात्मक विविधताको आधारजस्तो तथ्यलाई ध्यानमा राख्नुपर्ने कुरा बताएका छन् (शर्मा, सन् १९८१:६४)। यसरी भारतीय विद्वान्हरूले विभिन्न आधारमा लोकगीतलाई वर्गीकरण गरी देखाएका छन् ।

लोकगीतको वर्गीकरण गर्ने क्रममा नेपाली विद्वान्हरूले पनि आ-आफ्नै धारणा राखेका छन् । अर्का लोकसाहित्यका अध्येता सत्यमोहन जोशीले नेपाली लोकगीतको विवेचना गर्दै यसलाई सामयिक लोकगीत (ऋतु, मौसम वा चाडअनुसार गाइने) र सामान्य (जहिले पनि गाउन सकिने) गरी दुई भागमा वर्गीकरण गरेका छन् (जोशी,२०१४:१४५)। यसै गरी काजीमान कन्दङ्वाले नेपाली लोकगीतलाई जनगीत वा जनकविता भन्दै लोकगीतको प्रस्तुतीकरणलाई आधार मानेर यसको वर्गीकरण सकर्मक र अकर्मक गरी दुई भागमा गरेका छन् (कन्दङ्वा,२०२०:१३)। समालोचक ईश्वर बरालले अवस्था अनुरूप ऋतु परिस्थितिलाई आधार मानेर नेपाली लोकगीतलाई मादले, रोदी, छोकडा, टप्पा लवरी, मालश्री, सिलोक, सँगिनी, गाइने, जुवारी, सवाई, कलन, भैलो, देउसी, रत्यौली बाह्रमासे, प्रभागी, निर्गुण, भ्याउरे गरी १८ भागमा वर्गीकरण गरेका छन् (बराल, २०१०:९७-११०)। यस वर्गीकरणले विस्तृत आकार लिएको देखिन्छ । यिनको यो वर्गीकरणलाई वर्गीकरण भन्नु भन्दा सङ्कलित लोकगीतको टिपोट भन्नु युक्तिपूर्ण देखिन्छ । यसैगरी समालोचक दयाराम श्रेष्ठले (१)

संस्कार सम्बन्धी लोकगीत (२) ऋतुकालीन लोकगीत (३) क्रियासम्बन्धी लोकगीत (४) विविध लोकगीत गरी चार प्रकारमा वर्गीकरण गरेका छन् (श्रेष्ठ,२०३८:१५)। धर्मराज थापा र हंसपुरे सुवेदीले लोकसाहित्यको चर्चा गर्दा लोकगीतको वर्गीकरण सातवटा आधारमा गरेका छन् । ती हुन् (१) सामान्य गीत (२) ऋतु वा व्रतसम्बन्धी गीत (३) संस्कारगीत (४) कर्मगीत (५) पर्वगीत (६) लोकनृत्य वा नृत्यगीत र (७) विविध गीत (थापा र सुवेदी,२०४१:९४)। यसैगरी कृष्णप्रसाद पराजुलीले लोकगीतको विषयात्मक वर्गीकरण गर्दै वर्षचक्र र जीवनचक्रसम्बन्धी लोकगीत गरी दुई किसिमका लोकगीतका बारेमा चर्चा गरेका छन् । वर्षचक्र लोकगीतलाई बाह्रमासे लोकगीत र ऋतुकालीन लोकगीत गरी दुई भेद देखाएका छन् । ऋतुकालीन लोकगीतलाई पनि पर्वगीत र कर्मगीत गरी विभाजन गरेका छन् भने अर्कोतिर जीवनचक्रसम्बन्धी लोकगीतलाई संस्कारगीत, उमेर अवस्थासम्बन्धी गीत र नृत्यगीत गरी तीन भेद देखाएका छन् (पराजुली, २०५१:१६)। यस प्रकार विभिन्न विद्वान्द्वारा गरिएको लोकगीतको वर्गीकरणबाट लोकगीतको पहिचान गर्न सजिलो भएको छ । यिनै वर्गीकरणको ढाँचालाई हेरेर नेपाली लोकगीतको वर्गीकरण निम्नलिखित आधारमा गर्नु सान्दर्भिक देखिन्छ ।-

### (क) विषयवस्तुका आधारमा

लोकगीतको विषयवस्तु समाज, समय, प्रसङ्ग आदिले गर्दा फरक-फरक हुन्छ । नेपाली लोकगीतलाई हेर्दा खाँडो, कर्खा धार्मिक तथा ऐतिहासिक विषयवस्तुमा आधारित हुन्छन् । भैलो, देउसी रत्यौली, तीजेगीत, झ्याउरे, ख्याली आदिमा सामाजिक विषयवस्तु बढी हुन्छ भने बालन, घाटु, सोरठी, भजन आदि पौराणिक विषयवस्तुमा आधारित हुन्छन् । यसरी विषयवस्तुका आधारमा लोकगीतलाई सामाजिक, प्रणयपरक, ऐतिहासिक र पौराणिक गरी विभाजन गर्न सकिन्छ । समाजलाई विषयवस्तु बनाइएका गीत सामाजिक गीत हुन् भने मायाप्रेमलाई अधार बनाइएका गीत प्रणयगीत हुन् । इतिहासका घटना-परिघटनाहरूलाई आधार बनाइएका गीत ऐतिहासिक हुन् भने वेद, पुराण, उपनिषद् आदिलाई विषयवस्तु बनाइएका गीत पौरणिक गीत हुन् ।

### (ख) कर्मका आधारमा

लोकगीत काम विशेषमा गाउने गरिन्छ । विभिन्न काम गर्दा विभिन्न लोकगीत गाइन्छ । जस्तै :- असारमा रोपाइँ गर्दा असारे, साउनमा कोदो रोप्दा साउने, दाइँ हाल्दा दाइँगीत, घाँस काट्दा गाइने घाँसे गीत आदि लोकगीतहरू काम विशेषले गाउने गरिन्छ ।

### (ग) स्वरूपका आधारमा

स्वरूपका आधारमा लोकगीतलाई धेरै प्रकारका मानिने गरिए तापनि मुख्य रूपमा तीन प्रकारका मान्ने गरिन्छ । लोकगीतमा प्रयुक्त आख्यानलाई आधार मानेर हेर्दा आख्यानयुक्त, आख्यानमुक्त र फुटकर गरी तीन प्रकारका लोकगीत हुन्छन् । त्यसैगरी आकारका आधारमा हेर्दा मध्यम आकार, लघु आकार र लघुतम आकारका गरी तीनै आकारका लोकगीतहरू पाइन्छन् ।

### (घ) उमेर, लिङ्ग र जातिका आधारमा

लोकगीत उमेर अवस्थानुसार गाउने गरिन्छ । बालकहरू बालगीत गाउँछन् भने युवायुवतीले मायाप्रीति, विरह-वेदना, मिलन-बिछोडका गीत गाउँछन् । युवायुवतीले गाउने लोकगीतमा शृङ्गारिक भावधारा बढी मात्रामा पाइन्छ । त्यस्तै बृद्ध-बृद्धाहरूले परत्र सुधार्न र रमाइलो गर्न विशेष गरेर भजन, घाटु, बालन, सोरठी, सिलोक आदि गाउँछन् ।

लिङ्गको आधारमा पनि लोकगीत गाउने गरिन्छ । विवाहमा गाइने रत्यौली, तीजमा गाइने तीजेगीत आदि महिलाहरूमा मात्र सीमित हुन्छ । त्यस्तै खाँडो, मालश्री, दाइँगीत, सराएँ आदि गीतमा प्रायः पुरुषहरूको मात्र सहभागिता हुने गर्दछ । यसैगरी जातिको आधारमा पनि लोकगीत गाउने गरिन्छ । सिलोक, चुट्का, भजन आदि ब्राह्मण, क्षेत्रीले गाउने गर्छन् । सोरठी, घाटु आदि मगर, गुरुङ आदिले गाउँछन् भने गाथा र कर्खा विशेष गरी गन्धर्वहरूले गाउने गर्छन् । लोकगीतमा झ्याउरे भने सबै जातिले गाउने गर्दछन् ।

### (ङ) प्रस्तुतिका आधारमा

लोकगीतको पनि आफ्नै प्रकारको प्रस्तुति हुन्छ । यस अर्न्तगत कण्ठ्यगीत, वाद्यगीत र वाद्यनृत्यगीतलाई लिन सकिन्छ । कण्ठ्यगीतको लागि वाद्यवादनको आवश्यकता पर्दैन । वाद्यगीत गाउन वाद्यवादनको आवश्यकता पर्दछ । वाद्यनृत्यगीतमा वाद्यवादनसहित गीत गाइन्छ र नाचिन्छ । घाँसे गीत वाद्यवादन विना नै गाउने गरिन्छ भने झ्याउरे गीत मादलका साथ गाइन्छ र नाचिन्छ पनि । त्यस्तै भजन र भैलो गाउँदा खैंजेडी, मुजुरा, मादल र मुरलीका साथमा गाउने गरिन्छ ।

### (च) गायनका आधारमा

गायनका आधारमा लोकगीतलाई एकल, युगल र समूह गरी तीन भागमा विभाजन गर्न सकिन्छ । कुनै गीत एक जनाले मात्र गाउने गरिन्छ भने त्यसलाई एकल गीत भनिन्छ । कुनै गीत गाउँदा दुईजना मिलेर गाइन्छ भने त्यसलाई युगल गीत भनिन्छ र कुनै गीत गाउँदा धेरै जना मिलेर समूहमा गाइन्छ भने त्यसलाई समूह गीत भनिन्छ । सुनिमाया एकल गीत हो भने झ्याउरे युगल गीत हो र भजन, देउसी, भैलो समूहगीत हुन् ।

### (छ) रसभावका आधारमा

लोकगीत विशेष गरी मनोरञ्जनका लागि गाउने गरिन्छ, तापनि कुनै बेला विरह-वेदनाले आक्रान्त बनेर पनि लोकगीतको माध्यमबाट मन शान्त पार्ने प्रयास गरिन्छ । यसरी हेर्दा हास्य, वीर, शान्त, करुण, शृङ्गार आदि रसभावका आधारमा पनि लोकगीतको वर्गीकरण गर्न सकिन्छ ।

## ३.७ नेपाली लोकगीतको अध्ययन-परम्परा

भाषाको विकाससँगै लोकजीवनले आफ्ना मनका भावनालाई लोकगीतका माध्यमबाट पोख्न थालेको हो । लोकगीतको अस्तित्व वैदिक समयदेखि नै रहेको पाइन्छ । एकातिर स्तुतिपरक गीतहरू शिष्ट (लेख्य) साहित्यका रूपमा किसित हुँदै आएका देखिन्छन्

भने अर्कोतिर लोकपरम्परामा लोकगीतका रूपमा पनि विकसित हुँदै आएको पाइन्छ । यस हिसाबले हेर्दा लोकगीतको अस्तित्व धेरै पहिलेदेखि रहँदै आएको बुझिन्छ । लोकगीतको प्रचलन भाषाको उद्‌भाव-कालदेखि नै भएको हो । त्यसैले नेपाली भाषाको उद्‌भवबारे एघारौँ-बाह्रौँ शताब्दीदेखिकै अभिलेखको चर्चा गर्ने प्रयासहरू भए पनि हालसम्म आधिकारिक प्राचीनतम अभिलेखका रूपमा १३१२ को अशोक चल्लको अभिलेखलाई मानिएको छ । रिपु मल्लका पिता नाग मल्ल थिए र उनका समयमा रोपाइँ गर्दा भागेश्वरी ढुस्को गाइन्थ्यो, जसलाई नेपाली लोकगीतको पहिलो नमुना मान्न सकिन्छ (पन्त,२०३२:१) । यस लोकगीतमा राजा नाग मल्ल र भागेश्वरी देवताको बीच भएको झगडाको संवाद पाइन्छ । नाग मल्लका समयमा गाइएका अन्य मौखिक लोककाव्यका नमुना पनि उपलब्ध छन् । तिनै मौखिक लोककाव्यका नमुनाका आधारमा नेपाली लोकगीतको मौखिक परम्परा पन्ध्रौं शताब्दीदेखि सुरु भएको अनुमान गर्न सकिन्छ । लोकगीतको मौखिक परम्पराका अतिरिक्त लहरी, सवाई, झ्याउरे आदि लोकलयमा लेखिएका साहित्यिक रचनाले पनि ठूलो योगदान दिएका छन् । यस्ता लोकलयमा लेखिएका रचनाहरूमा वसन्त शर्माको समुद्रलहरी, सन्त ज्ञानदिलदासको उदयलहरी, कृष्णप्रसाद रेग्मीको वीरलहरी, दानराज लामिछानेको बाह्रमासा आदि पर्छन् । यी खण्डकाव्य स्तरका रचना हुन् तापनि यिनमा एकातिर गेयात्मकता छ भने अर्कोतिर काव्यात्मकता पनि छ । अन्य झ्याउरे र लहरी छन्दमा लेखिएका पनि पाइन्छन् । अश्लीलताको मात्रा सुधारिएको कृतिहरूमा महानन्द सापकोटाको मदनलहरीले झ्याउरे लोकछन्दलाई राष्ट्रिय स्तरमा चिनाएको देखिन्छ भने महाकवि लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन**ले झ्याउरे लोकगीतप्रति आस्था र श्रद्धा वढाइदिएको छ ।

नेपाली लोकगीतको २००३ पूर्व मौखिक रूपमै बाँचेको थियो भन्दै बाबुराम आचार्यले कालान्तरमा मात्र लोकगीत लिखित रूपमा आएको प्रसङ्ग उल्लेख गरेका छन् (आचार्य,२०४३:१)। यसै समयदेखि केही व्यक्तिहरू लोकगीतको सङ्कलन र अध्ययनतिर लागेको देखिन्छ । २००३ सालको **शारदा** पत्रिकामार्फत् धर्मराज थापा र सत्यमोहन जोशीले नेपाली लोकगीतको सङ्कलनमा पहिलो काम गरे ।

२००७ सालको परिवर्तन पश्चात् प्रजातन्त्रको स्थापनासँगै रेडियो नेपालको पनि स्थापना भयो । त्यसपछि रेडियोबाट विभिन्न कलाकारको स्वरमा लोकगीत प्रसारण हुन थाले र लोकगीतप्रति धेरै व्यक्तिको रुचि बढ्न गयो । यसरी नेपाली लोकगीतको सङ्कलन र अध्ययनमा रेडियो नेपालको महत्त्वपूर्ण भूमिका रहेको छ । त्यस्तै संस्थागत रूपमा धर्मराज थापा, पासाङ गोपर्मा, काजीमान कन्दङ्वा आदिको सक्रियतामा २००९-१० मा स्थापित लोकगीत सङ्ग्रहालय, रोयल नेपाल एकेडेमी (हाल नेपाल प्रज्ञा-प्रतिष्ठान), (नेपाल राष्ट्रिय विद्यापीठ -वि. सं २०२७-२८), सांस्कृतिक संस्थान, रत्न रेकर्डिङ संस्थान आदि संस्थाहरूको स्थापनाले लोकगीतको अध्ययनमा महत्त्वपूर्ण भूमिका खेलेको छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गत उच्च शिक्षाको नेपाली पाठ्यक्रममा लोकसाहित्य समाविष्ट गरेर त्यसअन्तर्गत लोकगीतको पनि अध्ययन गर्न सकिने व्यवस्था भएको हुनाले लोकगीतको अध्ययनमा थप टेवा पुगेको देखिन्छ । यसका अतिरिक्त व्यक्तिगत रूपमा थुप्रै विद्वान्हरूले राष्ट्रिय र क्षेत्रीय स्तरमा लोकगीतको अध्ययन गरेका छन् । नेपाली लोकगीतको सङ्कलन र अध्ययन कार्यमा विशेष योगदान दिने व्यक्तिहरूमा धर्मराज थापाको नाम अग्र स्थानमा आउँछ । उनले राष्ट्रिय तथा क्षेत्रीय स्तरका लोकगीतको अध्ययन गरी थुप्रै पुस्तकहरू प्रकाशनमा ल्याएका छन् । उनले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको भ्रमण गरी **मेरो**

**नेपाल भ्रमण** (२०१६) नामक कृति प्रकाशनमा ल्याएका छन् । उनको अर्को कृति **हाम्रो लोकगीत** (२०२०) मा लोकगीतको भौगोलिक र सामाजिक पक्षलाई देखाएका छन् । उनकै **गण्डकीका सुसेली** (२०३०) मा भने गण्डकी, लुम्बिनी र धवलागिरी अञ्चलका लोकगीतका भेदहरूका बारेमा विस्तृत विवरण दिएका छन् । धर्मराज थापा र हंसपुरे सुवेदीको संयुक्त लेखनमा आएको **नेपाली लोकसाहित्यको विवेचना** (२०४१) मा नेपाली लोकसाहित्यको विभिन्न विधालाई विस्तृत रूपमा चर्चा गरिएको छ । नेपाली लोकगीतको अध्ययन गर्ने अर्का व्यक्ति सत्यमोहन जोशी हुन् । उनले **हाम्रो लोकसंस्कृति** (२०१४) नामक कृतिमा चुड्का, बालन, मारुनी, सोरठी, घाटु, दोहोरी, देउसी, सँगिनी, कर्खा आदि नेपालका लोकगीतको चर्चा परिचर्चा र तिनको उदाहरणसहित व्याख्या गरेका छन् । त्यसैगरी काजीमान कन्दङ्वाले **नेपाली जनसाहित्य** (२०२०) मा नेपालका लोकगीतलाई वर्गीकरण गरी अध्ययन गर्ने काम गरेका छन् । यसै गरी आर्. डि. र एल्. एल्. को **नेपालका विभिन्न जाति र लोकगीत एक परिचय** (२०३३) मा नेपालका विभिन्न जातिले गाउने केही लोकगीतको सामान्य परिचय दिने काम गरेका छन् । यसका साथै लोकलयको उत्पत्ति तथा प्रसार र लोकगीतको महत्त्वमाथि पनि प्रकाश पारेका छन् । कालीभक्त पन्तले **हाम्रो सांस्कृतिक इतिहास** (२०२८) तथा **गीतसुधारको बाटोमा** लोकगीतको व्यवस्थित अध्ययन नभए पनि ऐतिहासिक सामग्री भने पर्याप्त दिएका छन् । त्यसैगरी कृष्णप्रसाद पराजुलीको **नेपाली लोकगीतको आलोक** (२०५७) मा नेपाली लोकगीतको विस्तृत अध्ययन गर्ने प्रयास गरिएको छ । यसमा विभिन्न किसिमका नेपाली लोकगीतलाई सङ्कलन गरी त्यसलाई विभिन्न आधारमा वर्गीकरण गरी परिचय दिँदै विश्लेषणसमेत गरिएको छ । अर्का लोकसाहित्यका अध्येता चूडामणि बन्धुले **नेपाली लोकसाहित्य** (२०५८) नामक कृति प्रकाशनमा ल्याएर लोकगीत सम्बन्धी व्यापक रूपमा अध्ययन गरेका छन् ।

लोकगीतको अध्ययन गर्ने क्रममा कतिपय विद्वान्हरूले क्षेत्रीय स्तरको अध्ययन पनि गरेका छन् । यस अध्ययन कार्यमा सम्बद्ध प्रमुख व्यक्ति र कृतिहरूमा प्रदीप रिमालको **कर्णाली लोकसंस्कृति खण्ड ५** (२०२८), देवकान्त पन्तको **डोटेली लोकसाहित्य** (२०३२), पूर्णप्रकाश नेपाल यात्रीको **सेतीको नालीबेली** र **सेतीका तारा** (२०३४), **भेरी लोकसाहित्य** ( २०४१), तेजप्रकाश श्रेष्ठको **अछामी लोकसाहित्य** (२०४४) आदि हुन् । उपर्युक्त कृतिकारका कृतिहरूमा लोकसाहित्यका अन्य विधाको साथै सम्बद्ध क्षेत्रका लोकगीतको अध्ययन भएको पाइन्छ । त्यसैगरी त्रिभुवन विश्वविद्यालयअन्तर्गत रहेका विभिन्न क्याम्पसका नेपाली विभागद्वारा गराइएका शोधकार्यले पनि लोकगीतको क्षेत्रीय अध्ययनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन् ।

नेपाली लोकगीतको अध्ययन-अन्वेषणलाई गतिशील बनाउन लागिपर्नेहरूमा तुलसी दिवस, चूडामणि बन्धु, कृष्णप्रसाद पराजुली, वासुदेव त्रिपाठी, ठाकुरप्रसाद पराजुली, दयाराम श्रेष्ठ सम्भव, जनकलाल शर्मा, बालकृष्ण पोखरेल, सुवी शाह, पारसमणि प्रधान, रामदयाल राकेश, जीवेनद्रदेव गिरी, लीलासिंह कर्मा, मोहन सिटौला आदि हुन् । यी विद्वान्-लेखकहरूले आफ्ना पुस्तकहरूमा र विभिन्न पत्रपत्रिकामा लोकगीतको अध्ययन प्रस्तुत गरेर प्रकाशनमा ल्याई आंशिक रूपमा भए पनि यस क्षेत्रमा उल्लेखनीय कार्य गरेका छन् । यी कार्य पर्याप्त नभए पनि नगण्य पनि छैनन् ।

# अध्याय चार

# गुल्मी जिल्लाको पश्चिमी क्षेत्रका लोकगीतको अध्ययन

## ४.१ विषयप्रवेश

गुल्मी जिल्लाको पश्चिमी क्षेत्रका लोकगीतको अध्ययन गर्ने क्रममा यस क्षेत्रका विभिन्न लोकगीतको सङ्कलन र वर्गीकरण गरिएको छ । यस अध्यायमा सङ्कलित लोकगीतको सङ्कलन पद्धति, सङ्कलन क्षेत्र र सङ्कलित सामग्रीको विवरण प्रस्तुत गर्दै सङ्कलित लोकगीतको वर्गीकरण र अध्ययन गरिएको छ ।

## ४.२ सङ्कलन पद्धति, सङ्कलन क्षेत्र र सङ्कलित सामग्री

प्रस्तुत शोधकार्यमा लोकगीतहरू सङ्कलन गर्दा नमुना छनौट विधि अँगालेर सम्बन्धित गायकहरू समक्ष पुगी अन्तर्वार्ताको आधारमा गुल्मी जिल्लाको पश्चिमी क्षेत्रबाट सङ्कलन गरिएको हो । लोकसमुदायका बीचमा पुग्दा लोकगीतका अतिरिक्त लोकसाहित्यका अन्य सामग्री समेत प्राप्त हुने अवसर हुँदा पनि अन्यत्र मन नडुलाई लोकगीतको सङ्कलनमा केन्द्रित रहेकाले त्यस क्षेत्रका लोकगीत मात्र यहाँ सङ्कलन गरिएको छ ।

## ४.३ सङ्कलित लोकगीतको वर्गीकरण

सङ्कलित सबै लोकगीत समान छैनन् । तसर्थ यहाँ सङ्कलित लोकगीतलाई संस्कार गीत, ऋतुकालीन कर्म गीत, पर्वगीत र बाह्रमासे गीत गरी जम्मा चार वर्गमा वर्गीकरण गरिएको छ । उपर्युक्त किसिमले सङ्कलन र वर्गीकरण गर्दा सुगमता आओस् भन्ने हेक्का राखिएको छ । यी चार वर्गअन्तर्गत निम्नानुसार लोकगीतहरू रहेका छन् ।-

**१. संस्कार गीत**

क. विवाह सिलोक

ख. रत्यौली

ग. खाँडो

**२. ऋतुकालीन कर्मगीत**

क. असारे

ख. साउने

ग. दाइँगीत

**३. पर्वगीत**

क. तीजे

ख. भैलो

ग. देउसी

घ. मालसिरी

ङ. देवाली

च. सराएँ

**४. बाह्रमासे गीत**

क. बालगीत

ख. भजन-कीर्तन

ग. गौँडे गीत

घ. धामीझाक्री सम्बन्धी गीत

ङ. निर्गुण गीत

च. गाइने गीत

छ. ठाडो/घाँसे

ज. झ्याउरे गीत

यहाँ सङ्कलित यी लोकगीतको अध्ययन गरिएको छ ।

## ४.४ सङ्कलित लोकगीतको अध्ययन

सङ्कलित लोकगीत विभिन्न प्रकारका छन् । यहाँ सङ्कलित यी संस्कार गीत, ऋतुकालीन कर्म गीत, पर्वगीत र बाह्रमासे गीत जस्ता लोकगीतको क्रमशः अध्ययन गरिएको छ ।

### ४.४.१ संस्कार गीत

हिन्दू धर्मावलम्बीहरूले आफ्नो जीवनभरिमा सोह्र संस्कारलाई अवलम्बन गर्ने गरेको देखिन्छ । आधुनिकताले गर्दा सोह्रैवटा संस्कारलाई प्रयोगमा नल्याए तापनि प्रमुख केही संस्कारलाई भने मान्यता दिएकै हुन्छन् । यस क्षेत्रमा पनि लोकजीवनले विभिन्न संस्कारलाई मान्दै आएका छन् । ती संस्कारलाई मनाउँदा लेकगीत गाउने गरिन्छ । यहाँ यस क्षेत्रबाट सङ्कलित केही संस्कार सम्बन्धी लोकगीतहरू देखाइएको छ –

#### ४.४.१.१ सिलोक

विवाह मानिसका जीवनको महत्त्वपूर्ण कार्य हो । आफ्नो छोरालाई सुहाउने खालकी केटी कहाँ छ भनेर केटी खोज्न जाने चलन छ । जब केटा पक्षका मानिस केटीको घरमा गई कुरा चलाउँदा केटी पक्षकाले केही अड्को थाप्ने, ती अड्को फुकाउन अथवा उत्तर दिन सकेमा आफ्नी छोरी दिने गर्दछन् । आजभोलि भने यस्तो अड्को थाप्ने र फुकाउने चलन कमै मात्रामा देखिन्छ । यस्ता अड्काहरू यस प्रकार छन् । –

केटा पक्ष- काँकाँ उबजे हात्ती, घडुवा, काँकाँ उबजे गधा, ऊँट ?
काँकाँ उबजे सारी, सुगा, काँकाँ उबजे रजपूत ?

केटी पक्ष- मधेसमा उबजे हात्ती, घडुवा, पर्वतमा उबजे गधा, ऊँट ।
टोड्की उबजे सारी, सुगा, कोखीमा उबजे रजपूत ॥

केटी पक्ष- केके कामका हात्ती, हाडुवा, केके कामका गधा, ऊँट ?
केके कामका सारी सुगा केके कामका रजपूत ?

केटा पक्ष- चड्न गुनका हात्ती-घडुवा, भारी बोक्न गुनका गधा ऊँट ।
पढ्न गुनका सारी सुगा, कोखी बस्नका रजपूत ॥

विवाहमा दुलही पक्षकाले जन्तीहरूसँग पनि सवाल-जवाफ गर्ने गर्दछन् । जन्तीहरू कतिको बुद्धिमत्ता छन् भन्ने जान्नको लागि अनेक प्रश्न सोध्ने गर्दछन् । यहाँ प्रचलित लोकगीतको नमुना यस प्रकार छन् -

दुलही पक्ष - हरिया टोपरीमा सेतो भात ।
अब हाल जन्ती हो भुसिला हात ॥

जन्ती पक्ष - सुकेका टोपरीमा आङ्गाको भात ।
हालहाल जन्ती हो सुनसरि हात ॥

स्रोत : जीवलाल श्रेष्ठ, पुर्कोट दह - ७, गुल्मी

यहाँ पहिलो गीतमा केटा पक्षले हात्ती, घोडा, गधा कहाँ उब्जे भनी प्रश्न गर्दा केटी पक्षले हात्ती, घडुवा मधेशमा र गधा, उँट पर्वतमा उब्जेको भनी उत्तर दिएका छन् । त्यस्तै हात्ती, घडुवा, उँट, रजपुत आदिको कार्य पनि उल्लेख गरिएको छ ।

### ४.४.१.२ रत्यौली

रत्यौली गीत विवाहको समयमा दुलाहका घरमा महिलाहरू बसेर रमाइलो गर्ने संस्कार गीत हो । जन्ती दुलहीका घरतिर हिँडेपछि गाउँटोलका आइमाई जम्मा भएर रत्यौली गाउँछन् । महिलाले रमाइलो गर्न अनेक अभिनय गर्छन् । आइमाई मात्रै हुने हुँदा अश्लील शब्द भन्ने र गीत पनि गाउने गर्छन् । यस क्षेत्रमा रत्यौलीलाई जिउँती पनि भन्ने गरिन्छ । कतै यसलाई रति लीला शब्दको अपभ्रंशबाट निर्मित रत्यौली शब्दको अर्थ रति क्रीडाका अनुकरण गर्नु हो भन्ने तर्क राखेको पाइन्छ । रातमा गाइने भएर नै यस्ता गीतलाई रत्यौली भनिएको हो । आजभोलि भने दिनमा विवाह हुने र दिनमै रत्यौली गाउने गरिन्छ । रत्यौली गीत महिलाहरूले मात्रै गाउने गीत हो । रत्यौली खेल्दा केही महिलाले पुरुषका कपडा लगाएर जोगी (योगी) जस्तो बन्ने र आइमाई समाएर रति क्रीडाको अभिनय गर्छन् । यस समयमा अनेक प्रकारका हास्यब्यङ्ग्यात्मक र शृङ्गारिक पाराका लोकगीतहरू गाउने गरिन्छ । यहाँ प्रचलित रत्यौली गीतका केही नमुना उल्लेख गरिएको छ भने बाँकी गीत परिशिष्टमा प्रस्तुत गरिएको छ ।-

(क) लपलप लरकनती खरबारीको खर
कस्तो होला जेठाजु, कस्तो होला घर ?
लपलप लरकनती खरबारीको खर
दाजु जस्ता जेठाजु दरिबारे घर
मुरी धान कुटाउँछन् यसै घरकाले
व्यर्थै कपाल दुखाउँछन् वरपरकाले
जिमिनै थर्कायो भैँचालले
बुहारी कजाउली यै चालले

स्रोत : सीता वि.क., इस्मा रजस्थल – ४, गुल्मी

(ख) तिरिपासा खरर भैंसा झरर
छोरी माग्ने कोलिया अगि सरर
कतिजना दैछाके कस्तो ल्यायौ घर
पन्ध्रजना दैछाके दरिबारे घर
खड्कारूको दाइजो राख सोलीमा
नराईकन दुलाई चड डोलीमा
पिताले शिरफुल कैसे गरी लाम
नरोईकन डोलीमा के मजाले जाम
रोंचेको दाइजो राख सोलीमा
पितले टिकिया कैसे गरी लाम्

नराईकन डोलीमा के मजाले जाम्

पानी बोक्न सक्दिन झोरी खोलाको

शिराफुल कतिको तोलैतोलाको

स्रोत : केशु महत, इस्मा रजस्थल – ४, गुल्मी

यहाँ पहिलो रत्यौली गीतमा घर कस्तो होला भन्दा दरबारजस्तो घर दाजुजस्ता जेठाजु र मुरी धान कुटाउने कुरा उल्लेख गरिएको छ भने दोस्रो गीतमा दुलही माग्ने क्रममा दही छाके, दुलाहा कस्तो छन् भनिएको छ र दुलही पक्षले खड्करा, रोंचे दाइजो राख्नुपर्ने कुराहरू पनि उल्लेख छ । दुलहीले लगाउने सुनको शिरफुल कति तोलाको होला भनेर पनि चर्चा गरिएको छ ।

### ४.४.१.३ खाँडो

खाँडो वीरताको भाव अभिवृद्धि गर्न गाइने वीरगाथात्मक लोकअभिव्यक्ति हो । खाँडो गाउनुलाई खाँडो जगाउनु पनि भनिन्छ । सुरुमा यो युद्ध क्षेत्रमा जाने बेलामा गाइन्थ्यो भने पछि गएर बाहुन क्षेत्रीको विवाह हुँदा जग्गेमा गाउने चलन चल्दै आएको हो । यो गीत भारतको चितौडतिरबाट सर्दै आएका कारण यसको भाषिक अभिव्यक्तिमा हिन्दी मिश्रित रूप पाइन्छ । विवाहको काम सकिने बेला केटा पक्षका एक व्यक्तिले आफ्ना खोकिलाबाट खुकुरी निकालेको अभिनय गर्दै जोशका साथ खाँडो जगाउने गर्दछ । यसरी के देखिन्छ भने विवाहमा केटा पक्षको शक्ति राम्रो छ, कसैले आक्रमण गर्न सक्दैन, अर्को पक्ष हेर्दा नवविवाहित दम्पतिले आउँदा दिनमा आइपर्ने गतिरोधलाई सजिलै परास्त गरी आफ्नो लक्ष्यमा पुग्न सक्छन् भन्ने मान्यता राखिन्छ । यस क्षेत्रमा गाइने खाँडो गीतको एउटा नमुना यस प्रकार छ । -

श्री ३ महमहाराजा सरजङ्गबहादुरको फौजके, फौजमे, काशीके तीरमे

मन्त्रीके खेलसे, मन्त्रीके बुझसे, चले लस्करजी धन्ने धनने मन्त्री

सरजङ्गबहादुरको फौजके, फौजमे, चले लस्करजी धन्ने धन्ने मन्त्री

रणके वंश रत्नधीर शमशेर, धर्म शरीर भक्तवीरके चले लस्करीजी

पूर्व,पश्चिम, उत्तर-दखिखन, भोट, मौलान, दिल्ली किल्ला काँगडा

लङ्का, पलाङ्क, श्रीलङ्का, लाबुसी नाकघोर मुखका देशमा चले है

कौना-कौना पल्टन चले, अगि सिरीनाथ राजको दल, देवीदत्त

काली दल, भैरमनाथ ऐसा-ऐसा पल्टन चले है

जर्नेल, कर्नेल, सुबेदार, हल्दार, हुद्दा, सिपाही चले है

श्री महमहाराजाकै सवारी हुनेका खत है

ताजी, तुर्की बैला, अवला, तुरुङ्गा, सुरुङ्गा, मुकी, टाङ्गना ऐसा ऐसा घोडा चले है

श्री श्री श्री महाराजकै सवारी हुनेका बखत है
दुई रानीके डोलामे चल्ते है, मुलुक-मुलुक, बगर-बथा थर्कना लाए
कामदारी सुसारे, बैठके चल्ते है कैसा-कैसा केटी चले
रामदरी, जमिनदारी, कृष्णदरी, अल्नापरी हुस्नपरी
सूर्जेमती, चन्द्रमती, लालझोपनीका फुँदा लर्कना लाए
हीरामोती, मूगामोती, पुखुराजका रत्न टल्कना लाए
झुँगा गोटिका हर्कना लाए,
चिन, महाचिन, पेचिन, बेलायत, लागुर, डिल्लीमे सिपाही
फिराउन लाए, पहरा, छुरी,-कटारी, चुप्पी, चप्पा, खंडा, ढाल, तरवाल
बर्खना लाए, बैरिका फौज सबै भागे,

स्रोत : तुलसीराम क्षेत्री, धुर्कोट- ५, गुल्मी

यस गीतमा अङ्ग्रेजसँगको युद्धमा श्री ३ लगायतका सिपाहीहरू घोडा सबार हुँदै छुरी, चुप्पी, ढाल, तरवार आदि हतियारले सुसज्जित भई युद्ध गर्न जाँदा सबै शत्रुहरू भागेर गएको कुरा उल्लेख गरिएको छ ।

### ४.४.२ ऋतुकालीन कर्मगीत

वर्षभरिका विभिन्न ऋतुहरूमा नेपाली लोकजीवनको नाता जोडिएको हुन्छ । अधिकांश नेपालीहरू कृषि पेसामा सहभागी छन् र उनीहरूको दिनचर्या खेतीपाती लगाउने, गोडमेल गर्ने र बाली थन्क्याउने काममा बितेको हुन्छ । कृषकहरू खेतीपातीको काम गर्दा थकाइ दिक्दारी आदिबाट छुट्कारा पाउनको लागि केही मात्रामा भए पनि मनोरञ्जन लिन काम गर्दै गीत गाउँछन् । कामअनुसारका गीतलाई ऋतुकालीन गीत वा श्रमगीत भनिन्छ । कर्मगीतले एकातिर ऋतुलाई छुन्छ भने अर्कोतिर कामको प्रकृतिलाई लोकजीवनसँग टाँसेर अपूर्व उत्साह सञ्चारित गर्छ । गुल्मी जिल्लाको यस क्षेत्रमा खेतीपातीका बेला प्रशस्तै कर्म गीत गाउने गरिन्छ । यसरी गाउने गीतहरूका कुनै कामसँग सम्बन्धित र छुट्टै विशेषता बोकेका हुन्छन् भने कुनै स्वच्छन्द रूपमा गाइने विभिन्न भाकाका ठाडो र झ्याउरे गीतहरू हुन्छन् । यस क्षेत्रमा चलेका कामसँग मात्र सम्बन्धित कर्मगीतहरूमा असारे, साउने र दाइँगीत पर्दछन् ।

#### ४.४.२.१ असारे (बाली)

असारे गीत प्रायः असार महिनामा गाइने हुँदा यस गीतको नाम असारे गीत रहन गएको हो । कृषकहरूले असारमा खेत रोप्दा हली, बाउसे, रोपार मिलेर गाउने विशेष किसिमको लोकलयात्मक गीतलाई असारे गीत भनिन्छ । गुल्मी जिल्लाको यस क्षेत्रमा यस्ता असारे गति अत्यधिक मात्रामा गाउने गरेको पाइन्छ । यो गीत गाउँदा लामो र सुरिलो भाकामा गाइन्छ र यो प्रायः रोपारहरूले गाएको सुनिन्छ ।

यस ठाउँमा धान रोप्दा असारे गीतको साथै झ्याउरे गीत र ठाडो भाकाका दोहरी गीत पनि गाउँछन् । प्रायः गरेर धनी वर्गले खेत रोप्दा पञ्चैबाजा बजाउने, कतै मादल, सनही र झ्याली जाएर असारे गीत गाउने गरिन्छ । यी गीतमा वातावरणको चित्रण, सिमेभूमेको स्तुति, छोरी-बुहारीको वेदनाका साथै महिलाहरूका आशा, निराशा, आकाङ्क्षा आदिलाई प्रस्तुत गरिएको हुन्छ । यी गीतमा एकले अर्कालाई जिस्क्याउने र उल्याउने काम प्रशस्त मात्रामा गरिएको हुन्छ । यहाँ असारे गीतका दुईवटा नमुना प्रस्तुत गरिएको छ । -

(क) यो खेतको सिमेभूमे रक्षे गरे है, सिमेभूमे रक्षे गरे है,
कालु गाईको दूध, सिली धानका अछेताले पुजम्ला, रक्षे ...
जेठी रानी दिम्पो भने सेजैकी पियारी
कान्छी रानी दिम्पो भने बालैकी पियारी
... माइली रानी जाऊ
भाकै लाग्ला मेरा बाला ओख्ले किरा खाए
निदै लाग्ला मेरा बाला बैका काखा सुते
छोराको छोरो नभने सासू मेरै छोरो भने
सत्तैकी रानी हैचु भने फर्केर आम्ला
विसत्तेकी हैचु भने भोगै भई जाम्ला

(ख) छपा र छपा खेतैमा रोपिम दूधे है मारसी, आहै दूधे ...
आँखाका सान्ले बोलाउँचु मैले बुझे है पारसी, लौ त बा ...
उँदो र बाटा गुरुङे दाइले के ल्यायौ सोलीमा
हिजो त काजी यै मेला थियो आज त डोलीमा
छुपुमा छुपु खेतैमा रोपिम हातको बीउ छँदै
माइत बस्ने चइन काट्ने आमाको जिउ छँदै
सेनुमा सेनु बाँदरी पाठो फाल हान्यो छाँगैमा
चुँदरी रङ्को फरिया किन्दा नभूले पाँगैमा
गैरी है खेत्का मुराले आली गोरुले कुचेको
हेर त आमै दर्जामे चूल्ठो सौताले लुछेको
आली र मुनि आली र माथि फाली है हरायो
पछाडि खोक लगाउनी दाइको मोहनी हरायो
आली र मुनि आली र माथि दूधे है गोंगटा

छिटैमा गरी गोरुमा फर्काऊ सुकेका टोंअटा

स्रोत : कृष्ण कुँवर, पुर्कोट दह–३, गुल्मी

यस लोकगीतमा मारसी धान छुपुछुपु खेतमा रोपिएको प्रसङ्ग उल्लेख गरिएको छ । त्यस्तै बुहारी माइत बसेको, बाँदरको पाठो हाम फालेको, आली गोरुले कुल्चेको, खोक लगाएको, गँगटा भएको प्रसङ्ग कोट्याइएको छ ।

### ४.४.२.२ साउने

गुल्मी जिल्लाको यस क्षेत्रमा साउन महिनाभरि कोदो रोप्ने काम गरिन्छ । रमाइलो तरिकाले कोदो रोप्दा दिन गएको थाहै नहुने हुँदा ठिँगारे र खेतबारीबीच दोहोरी चल्दछ । यो गीत साउनका मात्रै गाइन्छ, त्यसैले यसको नाम साउने गीत रहन गएको देखिन्छ । यो गीत गाउँदा मादल, सनही र झ्यालीका साथमा केटा र केटीबीच प्रतिस्पर्धा चल्छ । गाउनेलाई आफैं जोस आउँछ भने सुन्नेलाई उमङ्ग आउने हुँदा काम गर्दाको थकाइ भने पटक्कै हुँदैन । यसरी यी गीत गाउने क्रममा युवायुवतीमा माया-प्रीति बस्छ र अन्त्यमा कतिपयले त घरजम नै गरेको देखिन्छ । यहाँ यस गीतको नमुना प्रस्तुत गरिएको छ ।-

केटा - बारीको मल्लतो माया
गामगाम गीत कले के माया भन्लातो
केटी - बनको चरी बनैमा ढोपूलाँ माया
मायामाथि मोहनी माया थपूँला

केटा - रसको चयाले माया
अचाल भोलि के चाल छन् माया मयाले

केटी - नामली छोटाउनी माया
के चाल हुन्थ्यो मर्ने न माया मोटाउनी

केटा - रूखोबारी बुन्साले जेलेको माया
बिर्स्यौ क्यारे बालो दिन माया खेलेको

केटी - मर्ने न मोटाउनी माया
त्यति भनी सन्तोकले माया लोटाउनी

केटा - गौं भन्दा जौं भयो माया

लाइको माया बिर्सना माया धौ भयो

केटी - बारीको अछुतो माया

लाउँदा नाम्रो छोड्दाला माया पछुतो

स्रोत : सीता सुनार, पुर्कोट दह - ३, गुल्मी

यस गीतमा केटाले गीत गाऔँ, माया लाऔँ भन्दै बच्चामा माया लगाएको बिर्स्यौ कि भन्दै गर्दा केटीले गीत गाऔँ मोहनी लाऔँ भन्दै लगाएको माया छोड्दा पछुतो हुने कुरा उल्लेख भएको छ ।

### ४.४.२.३ दाइँगीत

धानको पराल दाइँ लगाउँदा गाइने गीतलाई दाइँगीत भनिन्छ । कृषकले धान उठाएपछि केही दिनमा पराल माड्ने काम गर्दछन् । यस बेला थकाइ नलागोस् भनेर रमाइलो गरिन्छ । कतिबेला धान धेरै होस्, कतिबेला दाइँघरमा मालिक-मालिक्नीलाई जिस्काउने आदि गरिन्छ । दाइँमा गोरुलाई खेद्दै विभिन्न गीतहरू गाइन्छ । यस क्षेत्रमा चल्ने दाइँगीत निम्नानुसार प्रस्तुत गरिन्छ । –

हो ऽ हो मालमदेसको सहलिऊ भैया

दाङ-देउखुरीको सहलिऊ भैया

हो ऽ हो दाइँ बरदो हो, दाइँ बरदो

पुछरले डोलाइदिऊ, कानले हम्किदिऊ

खुरले माडिदिऊ, दाङ-देउखुरीको सहलिऊ

परालमा माडि खेल, भाइ हो, माडिखेल

मिहीको गोरु तिखे र ताखे

घरकी गोसेनीले तिउन चाखे, माडिखेल भाइ हो, माडिखेल,

दाइँ बरदोमा माडीखेल,

मिहीको गोरु हनहने

घरकी गोसेनी गनगने

यो घरका मालिकको खुबै ठूलो जिउ

यो घरकी मालिक्नीले खान दिन्छिन् घिउ ।

स्रोत : शिवलाल क्षेत्री, पुर्कोट दह - ३, गुल्मी

यस गीतमा धानको पराल दाइँ लगाउँदा गोरुलाई दाङ देउखुरीको सह लेइदेऊ, खुरले माडिदेऊ, पुच्छरले डोलाइदेऊ भनिएको छ भने काम गर्ने श्रमिकलाई मालिक्नीले घिउ खान दिने कुरा पनि उल्लेख गरिएको छ ।

### ४.४.३ पर्वगीत

नेपालभर वर्षभरिमा विभिन्न पर्वहरू मनाउने गरिन्छ । त्यस्तै गुल्मी जिल्लाको यस क्षेत्रमा पनि वर्षभरिमा विभिन्न चाडपर्व मान्ने गरिन्छ । प्रत्येक चाड पर्वमा फरक-फरक किसिमका गीतहरू गाउने गरिन्छ । यहाँ यस क्षेत्रमा गाइने पर्वगीतलाई तल दिइएको छ ।-

#### ४.४.३.१ तीजेगीत

भदौ महिनाको शुक्ल पक्षमा पर्ने हरितालिका तीज पर्वमा महिलाहरूले विभिन्न किसिमका गीतहरू गाउने गर्दछन् । विशेष गरेर यस क्षेत्रमा साउने सङ्क्रान्तिदेखि ऋषिपञ्चमीसम्म टोल-टोलमा जम्मा भई मादल, डम्फू र मुरलीका तालमा नारी–मनका वेदना, आशा, निराशा आदिका स्वरहरू गुन्जन्छन् । सासू-बुहारीका बारेमा, ससुरा, देवर-जेठाजु, नन्द-आमाजु आदिका बारेमा गीत गाउने गरिने हुँदा सुन्नेलाई निकै उत्सुकता पनि हुने गर्दछ । वाद्यवादन साथमा हुन्छन् भने नाच्ने र बजाउने काम पुरुषहरूले पनि गर्ने गर्दछन् । गीत र वाद्यवादनको तालमा जोडी नाच गर्ने हुँदा निकै रमाइलो पनि हुन्छ । यहाँ यस क्षेत्रमा चल्ने अर्थात् गाइने तीजसम्बन्धी गीतको नमुना तल प्रस्तुत गरिएको छ भने अन्य तीज गीत परिशिष्टमा उल्लेख गरिएको छ ।–

(क) चेली रम्ने चाड आयो गाउँ घरमा अब त
कति साह्रै खुसी होलान् गाउँका चेली त
आउँच तीज अरूलाई म दुखीलाई आउँदैन
अरू सबै माइत जान्छन् म त पाउँदिन ।
बाबाआमा हुँदा हुन्तो म नि माइत जाँदिहुम्
अरू सबले मानेजस्तो तीज मान्दिहुम्
दाइभाउजूको पालो आयो माइती भयो बिरानु
किन सम्झन् आउँदो होला मनमा पुरानु
सानो भाइ माइत हुँदा आउँथ्यो दिदी भेट्न
अब मलाई लेखेनछ माइती देखन ।

स्रोत : दोमन्ता महत, इस्मा रजस्थल ४, गुल्मी

यस गीतमा तीज चेली रम्ने रमाउने चाड भएर पनि बुबाआमा नभएकी चेलीले माइत जान नसक्ने, दाजुभाउजू भएकाले माइती बिरानो भएको वेदना पोखिएको छ ।

### ४.४.३.२ **भैलो**

नेपालका प्रायः सबै ठाउँमा भैलो खेल्ने परम्परा अद्यापि छ । यस क्षेत्रमा भैलो खेल्न न्वागी खाने दिनबाट मात्र सुरु गरिन्छ र पुसको पन्ध्र खाजा खाने दिनसम्म खेल्ने गरिन्छ । भैलो खेलेको सबै 'साथीभाइले पुसेपन्ध्रो' मनाएपछि भैलो खेल्न विश्राम गरिन्छ । भैलो खेल्दा मादले र पुरसुङ्गे बन्ने, विभिन्न प्रकारका गीत गाउने र नाच्ने गरिन्छ । यस क्षेत्रमा प्रचलित भैलो गीतका केही नमुनाहरू तल प्रस्तुत गरिएको छ ।–

| | | |
|---|---|---|
| हो ऽ सँगी हो | = | भैलो |
| जम्मा र भयौं कि | = | " |
| वर्ष दिनको | = | " |
| मंसिरैमा | = | " |
| न्वागी पर्व | = | " |
| मनाउन | = | " |
| आयौं हामी | = | " |
| रमाइलो | = | " |
| गरौं भनी | = | " |
| आयौं हामी | = | " |
| यो घरमा राम्रै होवोस् | = | " |
| डिँगा बाच्छा | = | " |
| राम्रै होऊन् | = | " |
| धन सम्पत्ति | = | " |
| बर्सी जावोस् | = | " |
| यो घरका | = | " |
| जेठा छोरा | = | " |
| जर्नेल कर्नेल | = | " |
| भइजाऊन् | = | " |
| कान्छा छोरा | = | " |
| हाकिम साब | = | " |
| भइजाऊन् | = | " |
| भैली जनका | = | " |
| आशिक | = | " |
| लागी जाऊन् | = | " |
| पुगी जाऊन् | = | " |

| | | |
|---|---|---|
| बाँचिम् भने | = | ” |
| यसै गरी | = | ” |
| अर्को सालमा | = | ” |
| आउँला बरै | = | ” भैलो ऽ ऽ ऽ राम ऽ |

यसरी माथि उल्लेख गरिएको गीत भैलो भट्याउने गीत भनिन्छ । यो सकिएपछि रमाइलो गर्न चुट्के वा ख्याली नाच नाचिन्छ । यस सम्बन्धी गीत यस प्रकार गाइन्छ ।–

सल्लेरीको रानी पीपल मैनाले खोबेको
नानी तिम्रो पेउले जोवान सुन पानी चोबेको
काँकरीको झालमुनि तिउन त लौकी
आज राति बोलाउनी तिमी नानी हौकि
किरिमिरी फलामको सेनोसेनो छिनु
त्यत्री बढी भैचौ नानी क्या मैले चिनु
कति राम्री नानी तिमी कम्मर भाँचिदेऊ
आज तिमी सबको सामु मैदानमा नाचिदेऊ

स्रोत : भीमबहादुर बि.क.,बाङ्गे मरोठ– ४, प्युठान

माथिको पहिलो गीतलाई भट्ट्याउने गीत भनिन्छ । गीत भट्ट्याउँदा यो घर परिवारलाई राम्रो होस्, डिँगा बाच्छा बढून्, छोरानाति जर्नेलकर्नेल होऊन् भनी आशिष दिइन्छ र केही उपहारको पनि आशा गरिन्छ । त्यस्तै दोस्रो गीतमा नाचेर रमाइलो गर्न ख्याली गीत गाइएको छ । यस गीतमा केटीलाई फुर्क्याउँदै कम्मर भाँचेर नाच्न उत्साहित गरिएको छ । यस्तै भैलोमा गाइने अन्य ख्याली सोरठी आदि पनि गाइने गरिन्छ, जुन परिशिष्टमा उल्लेख गरिएको छ ।

### ४.४.३.३ देउसी

तिहारको अवसरमा यमपञ्चकभर गाइने गीतलाई देउसी भनिन्छ । यस समयमा टोलटोलका युवा-युवातीहरू मिलेर घरघरमा गएर देउसी खेल्ने र सो घरबाट मिलेको उपहारलाई भोज भतेर खाएर रमाइलो गर्ने गरिन्छ । यस क्षेत्रमा प्रचलित देउसीसम्बन्धी गीत निम्नअनुसार प्रस्तुत गरिएको छ ।-

| | | |
|---|---|---|
| आहै, भनभन भाइ हो | = | देउसी रे |
| स्वर मिलाई भन | = | देउसी रे |
| वर्ष दिनको | = | देउसी रे |

| | | |
|---|---|---|
| तिहारैमा | = | देउसी रे |
| काग तिहार | = | देउसी रे |
| कुकुर तिहार | = | देउसी रे |
| लक्ष्मी पूजा | = | देउसी रे |
| गाई तिहार | = | देउसी रे |
| गोबरधन पूजा | = | देउसी रे |
| भाइलाई टीका | = | देउसी रे |
| रातो माटो | = | देउसी रे |
| चिप्लो बाटो | = | देउसी रे |
| अँधेरी रातमा | = | देउसी रे |
| लोट्दै र पोट्दै | = | देउसी रे |
| आयौं हामी | = | देउसी रे |
| उठन आबै | = | देउसी रे |
| आहै, दिन लागिन् | = | देउसी रे |
| थालीमा रोटी | = | देउसी रे |
| त्यसमाथि दियो | = | देउसी रे |
| हरियो नोट | = | देउसी रे |
| दिनै लागिन् | = | देउसी रे |
| यो घरलाई | = | देउसी रे |
| आशिष दिऊँ | = | देउसी रे |
| धनकी देवी | = | देउसी रे |
| लक्ष्मीले बास | = | देउसी रे |
| गरेरै छाडून् | = | देउसी रे |
| यो घरमा | = | देउसी रे |
| सुनको लिस्नो | = | देउसी रे |
| भएरै छाडोस् | = | देउसी रे |
| दुख र कष्ट | = | देउसी रे |
| हटेरै जाऊस् | = | देउसी रे |
| अब त हामी | = | देउसी रे |
| जान्छौं आबैं | = | देउसी रे |
| अर्को साल | = | देउसी रे |

| | | |
|---|---|---|
| देउँसी खेल्न | = | देउसी रे |
| आउँला बरै | = | देउसी रे |

यसरी देउसी भट्याइसकेपछि चुट्के गीत गाइन्छ, जुन गीत निम्नप्रकार प्रस्तुत छ -

नखेल जुवा र तास, ज्यानको नास, जीवनको बनिबास
उँधो खोला पर्वतैमा भंडो मऱ्यो रोगले
आज मैले खाको छैन मायालुको शोकले

स्रोत : बहादुर वि.क., बाङ्गेमरोठ - ६, प्युठान

यस गीतमा तिहारको देउसी खेल्दा तिहार चाड मनाइने तरिका, लड्दै पड्दै युवा, युवतीहरू आएको मीठामीठा खानेकुरा मागेको, घरकी आबैलाई आशिष दिइएको भन्दै फेरि अर्को साल आउने बाचा गर्दै बिदा भएको प्रसङ्ग कोट्ट्याइएको छ । त्यस्तै देउसी सकिएपछि चुट्के गीत गाउने गरिन्छ ।

## ४.४.३.४ मालसिरी

हिन्दूहरूको सबभन्दा ठूलो चाड बडादसैँको नवदुर्गामा विभिन्न कोटहरूमा देवदेवीलाई पुकारा गरेर गाइने भजनजस्तो गीतलाई मालसिरी भन्ने गरिन्छ । नेपाल देश भगवान् जन्मने र भगवान्को तपस्यास्थल भएको हुनाले धेरै भगवान्को पूजाआजा गर्ने गरिन्छ । दसैँको अवसरमा मालसिरी गाउने मण्डली छुट्टै हुने गर्दछ । ठाउँ-ठाउँका देवीदेवताको सम्झना र पुकार गर्ने गरिन्छ । आजभोलि भने केही कम गाउन थालिएको छ । केही नमुना यस प्रकार प्रस्तुत छन् । -

ॐ जय देवी भैरवी गोरखानाथ है
जय देवी दर्शन देऊ भुवानी
जय देवी दर्शन अम्बिका जय देवी
जय देवी भैरवी जय देवी
जय देवी चण्डिका जय देवी
जय देवी कालिका जय देवी
जय देवी वीर भद्रकी जय देवी
जय पशुपतिनाथ जय,
हा जुवाल नयनी माता गोरखनाथ के जय
आकाश देवी जय, कर्मनायक भैरम् देवता आए
आकाश हो तिम्रो जनम, भूमि हो पातालमा बास है ।

स्रोत : कुलहादुर कुँवर, शिवलाल गौतम,
मेहेले पोखरी - ४, गुल्मी

यस गीतमा ॐ बाट सुरु गरी देवी भवानीको पूजा प्रसङ्ग उल्लेख गरिएको छ । अम्बिका, भैरवी, चण्डिका, कालिका, आकाश देवी आदि देवीको चर्चा गरिएको छ ।

### ४.४.३.५ सराएँ

विजयादशमीको दिनमा टीका लगाएपछि पूर्णिमासम्म देवीको कोटमा जम्मा भई बाजा बजाएर सराएँ खेल्ने गरिन्छ । प्राय गरेर पुरुषहरूले एक हातमा खुँडा वा तरवार छोपी अर्को हातमा रमाल छोपी विभिन्न देवीदेउराली पुकारेर बाजाको तालमा नाच्ने गरिन्छ । आजभोलि भने महिलाहरू पनि सराएँ नाचमा सहभागी हुन थालेका छन् । सराएँ खेल्दा गोल घेरा लगाएर खेलिन्छ भने बीचमा आइमाई केटाकेटीहरू बस्ने गर्दछन् । यस क्षेत्रमा प्रचलित सराएँ सम्बन्धी गीतको नमुना यस प्रकार छ ।-

नेपालमा पशुपति रक्षे गरे,
समय सालमा, बाँचिम् भने
तिम्रो सेवा सम्झन्, गर्छौं हामी
गण्डकीका ऋषीश्वर सम्झन् तिम्रो बारम्बार
सेवा तिम्रैं गर्छौं हामी
धुर्कोटका खड्का देवता रक्षे गरे
सेवा तिम्रो बारम्बार गर्छौं हामी
अम्मरपुरकी अम्बिकाले रक्षा हाम्रो
गर्नु होला, बारम्बार सम्झन् गर्छौं
अजान हाम्ले पुकार तिम्रो गर्छौं
रक्ष गरे देवी देवता
हो ऽ भाइ हो ऽ बाँचे आइसल अख्वै ।

स्रोत : अजयकुमार प्रधान,
धुर्कोट रजस्थल-३, गुल्मी

यस गीतमा विजया दशमीको टीका पश्चात् कोटमा गाउँदै नाचेको प्रसङ्ग छ । पशुपतिनाथ, ऋषीश्वर, धुर्कोटका खड्का देवता, अम्मरपुरकी अम्बिका आदि देवीदेवताले रक्षा गरून् भन्दै गाउँदै नाच्दै गरिएको प्रसङ्ग उल्लेख छ ।

### ४.४.३.६ देवाली (कुलपूजा)

हिन्दूहरूले आफ्नो जातीयता अनुसार कुलपूजा गर्ने परम्परा छ । यस क्षेत्रका मानिसहरूले आ-आफ्ना दाजुभाइ मिलेर एकदुई वर्ष विराएर भव्य रूपमा कुलपूजा गर्ने गर्दछन् । यस क्षेत्रका विष्ट थरीकाले मार्गशुक्ल पञ्चमीमा कुलपूजा गर्दछन् । भण्डारी थरकाले मार्गशुक्ल अष्टमीमा पुज्दछन् भने महत, अर्याल, थापा, घर्ती, पौडेल, अधिकारी,

खत्री, कुँवर आदि थरकाले पूर्णिमामा कुलपूजा गर्छन् । कुलपूजा गर्दा बलि दिने गरिन्छ र प्रसादको रूपमा मासु खाने चलन छ । यस क्षेत्रमा देवाली गर्दा काम्ने र भट्याउने आ-आफ्नै तरिका हुन्छ । यहाँ काव्रोबोटे अर्यालहरूको कुलपूजामा भट्याउने तरिका निम्नानुसार दिइएको छ ।-

मंसिरै मास, पूर्णिमा तिथि, जुनेली रात, हाँस्दै-खेल्दै, देउदत्ता
राईभट्ट, कुसुमदत्ता, उम्ला जुम्ला, पाटे जुम्ला, रजस्तत,
रैने दह, कमल दह, उतपत्ति, भयो देवै, बाइसे पस्ता, बाटामा बिते,
.... ... ... ... ... ... ... ... .... ... ... ... ... ....
गोर्खरथले, राज्य दियो, बर्छरथले, राज्य हाऱ्यो, सुरोबित्त, खाई बस्यौं
अर्जे गाउँमा, काँस कुशको, झुपडि बनाई, कोई वर्ष, बासै दियौं
अघिपछि, गुरूज्यूलाई, मन्दिर बनाई धन्ने देवै, उत्पत्ति भयो देवै
गजेनी बुटी हान्दैहान्दै, खुर्चुङ्ग खाँडा, हान्दैहान्दै, जाऔं कठै
रजस्तल, विग्नेस्तल, बाइसै पस्ता, बाटैमा बिते, बर्षै बिताम् कहाँ बरै

स्रोत : मूलधामी, जगुलाल अर्याल, अर्जे -१, गुल्मी

यस गीतमा मंसिर महिनाको पूर्णिमा तिथिमा धामीहरूले गोर्खाको राज्य जितेको, अर्जे गाउँका मानिसले बास दिई सहयोग गरेको, बर्सौं बिते पनि नआत्तीकन अगाडि बढौं भनी गीत गाएको प्रसङ्ग उल्लेख गरिएको छ ।

### **४.४.४ बाह्रमासे गीत**

बाह्रमासे अन्तर्गत आउने नेपाली लोकगीत कुनै पनि ऋतुमा एकनास प्रवाहित भइरहेको देख्न-सुन्न सकिन्छ । बाह्रमासे गीत एक किसिमले सदाबहार वृक्षजस्ता हुन्छन्, जुन कहिल्यै पनि सुक्दैनन्, बिलाउँदैनन् । वर्षभरिको समयमा आफ्ना मनको हाँसो-आँसु, माया-प्रेम, बिरह-बेदना आदिलाई लोकलयको माध्यमबाट व्यक्त गरिन्छ । यी गीतबाट लोकजीवनले समयलाई र क्रियाकलापलाई कसरी हेरेको हुन्छ भन्ने थाहा हुन्छ । यस क्षेत्रमा चल्ने बाह्रमासे गीतमा-बालगीत, भजन-कीर्तन, घाँसे, भ्याउरे, गाइने गीत, निर्गुण धामीझाँक्री आदि गीत प्रमुख हुन् । यहाँ सङ्कलित लोकगीतमा समेत यस्ता केही बाह्रमासे लोकगीत रहेका छन्, जसको चर्चा गर्ने काम यहाँ गरिएको छ । -

#### **४.४.४.१ बालगीत**

बालबालिका हुर्केको समाजमा लोकगीतको रन्को फैलिएकै हुन्छ र बालबालिकाले सानैदेखि गीत सुन्ने र बोली फुटेपछि गाउने पनि गर्दछन् । बालसंसार रमाइलो हुन्छ । बालकहरू अधिकांश समय खेलेर विताउने हुँदा खेलअनुसारका गीत गाउने गर्छन् र

गाउँदा-गाउँदै नाच्ने पनि गर्दछन् । यहाँ यस क्षेत्रबाट सङ्कलित बालगीतको एक नमुना प्रस्तुत गरिएको छ ।-

**पानीमा डुबी जाने खेलगीत**

| | | |
|---|---|---|
| यतियति पानी | = | गङ्गेरानी |
| पैतला-पैतला पानी | = | " |
| घुँडा-घुँडा पानी | = | " |
| कम्मर-कम्मर पानी | = | " |
| छाती-छाती पानी | = | " |
| आँखा- आँखा पानी | = | " |
| टाउका-टाउका पानी | = | " |
| टुप्पी-टुप्पी पानी | = | " |
| टुप्पी-टुप्पी पानी | = | डुबी जानी । |

स्रोत : कोपिला खड्का, मलगिरी-४, गुल्मी

यस गीतमा बाह्रैमास बालबालिकाले पानीमा डुब्दा पैताला, घुँडा, कम्मर, आँखा हुँदै टुप्पीसम्म पुगेर गङ्गाको पानीमा डुबिन्छ भनेर गीत गाएको प्रसङ्ग उल्लेख गरिएको छ । यस्तै अन्य बालगीतहरू परिशिष्टमा उल्लेख गरिएको छ ।

### ४.४.४.२ भजन-कीर्तन

हिन्दू धर्मका अनुयायी नेपालीहरूले विभन्न समयमा देवीदेवताको आराधना, भजन-कीर्तन सुन्ने परम्परा अद्यापि छ । गुल्मी जिल्लाको यस क्षेत्रमा प्रचलित दशावतार भजनको एक नमुना प्रस्तुत गरिएको छ र अन्य नमुना परिशिष्टमा उल्लेख गरिएको छ ।

**दशावतार भजन**

प्रथम औतार लिनुभयो प्रभु मत्स्य रूपमा धारणम्
के कामले लिनु भयो मत्स्य औतार हे सनकादी ऋषि हो
शङ्ख, चक्र, गदा, पद्म सङ्कासुरलाई छेदनम्, यहि कामले लिनुभयो प्रभु
द्वितीय औतार लिनु भयो प्रभु कमत्स्य रूप धारणम् के कामले ।
सुर असुर साय भए मनद्राचल तारणम् यही कामले
तृतीय औतार लिनुभयो प्रभु बराहा रूप धाणम् के कामले
हिरण्याक्ष्य मारीकन वेद पृथ्वी पालनम्, यहाँ
चतुर्थ औतार लिनु भयो प्रभु नृसिंह रूप धारणम्, के कामले.....
खम्बा फोरी प्रकट भए, भक्त बाला रक्षणम् यही कामले ..........

पञ्चम् औतार लिनुभयो प्रभु वामन रूप धारणम् के कामले .....
तीन पाइलामा भूमि लिनुभयो बालिराजलाई तारणम्, यहि कामले.....
षष्ठीमा औतार लिनु भयो प्रभु परशुराम रूप धारणम्, के कामले
पितृको वचन सत्यमा लिई सकल क्षेत्री नासनम्, यही कामले
सप्तम् औतार लिनु भयो प्रभु राम रूप धारणम्, के कामले
गृह त्यागी वनबास राउन्ने राजालाई मरणम्, यही कामले
अष्टम औतार लिनुभयो प्रभु कृष्ण रूप धारणम् के कामले
बाला खेली बहुत भए कंसासुरलाई छेदनम् यही कामले
नवौ औतार लिनभयो प्रभु बुद्ध रूप धारणम् के कामले
नष्ट धर्म प्रकट भए साधुसन्त पालनम्, यही कामले
दशौं औतार लिनु भयो प्रभु कलंकी रूप धारणम् के कामले
ऋषि हो यही काम लिनु भयो कलङ्की औतार
भजमन् नारायन हरिज्यू रघुवर गोविन्दम् ।

स्रोत : शिवलाल घिमिरे, भनभने - १, गुल्मी

यहाँ यस गीतमा भगवान्का दस अवतारको चर्चा गरिएको छ । सनकादि नाम गरेका ऋषिलाई कुन कार्यको लागि अवतार लिएको भनी जिज्ञासा राख्दा उनले धर्तीमा अन्याय र अत्याचार गर्ने हिरण्यकश्यप, कंस, रावण जस्ता राक्षसलाई नष्ट गर्न विभिन्न समयमा अवतार लिनुपरेको चर्चा गरिएको छ ।

### ४.४.४.३ गौंडेगीत

गौँडेगीत बाह्रमासे गीतअन्तर्गत पर्ने एक रोचक र बौद्धिक गीत हो । जब केटा र केटी दोहोरी गीत गाउँदै जाँदा कतिको बुद्धिमत्ता छन् त भन्ने जान्नको लागि गौँडेगीत गाइन्छ । एक टोलीले प्रश्न सोध्ने र अर्को टोलीले उत्तर दिने गरिन्छ । यहाँ एउटा नमुना प्रस्तुत गरिएको छ ।–

केटा : उँघो देश पर्वतमा गोरु जोत्ने बाहाँ
इन्द्र जन्म इन्द्रासनमा रामको जन्म काहाँ ?

केटी : युवतीले जवानीमा आँखै लाउने सुरमा
इन्द्रजन्म इन्दासनमा रामको जनकपुरमा

केटी : नेउली बास्यो डाँडै बसी काल्चे बास्यो खोला
लङ्कापुरको राउन्ने ता कसको छोरो होला ?

केटी : कैराल फुल्यो झकामकी म्याल फुल्यो फोकी
राउन्नेको बुवा भन्ने विश्वोवा पो हो कि

स्रोत : रामजी ओली, सिर्सेनी –९, गुल्मी

यस गीतमा इन्द्र इन्द्रासनमा जन्मे भने राम कहाँ जन्मेका होलान् भनी केटा पक्षले प्रश्न गर्दा रामको जन्म जनकपुरमा भयो भनी उत्तर दिँदै बौद्धिकताको प्रदर्शन गर्ने प्रयास गरिएको छ ।

### ४.४.४.४ धामीझाँक्रीसम्बन्धी गीत

गाउँघरमा मानिस बिरामी भए भने अझै पनि धामीझाँक्रीको सहायता लिने परम्परा छ । धामीले आखत हेरेर यस्तो भएछ, पाल्लो फाल्न पर्छ भन्यो भने पाल्लो फाल्न लगाइन्छ । यस क्षेत्रमा पाल्लो फाल्दा भनिने लयात्मक स्वरलाई 'ओखा' भनिन्छ । यहाँ ओखाको एउटा नमुना प्रस्तुत गरिएको छ ।–

पूर्वका माझ, पश्चिम खण्ड, भुस्तुङ खोलाका नौ बैनी डंकेनी
नौयै मध्येका मैता, कुन्ता, देवका, पार्वता, औशिल्या, कौशिल्या, दुर्पता, रुमी, रेवती
कान्छी कुन्तामै भन्ने डंकेनी माझघर गई रून कललाउन थाली
केना रोयौ भनी सोध्दाखेरि हाम्रा घर-कटेरा, उरिमससमेत चाई
मुड ओल्ने ठाउँसमेत भएन, माइती भन्ने तिमी एउटा थियौ,
तिमी केही टाढा भयौ र हाम्ला यस्तो बिलाप पऱ्यो,
हैन बैनी तिमी छल पऱ्यौ, माझ भन्ने नाम मेरो हैन,
मला नढाँट दाइ माझ भन्ने तिमी नै हौ
तिम्रा हत्केलामा सुनको गजी - ढेङ्गी गरेक ठेला - फोरा छन् नढाँट
हुन्छ तो बैनी त्यसो भए केही दिनपछि आई, छाई बनाई दिम्ला,
भनी माझ डंकेनीको घर गई छानामा चढे,
एकै हारी फाले, दुवै हारी फाले ....
नवै हारी फालेर फेरि भाटो बाध्न छाउन लागे,
नय खर, नय माटो, नय बाटा, उल्टो हारी लाउनै लागे,
एकै हारी लाए ..... सातै हारी लाउँदाखेरि छानामा भएको बखतमा
आँटीदेखि गईकन मुटुकलेजा, आन्द्रा भुंडीसमेत झिकीकन
चुल्हा खण्ड भर्सेलीमा लगी माटाका हन्नीमा छोपी राखेकी रैच,
त्यसै बेला बहत्तर कोठा खाना थाल्यो, उल्टी हुन थाल्यो,

त्यसबेला हातमा पानीको लोटा लिई जाँदी भई, दाजै तिम्ला के भो ?

भान्सा पाकी तैयारे भयो, उठ्नु पर्‍यो, हात पाउ धुनु पर्‍यो, किन पल्ट्यौ ?

स्रोत : डिलबहादुर कुँवर, पुर्कोट दह – ४, गुल्मी

यस लोकगीतमा बिरामीलाई उपचार गर्न पूर्व, पश्चिम भन्दै विभिन्न खोला, नाला, बाटो, घाटो, ढुङ्गामाटो, भन्दै बिरामी भएको कारण पत्ता लगाइन्छ र उपचार गर्ने गरिन्छ । केही थप धामीझाँक्रीसम्बन्धी गीत परिशिष्टमा प्रस्तुत गरिएको छ ।

### ४.४.४.५ निर्गुण

गुल्मी जिल्लाको यस क्षेत्रमा बाह्रमासे गीतको रूपमा निर्गुण गाउने गरिन्छ । बाँच्नसम्म राम्रै व्यवहार गरौं, एकपटक अवश्य मर्नु छ आदि कुराको उल्लेख भएको गीत निर्गुण हो । निर्गुण गाउन भजन मण्डली र गाइनेहरूले गाउने गरेको सुनिन्छ । यहाँ एउटा नमुना प्रस्तुत गरिएको छ –

**निर्गुण**

धन्ना दैव निरमया छोडेर गयौ काहाँ ?

हातमा छैन छुरीकटुवा, कम्मरमा छैन ढाल

घाउ पनि छैन खत् पोनि छैन धन्ना सिपालु काल

हिमाल चुली त्यो पल्ला बीचमा हिउँ पर्‍यो जम्जोर

चेतने चोला मोरने होला माटैको पिञ्जोरा

.... ... ... ... ... ... ... ... ... ... ....

काँचो माटो खनी बिरूवा बनाए यो घर न तेरोमेरो

न घर तेरा न घर मेरा चार दिनका हुन् यिनी डेरा

नाङ्गै जन्मनु, मरनु एक्लै, सम्पत्ति लाग्दैन साथ

धरम् करम् पाप र पुण्य यति मात्रै सँगै जानी साथ

दिएको राख्नु खाएको आफ्नु राखेर अलपत्रै छोड्नु

छैन तेरो मेरो नि राम, चार दिन जिन्दगीला

धप्पै मरन पर्च नि राम, अज्ञान केना गर्चौ ।

स्रोत : दुर्गाहादुर गन्धर्व, धुर्कोट रजस्थल-५, गुल्मी

यस गीतमा युद्धमा मारिएको सिपाहीको चर्चा गरिएको छ । यस घटनालाई दृष्टान्त बनाएर मानिसको चोला दुई दिनको हो र तेरो मेरो भनी लडाई झैँझगडा गर्नु बेकार हो भनी मानिसलाई अध्यात्मवादी बन्न प्रेरित गरिएको छ ।

### ४.४.४.६ गाइने गीत

गन्धर्वहरूको पुर्खौली पेसा नै घर-घरमा गएर विभिन्न किसिमका गीत गाउनु र केही अन्न अथवा पैसा प्राप्त गर्नु, त्यसैले आफ्नो र परिवारको जीविकोपार्जन गर्नु हो । यस क्षेत्रमा पनि गन्धर्वहरूले गीत गाउने गर्दछन् । विभिन्न घटनालाई गीत बनाई सुनाउने गर्छन् । लोकगीतका माध्यमबाट आफू दुःखी भएको गुनासो घर-घर सुनाउँछन् । यहाँ एउटा गीत प्रस्तुत गरिएको छ ।-

**गाइने गीत**

मेरो आमा दुधैको भाराले, पाइन बाटो आँसुको धाराले,
आज मला बास देऊ न घर त मेरो बेगेम्
बारी रुखो मोल हालूला, कर्म रुखो क्यारम्
गेरु भनी लिएँ मैले रैच रातो माटो
कतैबाट पाइन मैले मन बुझाउनी बाटो
तेर्छो गयो वरको डालो चरीले टेकेको
रुँदा गीत धुँदा गैन भावीले लेखेको
उँधो देश पारिबाट चरीको बथान
मन्ले ताक्चु केई पुग्दैन सधैंको कथान
माथिबाट चरी झऱ्यो बस्यो बिबाटामा
लेख्नी भावी के पो लेख्यो कर्म लिलाठमा, जन्मदाको कस्तो हो
साइत, सुख सन्तोक भएन मलाई त ।

स्रोत : दुर्गाबहादुर गन्धर्व, धुर्कोट रजस्थल –५, गुल्मी

यस गीतमा आफू जिन्दगीबाट वाक्क भई थाकेको र सायद आमाको इच्छा पूरा गर्न नसक्दा जिन्दगीभर दुःख पाइएको हो कि भनेर वेदना प्रकट गरिएको छ । त्यस्त अन्य गीतहरू परिशिष्टमा उल्लेख गरिएको छ ।

### ४.७.४.७ ठाडो गीत/घाँसेगीत

ठाडो भाका अर्थात् घाँसेगीत यस क्षेत्रको प्रमुख लोकगीत हो, जुन घाँस, दाउरा, मेलापात, घरबेसी गर्दा गाइन्छ । जे काम गर्दा पनि एक्लै अथवा साथीसँग आफ्ना मनका भावनालाई पोख्ने काम यस गीत मार्फत् गरिन्छ । एकल रूपमा पनि गाइने, समूहमा पनि गाउन मिल्ने यो गीतको नमुना तल प्रस्तुत छ ।–

गयौ माया, जान्चु नि नभनी
बसुँ एक्लै, दिन कति म गनी, रेलै सलल
लाग्छ मला काँ देखुँ, का भेटुँ

यो मनको तिर्सना काँ मेटुँ ।
इस्मापारि देखिन्छ कालो वन
कसो गरी, बुझाम्तो रुनी मन, रेलै सलल
छल्दी फाँट, धान पाक्यो प्याँलु
अब मैले, काँ देखुँ मयाँलु, रेलै सलल
तम्घासमाथि, रेसुङ्गा अल्को भीर
छाडिगयौ, थपियो ठूलो पीर, रेलै सलल
बर्खा लागे, बादलु भोरिन्छ
सम्झी ल्याउँदा, मन त्यसै घोरिन्छ, रेलै सलल
रुन्छ मन, वनको नेउलीझैं
तिम्रो पीरले, ज्यान भयो सेउलीझैं, रेलै सलल
एक्लो जीवन, बिताम् म कसरी ?
आऊ न माया, लैजाउन फूलसरी, रेलै सलल
साउको रिन, यहीँ बसी तिरौँला
घरे बेसी, सँगसँगै गरौँला, रेलै सलल

स्रोत : पुतली कुमारी, पुर्कोट दह –३, गुल्मी

यो लस्के भाकाको लोकगीत हो । यसमा बाह्रै महिना गाइने मायाप्रीतिसँग सम्बन्धित भावधारा प्रस्तुत गरिएको छ । गीत गाउने क्रममा इस्मा, छल्दी, तम्घास आदि ठाँउको पनि चर्चा गरिएको छ । यहाँ मायालुको अभावमा मनमा उब्जने वेदनालाई पोखिएको छ । यस्ता अन्य लोकगीतहरू परिशिष्टमा दिइएको छ ।

### ४.४.४.८ झ्याउरे गीत

नेपालका धेरै भू-भाग पहाड र हिमालले बनेको र गाउँ नै गाउँले भरिएको छ । यी डाँडा, पाखामा झ्याउरे लोकगीत घन्कन्छन् । नेपालका कतिपय भागमा सामान्यतया सबै खालका लोकगीतलाई झ्याउरे भन्ने प्रचलन पनि छ । झ्याउरेलाई झन्डै झन्डै लोकगीतकै पर्यायका रूपमा समेत लिने गरिन्छ । लोकगीतलाई झ्याउरेका रूपमा लिँदा झ्याउरे एउटा सिङ्गो रूख हो भने अरू कैयन गीत यसका हाँगाबिँगा हुन् । ती सबै लयलाई केलाउँदा यसका १०८ भन्दा वढी भेद-उपभेद हुन सक्ने अनुमान गरिएको छ । यस क्षेत्रमा झ्याउरेलाई ‘झाम्रे‘ भन्ने गरिन्छ । आजभोलि भने आधुनिकताको प्रभावले गर्दा यसको चलन कम हुँदैछ । तथापि मौका परेको बेलामा दोहोरी बस्ने अर्थात् झाम्रे गाउने गरिन्छ । यहाँ यस क्षेत्रमा प्रचलित झ्याउरे (झाम्रे) गीतको एउटा नमुना दिएको छ । –

**सुनिमया**

केटा : सुनिमया आँगनमै ओजेल त हिउँदे सिमी-झाल
धेरै दिनमा भेट भयो के छ ज्यानको चाल

केटी : सुनिमया बाटामुनि धौलेघर कर्मीदाइले छाउनी
गरिबको के चाल हुन्थ्यो यस्तै दुख पाउनी

केटा : सुनिमया त्यहाँपारि रानीवनमा रूखमाथि रूख
के को दु:ख बताउनुभो देख्नु सुखैसुख

केटी : सुनिमया कसला दोष लगाम यसतै मेरो कर्म
कसले जानी सक्छ हजुर भित्री मनको मर्म

केटा : सुनिमया हातमा लिम् कलम् मसी कागजुमा केरम्
जिउला मात्रै होइन त्यस्तो संसारलाई हेरम्

केटी : सुनिमया चैत हेन बैशाखमा सालको पात पलाई
थोरै -थोरै संसारलाई धेरै मर्म मलाई ।

स्रोत : कृष्णबहादुर कुँवर, पुर्कोट दह-३, गुल्मी

यस गीतमा धेरै दिनमा भेट भइएको छ, हाल खबर केहोला भनेर केटाले प्रश्न गर्दा गरिबको दु:ख पाउनु काम त हो । संसारमा सबैले दु:ख पाएकै छन् भनेर जवाफ फर्काइएको प्रसङ्ग यहाँ उल्लेख गरिएको छ । अन्य गीत परिशिष्टमा उल्लेख गरिएको छ ।

झ्याउरेका बारेमा कालीभक्त पन्त, धर्मराज थापा र हंसपुरे सुवेदी, बाबुराम आचार्य, बालकृष्ण सम, महानन्द सापकोटा, सुवि शाह, कृष्णप्रसाद पराजुली, चूडामणि बन्धु लगायतका विद्वान्ले चासो देखाउँदै टिप्पणी तथा अध्ययन गरेका छन् । वास्तवमा झ्याउरे नेपालको माटोमा रत्तिँदै हुर्केको नेपाली लोकगीतको फाँटमा मुटुतुल्य बनेको गीत हो (पराजुली, २०५७:१५५) ।

झ्याउरेलाई एकल, युगल र दोहोरीगीतका रूपमा पनि गाउन सकिन्छ । यसलाई गाउन बाजा र नाच भए पनि हुन्छ, नभए पनि हुन्छ । भाका फेरीफेरी गाउन पनि हुन्छ, उठ्दै-बस्दै-घुम्दै नाच्न पनि हुन्छ । यसको यही विशेषताले गर्दा झ्याउरे नेपालीबीच सारै प्यारो बनेर बसेको छ ।

यसरी संस्कार, ऋतुकालीन, पर्व, बाह्रमासे आदि गीतको रूपमा विवाह, रत्यौली, खाँडो, असारे, साउने, देउसी, भैलो, गाइने, झ्याउरे आदि गीतहरू यस क्षेत्रमा गाइने गरिन्छ । यी लोकगीतहरूले नेपाली लोकगीतको श्रीवृद्धिमा उल्लेखनीय भूमिका निर्वाह गरेका छन् ।

# अध्याय पाँच

# गुल्मी जिल्लाको पश्चिमी क्षेत्रका लोकगीतको साहित्यिक अध्ययन

## ५.१ विषयप्रवेश

गुल्मी जिल्लाको पश्चिमी क्षेत्रका लोकगीतको साहित्यिक अध्ययन गर्ने क्रममा यस अध्यायमा सामाजिक जनजीवन प्रतिको प्रभाव आर्थिक जीवनको चित्रण, सामाजिक जीवनको चित्रण, नारी जीवनको चित्रण, प्रकृतिको चित्रण, लय भाका तथा विभिन्न रसानुभूतिलाई चर्चा गरिएको छ । लोकजीवनमा व्याप्त कुनै पनि विषयलाई लोकगीतले समेट्न सक्छ । यहाँ प्रचलित लोकगीतका विषयवस्तुको स्रोत यसै ठाउँको समाज हो । मानिसले जीवनमा गर्ने हरेक क्रियाकलाप र यसैसँग सम्बन्धित अन्य पक्षलाई लोकगायकहरूले गीतका माध्यमले व्यक्त गरेका छन् । गीतअनुसार विषयवस्तुको स्रोत पनि फरक-फरक हुन सक्दछ । सांस्कृतिक पर्वमा गाइने गीत र मनोरञ्जन दिनका लागि गाइने गीतमा फरक पाउन सकिन्छ । सांस्कृतिक पर्वमा गाइने गीत र मनोरञ्जन दिनका लागि गाइने गीतमा फरक पाउन सकिन्छ । बालगीतमा बालकहरूलाई विभिन्न क्रियाकलाप सिकाउन र भरिपूर्ण मनोरञ्जन दिनका लागि गीत बनाइएको हुन्छ । भैलो र देउसी जस्ता गीतमा सांस्कृतिक विषयवस्तुलाई प्रस्तुत गरिएको हुन्छ । झ्याउरे, ठाडो र घाँसे गीतमा मुख्य रूपमा प्रणयप्रेमको विषयवस्तु हुन्छ र यसैमा अन्य विषयवस्तुका रूप लिई लिई लोकगायकले आफ्ना अनुभूतिलाई विभिन्न उद्गारमा प्रस्तुत गरेका हुन्छन् । यहाँका सङ्कलित लोकगीतको साहित्यिक अध्ययन गरिएको छ ।

## ५.२ सामाजिक जीवनको चित्रण

लोकगीत लोकसमाजकै उपज भएको हुनाले मानिसहरू जहाँ बस्छन् त्यहाँ उसको समाज हुन्छ र समाजभित्र आफ्नै किसिमका धर्म, संस्कृति, रहनसहन, रीतिरिवाज हुन्छन् । त्यसैगरी त्यो समाजमा लोकगीतको रन्को अनिवार्य रूपमा सुन्न पाइन्छ । गीतले समाजको हरेक पक्षको चित्रण गरेको हुन्छ । यस क्षेत्रका अधिकांश मानिसहरू कृषि पेसामा संलग्न छन् र धनी र गरिब दुवै वर्गका छन् । उदाहरणका लागि तल यस्तै भाव झल्कने गीतको एक अंश प्रस्तुत गरिएको छ :

साउको रिन यहीँ बसी तिरौँला  
घरबेसी सँगसँगै गरौँला । रेलै सलल,

प्रणयप्रेम लोकगीतको मुख्य विषयवस्तुको रूपमा आउँछ । यसमा युवायुवतीले आफ्ना यौनआकर्षणलाई गीतमा प्रस्तुत गर्दछन् । गीत गाउँदै जाँदा आफ्ना मनका कुरा एक आपसमा व्यक्त गरी प्रणयसूत्रमा बाँधिएको पनि देखिन्छ । प्रेमभाव व्यक्त गरिएको एउटा लोकगीत हेरौँ । -

केटा - बारीको मल्लतो माया
        गामगाम गीत कले के माया भन्लातो

केटी - बनको चरी बनैमा ढोपूँला माया
        मायामाथि मोहनी माया थपूँला

यसैगरी लोकगीतमा आमबाबु, दाजुभाइ, दिदीबहिनी, साथीसङ्गातीप्रतिको मायाममताका भावहरू पनि विषयवस्तु बनेका पाइन्छन् ।

दिदीबइनी, दाजुभाइले मेरै कुरा सुन्दिए
हाम्री आमा रोइकी भए नरोऊ भन्दिए

मेरो आमा दूधको भाराले
पाइन बाटो आँसुको धाराले

लोकगीतमा बालालिकाको संसार साह्रै रमाइलो हुन्छ । बालककालमा समाजसँग सम्बन्धित कतिपय कुराहरू गीत गाएर व्यक्त गरिन्छ । यस्ता गीतले उनीहरू समाजमा हुने क्रियाकलापसँग परिचित हुन्छन् । उदाहरणका लागि केही पङ्क्ति तल प्रस्तुत छन् -

(क) आइसे माइसे भात खाइसे, काठमाडौँमा आगो लाइसे
डाक्टर बोलाइदेऊ, डाक्टरको सुई भाँच्यो
राजा बोलाइदेऊ, राजाको कटु खस्यो
रानी बोलाइदेऊ, रानीको साडी खस्यो
ताली पट्काइदेऊ

(ख) गोठे लोरी गोठ जा, पानी खाना कुलाजा
कुलो लयो पैराले, छेक्न जा लौराले ।

यस क्षेत्रका मानिस गरिबीका कारण विदेश गएर धन कमाउने अभिलाषा राख्दछन् । आफ्नो घरपरिवार र जीवनसङ्गिनीलाई चटक्क छाडेर विदेश जान्छन् । अघिपछि आउन नपाए पनि दसैँमा घर आउँछु भनेर मन हलुका बनाउँछन् ।-

जे भए नि बसे है आशैमा सानू
आऊँला मै पनि यै आउने दसैँमा सानू, राजु काँडैले.....।

यसरी यहाँको समाजमा विद्यमान कृषि पेसा, एक आपसमा देखिने मायाममता, संयोगवियोग, बालबालिकाको चासो, गरिबी, अशिक्षा आदि विषयवस्तुलाई लोकगीतले समाजबाट टिपेको पाइन्छ ।

## ५.३ आर्थिक जीवनको चित्रण

जीवनको लागि अर्थ अत्यावश्यक हुन्छ । बिना धन, केही नभन भन्ने नेपाली उखान नै छ । अर्थ उपार्जनका लागि यहाँका मानिसहरू कुनै न कुनै पेसासँग सम्बद्ध छन् । समाजमा धनी र गरिब गरी दुई वर्ग हुन्छन् । विशेषतः लोकगीतमा गरिबी, अभाव तथा निर्धनताको चित्रण बढी हुने गर्दछ । गरिब वर्गले अर्थोपार्जनका लागि गाउँघर, जन्म दिएका बाबाआमा, इष्टमित्र, जीवनसङ्गिनीलाई छोडेर मुग्लान जानु पर्दछ । सङ्कलित लोकगीतमा यस्ता भाव प्रकट भएका छन् -

साउको रिन, यहीँ बसी तिरौँला
घरबेसी, सँगसँगै गरौँला,

कति दुःख लेखेछ जीवनमा
कैले घाम, लागेन हो यो मनमा, रेसुङ्गाको भीर ...।

सुनिमया बाटामुनि धौलेघर कर्मीदाइले छाउनी
गरिबको के चाल हुन्थ्यो यस्तै दुःख पाउनी ।

यसै गरी लोकगीतमा एकातिर गरिबीको दुःख पोखिएको हुन्छ भने अर्कातिर सम्पन्न आर्थिक स्थितिको कल्पना पनि गरिएको हुन्छ । तिहारमा देउसी र न्वागीमा भैलो खेल्दा दिइने आसिक यस्तो छ -

| | | |
|---|---|---|
| यो घरमा | - | भैलो |
| राम्रै होवोस् | - | " |
| डिँगा बाच्छा | - | " |
| राम्रै होऊन् | - | " |
| धन सम्पत्ति | - | " |
| बर्सी जावोस् | - | " |

यसरी अहिलेको समाजमा धन वा अर्थको अति महत्त्व छ, तापनि सबै थोक अर्थ होइन, शिक्षाबाट ज्ञान प्राप्त गर्न सकिन्छ भन्ने कुरा पनि लोकगीतमा व्यक्त हुन्छन् । यस प्रकार आर्थिक जीवनसँग सम्बन्धित लोकगीतले यस ठाउँमा व्यापकता पाएको छ ।

## ५.४ सांस्कृतिक जीवनको चित्रण

जुनसुकै देशमा पनि आ-आफ्नै चालचलन, वेशभुषा, बोलीचाली आदि हुने गर्दछन् । यसभित्र लोकसमाजको आन्तरिक तथा बाह्य अभिव्यक्ति प्रकट भएको हुन्छ । नेपालका प्रत्येक जातजातिका आ-आफ्नै सांस्कृतिक परम्परा छन् । यसले गर्दा जातीयताको परिचय सहज ढङ्गले पाउन सकिन्छ । त्यसैले संस्कृतिलाई देश वा समाजको ऐनाको रूपमा हेर्न सकिन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतले सांस्कृतिक जीवनलाई उतारेका छन् । कही -

चेली रम्ने चाड आयो गाउँघरमा अब त
कति सारै खुसी होलान् गाउँका चेली त
आउँच तीज अरूलाई म दुःखीला आउँदैन
अरू सै जान्छन् माइत म त आउँदैन ।

विवाह सिलोकबाट

हरिया टोपरीमा सेतो भात
अब हाल जन्ती हो झुसिला हात

जिमिनै थर्कायो भैँचालले
बुहारी कजाउली यै चालले

रत्यौलीबाट

आहै भनभन भाइ हो देउसी रे
स्वर मिलाई भन ''
वर्ष दिनको ''
तिहारैमा ''
काग तिहार ''
कुकुर तिहार ''
लक्ष्मी पूजा ''
गाई तिहार ''
भाइलाई टीका ''

देउसी गीतबाट

लोकजीवनका खानपिन, लवाइ, गरगहना आदिको चित्रण पनि लोकगीतमा गरिन्छ । यस क्षेत्रका कतिपय लोकगीतमा लोकसंस्कृतिलाई प्रस्तुत गरेको पाइन्छ ।-

असारमा खाने हरिया मकै ए हरि राम हो साउनमा खानी खिर
घरमा छैन सित्तालु वचन ए हरि राम हो मन पनि छैन थिर

पानी बोक्न सक्दिन झरी खोलाको
शिरफूल कतिको तोलैतोलाको

कम्मरको पटुकी हेरछु मैले लेऊ न मामै दरिपना,

वास्तवमै यहाँका लोकगीतले कहीँ न कहीँ सांस्कृतिक जीवनको चित्रण गरेका हुन्छन् । लोकगीतमा प्राचीन संस्कृतिदेखि आधुनिक संस्कृतिसम्मको छाप पाइन्छ ।

## ५.५ नारीजीवनको चित्रण

लोकगीतमा नारीजीवनलाई विषयवस्तु बनाएर धेरै गीत गाइएका हुन्छन् । हाम्रो समाज पुरुषप्रधान भएको हुनाले नारीलाई दबाएर राख्ने चलन छ । नारीहरू पुरुषको अधीनमा रहनुपर्ने र पुरुषकै खेलौना बन्नुपर्ने उनीहरूको जीवन निराशामय र स्तवन्त्रविहीन छ । यस्तो अवस्थामा नारीमनका वेदनाहरू गीतको माध्यमबाट व्यक्त हुन्छन् । नारी एक्लो भएका बेलामा मनमा अनेक तरङ्ग आउने हुँदा गीत गाएर भए पनि मन हलुका बनाउने प्रयास गर्छन् । माइतीकोमा बस्दा पनि माइतीलाई बोझ हुने र घर जाँदा पनि कसैबाट सहानुभूति नपाउँदा मन व्याकुल बन्छ । यस्तो हुनु नारीजीवनकै विडम्बनाको कुरो हो । यस क्षेत्रका लोकगीतमा प्रशस्त मात्रामा नारीका वेदना घन्केको सुन्न पाइन्छ । उदाहरणको रूपमा केही गीतलाई हेर्न सकिन्छ ।-

गुरुरुरु पहिरो आयो बारीमाको पुछर
आइजा काल लैजा मला होला उछार
ससुराला होला बरै बनका काँडा फाँडे झैँ
सासुला होला रै बिहा गरेझैँ
जेठाजुला होला बरै ठाडो पर्खाल चिनेझैँ
जेठानीला होला बरै खसी खाएझैँ

उँगोरबाट को मान्छे आयो ए हरि राम हो काखैमा तीरबोकी
कति र बसूँ माइतीको घरमा ए हरि राम हो दुःख र पीर बोकी
बाबाको बारी सुन्तला घारी ए हरि राम हो दुई दिनको घामछायाँ
जिन्दगी भन्ने यस्तै नै रैच ए हरि राम हो दुई दिनको रामछायाँ

गैरी है खेतका मुराले आली गोरुले कुचेको
हेर त आमै दर्जामे चूल्ठो सौताले लुछेको

सर्वप्रथम सराप, माग्नेला र पार्नेला
दोस्रो चोटि सराप, छोरी दिनेला

रून्च मन वनको नेउँलीझैँ
तिम्रो पीरले ज्यान भयो सेउलीझैँ

सुनिमया कसला दोष लगाम् मैले यस्तै मेरो कर्म
कसले जानी सक्छ हजुर भित्री मनको मर्म

यसरी हेर्दा यहाँ प्रचलित लोकगीतमा नारीजीवनको सजीव चित्र झल्किएको पाइन्छ ।

## ५.६ प्रकृतिको चित्रण

नेपाली लोकगीतले जनमानसद्वारा अनुभूत गराएका प्राकृतिक बिम्वलाई प्रशस्त स्पर्श गरेको छ । लोकजीवनभित्र आफ्ना आँखाले देखेका र आफूले भोगेका प्रकृतिसँग सम्बन्धित कुरालाई लोकगायकले टिपेका हुन्छन् । प्रकृतिको चित्रण हुन गएका कतिपय लोकगीतमा प्रायः पहिलो पङ्क्तिमा प्रकृतिको वर्णन र दोस्रो पङ्क्तिमा अर्थतात्विक सारभूत कुरा व्यक्त भएको हुन्छ । बर्षभरिमा विभिन्न ऋतुमा देखिने प्रकृतिका विभिन्न दृश्यलाई लोकगीतमा वर्णन गरिएको हुन्छ । प्रकृति चित्रण प्रशस्त मात्रामा भएको लोकगीतमा स्थानविशेषको चित्रणका साथै भौगोलिक परिचय पाइन्छ । वसन्तको हरियाली, वर्षाको झरी, बादल, बाढी पहिरो, आदिको चित्रण भएको हुन्छ भने शरद्को टहटह जुनको चम्काइ, धानका फाँट र शिशिरको जाडो र हिउँको वर्णन पनि लोकगीतमा पाइन्छ । प्रकृतिका यी विविध रूपसँगै चराचुरुङ्गीको चिरिबिरी, पशुहरूको चिच्याहटको पनि वर्णन पाइन्छ । कुनैकुनै गीतमा लय र तुकान्त मिलाउन प्रकृतिको चित्रण गरिएको हुन्छ । गुल्मी जिल्लाको यस क्षेत्रमा घन्कने लोकगीतमा यहीँका भीर, पाखा, गाउँ, बेसी, नदी, नाला आदिको चित्रण प्रशस्त मात्रामा भएको छ । यी विविध प्रकृतिलाई समेटेर गाइने लोकगीतहरूमध्ये यहाँ एउटा उदाहरण प्रस्तुत गरिएको छ ।–

वसन्तमा चरिवरी पालुवा पलाको
माया तिमी हाँस बोल किन डराको
ग्रीष्ममा तातो भयो
माया मेरो कता गयो
सरद्मा दशैं तिहार
नानी मैयाँ के छ खबर
तुषाराले चिसो भयो
पछ्यौरा ल्याउन सानी
साह्रै जाडा भयो ।

यस गीतमा प्रकृतिसँग सम्बन्धित विभिन्न ऋतुमा आउने परिवर्तनको विषयलाई आधार बनाएर मायाप्रेमको प्रसङ्ग प्रस्तुत गरिएको छ ।

## ५.७ संरचना

लोकगीतमा संरचनाले सम्पूर्ण तह वा बुनोटलाई जनाउँछ । विधागत रूपमा हेर्दा कविता विधासँग नजिक हुने लोकगीतको संरचना पनि कविताकै जस्तो बाह्य र आन्तरिक गरी दुई प्रकारको देखिन्छ । गुल्मी जिल्लाको पश्चिमी क्षेत्रमा प्रचलित लोकगीतहरू विभिन्न प्रकारका भएकाले बाह्य संरचना र आन्तरिक भाव बेग्लाबेग्लै किसिमको देखिन्छ ।

लोकगीतको निर्माण हुन चरणको संयोजन भएको हुनु पर्दछ । चरण भन्नाले लोकगीतमा रहने पङ्क्ति पाउ वा हार बुझिन्छ । यहाँ प्रचलित लोकगीतमा रहेका अक्षर सङ्ख्या प्रत्येक पङ्क्तिमा एकनासको देखिँदैन । कुनैकुनै गीतमा भने समानान्तर जस्तै देखिन्छ । गीतमा प्रत्येक पङ्क्तिका बीचमा विश्राम हुँदै जान्छ । विश्राम केही खासखास अडानका रूपमा हुन्छ । त्यसभित्र पनि ससाना लयविश्राम हुन्छ । तल दिइएका लोकगीतका पङ्क्तिबाट अक्षर सङ्ख्या र विश्रामलाई हेर्न सकिन्छ ।

**अक्षर सङ्ख्या र विश्राम :**

**५/५**

भदौरे घाम, लाग्यो नि राजै,
हेरन सङ्गी हो, सालु पातैमा
बाबा नि छाडें, आमा नि छाडें,
छोड्दिन रामला, जान्छु साथैमा

७/५

तिरिपासा खरार, भैँमा झरर

छोरी माग्ने कोलिया, अगि सरर

५/५/६

छपा र छप, खेतैमा रोपिन, दुधे है मारसी

आँखाका सानले, बोलाउँछु मैले, बुझे है पारसी

लोकगीत अनुच्छेदयुक्त हुन्छ । अनुच्छेद भन्नाले एक समूहमा आउने टुक्रा वा दफा भन्ने बुझिन्छ । लोकगीतको सन्दर्भमा अनुच्छेदको तात्पर्य यस्तै एक प्रवाह वा श्रेणीमा आउने पुञ्ज हो । यसरी यहाँका लोकगीतमा बाहृय संरचनामा विविध रूप भए जस्तै आन्तरिक संरचनाका दृष्टिले हेर्दा यहाँका लोकगीतमा कताकति मात्र सूक्ष्म कथानक आउने हुनाले आख्यान पक्ष सबल रूपमा पाइँदैन । गीतहरू भवनाको एक आवेगमा नै सिर्जिन्छन् । त्यसैले यसमा मानवीय जीवनका हरेक पक्षका कोमल भावनालाई अनेक लयमा समेटेर व्यक्त गरिन्छ ।

## ५.८ गीतितत्त्व

लोकगीत अनेक गीतितत्त्वको मिश्रणबाट सृजना भएको हुन्छ । गीतितत्त्व भन्नाले त्यसमा प्रयुक्त सन्देश, भाका, चरण, थेगो, पुनरावृत्ति वा टेक, भाषाशैलीलाई बुझाउँछ । यिनै तत्त्वलाई यहाँ क्रमशः प्रस्तुत गरिएको छ :

### ५.८.१ सन्देश

जुनसुकै कलात्मक अभिव्यक्तिमा सन्देशको प्रवाह रहन्छ । साहित्यका अन्य विधामा जस्तै लोकगीतमा पनि सन्देश प्रमुख तत्त्वका रूपमा आएको हुन्छ । प्रत्येक लोकगीतको केही न केही सन्देश दिएकै हुन्छ । परिवारमा श्रीमान् श्रीमतीको सम्बन्धको मात्र नभएर दुई आत्माको मिलन पनि हो भन्ने सन्देश लोकगीतले दिएको पाइन्छ । तीजे गीतमा केवल आइमाईको पीडा मात्र यक्त गरिएको हुँदैन । आइमाई पनि पुरुष सरहकै मान्छे हो, समाजमा उसको पनि उत्तिकै अधिकार हुन्छ आदि सन्देश फैलिएको हुन्छ । भजन-कीर्तनले भगवान्को आराधना गर्न भनेको हुन्छ भने देउसी, भैलोले संस्कृतिलाई जीवन्त राख्नुपर्ने सन्देश दिएको पाइन्छ ।

### ५.८.२ भाव

लोकगीतमा भावको प्रधानता रहेको हुन्छ । लोकजीवनमा मानिसले देखे, भोगेका कुनै पनि विषयलाई आफ्नो-आफ्नो अनुभूतिका आधारमा व्यक्त गर्दछ । जीवनमा आइपर्ने सुख-दुःख, मिलन-विछोड आदि अनेक भाव र विचार लोकगीतमा प्रकट भएको हुन्छ । लोकगीतका एउटै पङ्क्तिमा पनि जीवनको सच्चा अभिव्यञ्जना गर्न सक्ने सामर्थ्य हुन्छ ।

यहाँका ठाडो गीतले जीवनको बृहत् पक्षलाई देखाउन खोजेको अनुभव गर्न सकिन्छ । यसरी लोकगीतमा भाव पक्षले प्रमुख भूमिका खेलेको हुन्छ, जसले गर्दा लोकगीतलाई बढी गतिशील पनि बनाउँदछ ।

### ५.८.३ लय वा भाका

लोकगीतलाई लय वा भाकाद्वारा नै व्यक्त गरिएको हुन्छ । जुनसुकै लोकगीतको पनि गाउने तरिका आफ्नै प्रकारको हुन्छ । लोकगीतमा आउने परिवर्तनलाई भाका परिवर्तन पनि भनिन्छ । एउटै गीतलाई पनि विभिन्न लयमा गाउन सकिन्छ । लय भन्नु नै लोकगीतलाई व्यक्त गर्ने माध्यम हो । जसले गर्दा लोकगीतमा मिठास थपिन्छ । लयका हिसावले हेर्दा यहाँका गीत द्रुतलय र विलम्बित लयका छन् ।

### ५.८.४ थेगो र पुनरावृत्ति

लोकगीतमा थेगो र पुनरावृत्ति एउटा तत्त्वको रूपमा समावेश भएको हुन्छ । गीतअनुसार थेगो र पुनरावृत्ति भएको पाइन्छ । 'रहनी' र पुनरावृत्तिलाई 'टेक' पनि भनिन्छ । लोकगीतमा बारम्बाार आउने थेगो वा पुनरावृत्तिको आफ्नै खालको महत्त्व छ । थेगो र रहनी छुट्टाछुट्टै हुन् भन्ने विचार पनि पाइन्छ । थेगोमा एउटा शब्द मात्र हुन्छन् । ती शब्द निरर्थक र सुरताल तथा भाका मिलाउन मात्र थेगोको प्रयोग गरिन्छ । रहनीमा चाहिँ गीत सुरु गर्ने पङ्क्ति नै हुन्छ र यस्ता पङ्क्तिहरू केही सार्थक पनि हुन्छन् । जे भए पनि थेगोले लोकगीतलाई आकर्षक बनाउने काम गर्दछ । यस क्षेत्रका लोकगीतमा प्रयोग हुने थेगो सुनिमया, बरै, ए हरि-राम हो, माया, सानु, चरन, निरमया, सालैजो, नानीलै आदि हुन् । थेगोको प्रयोग भएका केही लोकगीत उदाहरणार्थ प्रस्तुत गरिएको छ ।–

ससुराला होला बरै वनका काँडा फाँडे झैँ
सासूला होला बरै बिवहा गरे गरेझैं

बारीको मल्लतो माया
गमगाम गीत कले के माया भन्लातो

सुनिमया आँगनमा ओजेल त हिउँदे सिमीझाल
धेरै दिनमा भेट भयो के छ ज्यानको चाल ।

यसरी थेगोले लोकगीतलाई आकर्षक बनाएको छ । यस क्षेत्रका लोकगीतमा सुनिमया, बरै, ए हरि-राम हो, माया, सानु, चरन, निरमया, सालैजो, नानीलै जस्ता थेगो प्रयोग भएका पाइन्छन् ।

### ५.८.५ भाषाशैली

सङ्कलित लोकगीतहरू नेपाली भाषाको पर्वती भाषिकाअन्तर्गत गुल्मी-पाल्पाली उपभाषिकामा रहेका छन् । यो मानक नेपालीभन्दा केही पृथक् छ । केही शब्दहरू र तिनको अर्थ फरक रहेको पाइन्छ भने कतै शब्द र अर्थ त्यही भए पनि त्यसको उच्चारण फरक रहेको छ । 'कहाँ'लाई 'काँ', 'छुपु र छुपु'लाई 'छपा र छपा', 'उँधो'लाई 'उँदो', 'त्यही'लाई 'त्यै', 'आउँछ'लाई 'आउँच', 'रहेछ'लाई 'होच', 'कमिला'लाई 'किम्ला', 'लाई'लाई 'ला' निपातको 'त'लाई 'तो', 'खोपेको'लाई 'खोबेको', 'भइछौ'लाई, 'भैचौ', 'न्याउली'लाई 'नेउली', 'रावण'लाई 'राउन्ने', 'गएन'लाई 'गैन', 'सन्तोष'लाई 'सन्तोक', 'ओझेल'लाई 'ओजेल', 'कागज'लाई 'कागजु', 'चामल'लाई 'चामलु', 'जान्छु'लाई 'जान्चु', 'अग्लो'लाई 'अल्को' जस्ता उच्चारण भएको देख्न सुन्न पाइन्छ । तसर्थ सङ्कलित लोकगीतमा यसै क्षेत्रमा बोलिने कथ्य नेपाली भाषिक स्वरूपको प्रयोग भएको पाइन्छ । सङ्कलित लोकगीत सामन्यतया सरल लोकशैलीका रहेका छन् । केही लोकगीत त चसक्कै मन छुने प्रभावकारी सरल शैलीमा प्रस्तुत भएका पाइन्छन् ।

## ५.९ काव्यतत्त्व

लोकगीत आफैंमा मौलिक विधा भए पनि यसको नजिकको सम्बन्ध भने कवितासँग रहन्छ । प्रायः कविता शास्त्रीय नियममा रहेर सिर्जना गरिन्छ भने लोकगीतको सिर्जना स्वतन्त्र तरिकाले हुन्छ । लोकगीत स्वस्फूर्त रूपमा उद्भाव हुने भावको प्रस्तुतीकरण हो । लोकगीत सर्वसाधारणबाट सिर्जना हुने हुँदा बढी सरस र सहज हुन जान्छ । लोकगीतमा फेला पर्ने काव्यतत्त्व योजनाबद्ध रूपमा नभई सहज र स्वाभाविक रूपमा आउँदछ । स्वतस्फूर्त रूपमा सिर्जना हुने भए तापनि लोकगीतमा सौन्दर्य पक्षको स्थान महत्त्वपूर्ण रहन्छ । लोकगीतमा काव्यात्मक तत्त्वलाई हेर्दा रसानुभूति, अलङ्कारविन्यास, बिम्ब, प्रतीक आदिलाई नियाल्नु पर्ने हुन्छ, जुन यस प्रकार छन् ।–

### ५.९.१ रस

साहित्यमा अनुभूतिजन्य भावात्मक अभिब्यक्तिमा जुन सारतत्व हुन्छ, त्यसलाई रसको नामले चिनिन्छ । काव्य, पढ्दा, सुन्दा र नाटकको अभिनय गर्दा हामीलाई जुन किसिमको आनन्द आउँछ वा रमाइलो अनुभव हुन्छ, त्यही आनन्द नै रस हो । हामीले खाने कुरामा नुनिलो, गुलियो, अमिलो, तीतो, टर्रो आदि स्वाद भएजस्तै काव्यमा शृङ्गार, हास्य, करुण, वीर, शान्त आदि स्वाद दिने रस प्रकट हुन्छन् । मानिसको हृदयमा स्थित रति, शोक, उत्साह, क्रोध आदि स्थायी भाव हुन् तिनलाई उद्दीप्त गराउने विभाव, अनुभाव र सञ्चारी भावद्वारा अभिब्यक्त भएर गीतमा रसको स्वरूप आउँछ । पूर्वीय साहित्यका आचार्यहरूले रसको बारेमा निकै चर्चा गरेका छन् । विश्वनाथले रसपूर्ण वाक्य नै काय हो भनेका छन् । नाटकमा भरतमुनिले काव्यमा रसको अनिवार्यतालाई स्वीकारेका छन् । लोकगीतको रसनिष्पत्ति काव्यशास्त्रका अनुरूप नभएर जीवनको अनरूप हुन्छ । लोकगायक जहिले पनि परिस्थितिसँग तटस्थ रही वर्णनकर्ता स्वयं रसको अनुभव गर्ने व्यक्ति हुन्छ । गायकको गीत सुनेर श्रोताले गायकको मनोदशाको अनुभव गर्न सक्छ । यसरी लोकगायकको स्वरमा पनि उद्दीपन शक्ति हुन्छ, जसको कण्ठध्वनिमा नै रसपरिपाक भएर स्वभावतः रसको अभिव्यक्ति हुन जान्छ । गायकको स्वरमा श्रोतालाई रूवाउन – हसाउँन सक्ने क्षमता रहेको हुन्छ । यसरी लोकजीवनका प्रत्येक क्षणमा गाइने गीतहरूलाई रसले आस्वाद्य नाइरहेको हुन्छ । यस

क्षेत्रका लोकगीतमा विशेषतः शृङ्गार, करुण, वीर, हास्य र शान्त रसको प्रधानता रहेको छ । यहाँ लोकगीतमा पाइने रसका बारेमा चर्चा गरिएको छ ।–

**(क) शृङ्गार रस**

प्रणय-प्रेम अथवा रतिरागात्मक सौन्दर्यमा प्रस्फुटन हुने अभिव्यक्ति नै शृङ्गार रस हो । यसको स्थायी भाव रति हुन्छ । लोकगीतमा धेरै प्रेमभाव झल्कने हुँदा तिनको शृङ्गार रसको प्रयोग निकै सशक्त रूपमा भएको पाइन्छ । यस रसको प्रयोग केवल वासनापरक मात्र नभएर सबैको मर्यादा राख्ने गरी हुन्छ । त्यसैले लोकगीतमा शृङ्गार रसलाई प्रेम वा स्नेह रस भन्नु उपयुक्त हुने धारणा राखिएको पाइन्छ । यस क्षेत्रमा प्रचलित गीतमा शृङ्गार रसको संयोग र विप्रलम्भ (वियोग) शृङ्गार गरी दुवै भेद पाइन्छ ।-

(क) दुई दिने चोला हासौँ न राजै हेर न सङ्गी हो मरी के लानु
साथमा बसौं हाँसेरै खेलौँ भन्देऊ न स्वामीजी एक्लै के जानु
स्वामीको काख हुन्छ नि राजै हेरन सङ्गी हो घाम जतिको
कल्पना गरें, मनमा लिएँ, आमाको काख नि हुन्न यत्तिको

(ख) कतिमा राम्रो उजुङको भीर ए हरि राम हो झन राम्रो मैदान
शिरको शिरफूल तिमीला भन्छन् ए हरि राम हो विदेश लैजान

(ग) मायासित हाँसेको बोलेको
आउँच याद काखमा खेलेको, ज्वालो वोल्च यो छाती भित्र
तिम्रो याद आइरच विचित्र
यो मनमा पर्‍यो नि सारै चोट
माया हाम्रो कैलेमा होला भेट

यहाँ **क** र **ख** मा संयोग तथा **ग** मा विप्रलम्भ शृङ्गारको प्रयोग भएको छ ।

**(ख) करुण रस**

मनले सोचेजस्तो पुगेन भने मान्छेको मनमा आघात पर्छ । त्यही आघातलाई ब्याक्त गर्दा करुण भाव भएर ब्यक्तिन्छ । यसको स्थायी भाव शोक हुन्छ । आफ्नो प्रियजनको वियोगमा मनमा पीर पर्छ । यसले गर्दा करुण रसको निस्पत्ति हुन्छ । ग्लानि, चिन्ता, स्मृति, मोह आदि यसका सञ्चारी भाव हुन् । अधिकांश लोकगीत नारीहरूले गाउने करुण रस प्रधान हुन्छन् । आफन्तसँग बिछोडिएर बस्नुपर्दा मनमा गहिरो चोट पर्छ । यस अवस्थामा

करुण रसका गीत गाएर मनलाई हलुका बनाउने गरिन्छ । केही करुण रसका गीतहरू यहाँ प्रस्तुत छन् ।-

(क) रुन्चमन वनको नेउँलीझैँ
तिम्रो पीरले ज्यान भयो सेउँलीझैँ

(ख) फोटो हेरी कति दिन काटुँला
एक्लो जीवन कसरी बाँचूला

(ग) बर्खा लागे बादलु भोरिन्च
सम्झी ल्याउँदा मन त्यसै घोरिन्च

(घ) रुम भने आँसुको खर्च
नरुम भने यो मनमा पीर पर्च

(ङ) आउँच तीज अरूलाई म दुःखीला आउँदैन
अरू सै जान्चन माइत म त पाउँदिन
बाबाआमा हुँदा हुन्तो म नि माइत जाँदिहुम्
अरू सबले मानेजस्तो तीज मान्दिहुम्

यसरी माथिका यी लोकगीतमा करुण रस छताछुल्ल पोखिएको पाइन्छ ।

## (ग) वीर रस

लोकसमाजमा परम्पराको असहमति, युद्ध, वीरता एवं साहससँग सम्बद्ध लोकगीतहरू वीर रसयुक्त हुन्छन् । शत्रुको हाँकलाई हटाउन अथवा धर्ममा प्रवृत्त हुनका लागि हाम्रो मनमा एक किसिमको उत्साह वा फुर्ति जागेर आउँछ । यसबाट वीर रसको उदय हुन्छ । यही उत्साह नै वीर रसको स्थायी भाव हो । यहाँ गाइने खाँडो र भजन आदि गीतमा वीर रसका भाव प्रशस्त पाइन्छन् । उदाहरणको लागि निम्न गीत हेरौँ -

महाराजाधिराजके सिपाही और लड्नाका पूरा,
उधो गंगाको साँध लगाइ उँधो महाचिनमारी
त्यस टाइम गाई नमानमो खाँडो पखाली,

लोहा, सुरकार पारस गोत्र शिवक्षेत्र
श्री ५ महाराजाधिराका सिपाही और लड्नाका पूरा
श्री पशुपतिनाथ, गुज्जे कालीसँग, जितवाजी मागे,
बाह्र हजार बैरीका टाउकामा खुडाले ठ्याक्कठ्याक्क ।

यस गीतमा वीर रसको प्रयोग भएको पाइन्छ ।

**(ग) हास्य रस**

रूप, आकार, पहिरन र विभिन्न कार्यमा विकृत भएपछि हास्य रसको सिर्जना हुन्छ । हास्य रसको स्थायी भाव हास्य वा हाँसो हो । यस क्षेत्रमा प्रचलित लोकगीतमा हास्य रस भएका गीतहरू प्रशस्त छन् । उदाहरणका रूपमा केही गीत हेर्न सकिन्छ -

डाक्टरको सुई भाँच्यो
राजा बोलाईदेऊ, राजाको कटु खस्यो
रानी बोलाइदेऊ, रानीको साडी खस्यो
ताली पट्काइदेऊ

**(घ) शान्त रस**

संसार एक सपना हो र सांसारिक विषयहरू क्षणभङ्गुर छन् भन्ने धारणाले गर्दा उत्पन्न हुने एक किसिमको संसारप्रतिको वितृष्णाको भाव शान्त रस हो । यस क्षेत्रमा गाइने विभिन्न किसिमका भजन-कीर्तन, भैलो आदि गीतहरू शान्त रसयुक्त छन्, जस्तै-

ॐ जयदेवी भैरवी गोरखानाथ है
जय देवी दर्शन देऊ भवानी
जय देवी अम्बिका जय देवी
जय देवी भैरवी जय देवी

### ५.९.२ अलङ्कारविन्यास

अलङ्कार साहित्यको सौन्दर्य वा शोभा हो । साहित्यका भावनालाई अझै सुन्दर पार्नका लागि विभिन्न किसिमका अलङ्कारको प्रयोग गरिन्छ । आचार्य भामहका अनुसार शब्द र अर्थको वक्रोक्ति अलङ्कार हो भने आचार्य दण्डीले काव्यलाई शोभा प्रदान गर्ने धर्मलाई अलङ्कार भनेका छन् । वामनले सौन्दर्यलाई अलङ्कार भनेका छन् र रुद्रटले चाहिँ विशिष्ट उक्तिलाई नै अलङ्कार भनेका छन् । साहित्यमा भावलाई सुन्दर बनाउन

अलङ्कारको प्रयोग गरिएको हुन्छ, तर लोकगीतमा योजनाविहीन नै अलङ्कारको उपस्थिति भएको हुन्छ । यस क्षेत्रका लोकगीतमा लेख्य साहित्यमा जस्तै सचेत रूपमा अलङ्कारको प्रयोग नगरिएको भए पनि स्वतः र सहज रूपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । यहाँका लोकगीतमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग पाइन्छ, जसलाई क्रमिक रूपमा प्रस्तुत गरिएको छ -

**(क) शब्दालङ्कार**

साहित्यमा शब्दको चमत्कारपूर्ण प्रयोगलाई शब्दालङ्कार भनिन्छ । काव्यमा शब्दको विशेष प्रयोगद्वारा उत्पन्न हुने वैचित्र्य चमत्कार वा सौन्दर्य शोभालाई शब्दालङ्कार भनिन्छ । शब्दालङ्कारका अनेक भेदहरू भए पनि यहाँका लोकगीतमा पाइने मुख्यतया अनुप्रास र श्लेष शब्दालङ्कारको मात्र चर्चा गरिएको छ ।-

(क) गेरु भनी लिएँ मैले रैच रातो माटो
कतैबाट पाइन मैले मन बुझाउनी बाटो

(ख) ओरो, डोरो, काशी, खोरो
वनमा बस्ने भँगेराको कान्छो छोरो
इर्कीमिर्की दूध छिर्की असुर काटे डामारे डुम

यहाँ (क) मा माटो /बाटो र (ख) खोरो / छोरो जस्तो अनुप्रास मिलाइएको छ ।

भदौरे घाम, लायो नि रौ हेर न सङ्गी हो सालुपातैमा
बाबा नि छोडेँ, आमा नि छोडेँ, छोड्दिन रामला जान्छु साथैमा

यहाँ 'सालुपातै', 'राम', 'भदौरे घाम' शब्दले बिभिन्न अर्थ प्रकट गरी प्रेमिलाई पुकारी श्लेष अलङ्कारको प्रयोग गरिएको छ ।

**(ख) अर्थालङ्कार**

शब्दहरूको विशेष प्रयोगमाथि नभएर अर्थमाथि आश्रित हुने अलङ्कार अर्थालङ्कार भनिन्छ । अर्थालङ्कारमा शब्दको वैचित्र्य भन्दा अर्थगत वैचित्र्यले सौन्दर्य थपेको हुन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतमा देखिएका केही अर्थालङ्कारको उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ ।-

रुन्च मन वनको नेउँलीझैँ
तिम्रो पीरले ज्यान भयो सेउँलीझैँ

जेठाजुला होला बरै ठाडो पर्खाल चिनेझैँ
जेठानीला होला बरै खसी खाएझैँ

यहाँ 'नेउलीझैँ', 'सेउलीझैँ', 'चिनेझैँ', 'खाएझैँ' जस्ता उपमा दिइएकोले उपमा अलङ्कारको प्रयोग भएको छ ।

इस्मापारि देखिन्च कालो वन
कसो गरी, बुझाम्तो रुनी मन

रुम् भने आँसुको खर्च
नरुम् भने यो मनमा पीर पर्च

यहाँ पहिलो श्लोकमा इस्मापारि कालो वन देखिएझैँ मनलाई बुझाउने कुराको स्वभाविक प्रकट भएको छ । दोस्रो श्लोकमा पनि रुनी र मनमा पीर पर्ने कुराको स्वाभावोक्ति प्रकट भएको छ ।

लपलप लप्कनी खरबारीको खर
दाजुजस्ता जेठाजु दरिबारे घर

यहाँ खरबारीको खर लपलप लप्केझैँ दरबारजस्तो घर र दाजुजस्ता जेठाजु छन् भनी बढाईचढाई गरिएकोले अतिशयोक्ति अलङ्कार प्रकटित छ ।

यसरी यहाँका लोकगीतमा अलङ्कारको विविध स्वरूप पाइन्छ । यसमा अलङ्कारको प्रयोग योजनाबद्ध ढङ्गले नभई स्वतस्फूर्त अलङ्कार लोकगीतमा प्रयोग भएका हुन्छन् र काव्यशास्त्रका कसीमा राखेर यसलाई हेर्न पनि सकिँदैन ।

## ५.१० भाषाशैली

सार्थक मनका भाव वा विचारलाई अरूछेउ प्रकट गर्ने सार्थक शब्द वा वाक्यहरूको समूहलाई भाषा भनिन्छ । भाषाले नै भावलाई गतिशील र जीवन्त बनाउने काम गर्दछ । भाषिक अभिव्यक्तिमा शैली भन्नाले प्रस्तुतीकरणको ढाँचा देखिन्छ । व्याकरणिक नियमभन्दा लोकहृदयसित बढी सामीप्यता भएको भाषाशैली नै यहाँका लोकगीतमा प्रयोग भएको पाइन्छ । लोकगीतमा जस्तो भाषा प्रयोग भएको हुन्छ, त्यो त्यही समाजको उपज हो । एकाध ठाउँमा भने लक्षणा र व्यञ्जनाशक्तिको पनि प्रयोग भएको देखिन्छ । यहाँका लोकगीतमा तत्सम, तद्भव, र आगन्तुक गरी तीनै प्रकारका शब्दको प्रयोग पाइन्छ । तद्भव शब्दको ज्यादा प्रयोग पाइन्छ भने तत्सम र आगन्तुक शदको प्रयोग केही कम मात्रामा पाइन्छ । यस क्षेत्रमा गाइने गीतमा मालसिरी, खाँडो आदिमा संस्कृत र हिन्दी शब्दको प्रयोग बढी भएको पाइन्छ ।

जनजीवनमा बढी प्रचलनमा आइसकेका स्कुल, डाक्टर, अटोमेटिक आदि शब्दहरू अङ्ग्रेजीबाट आएको देखिन्छ । जस्तै :

दिन्चेस् भने लेन छिटो कति हुन्चेस् सुरी

दिन्नेस् भने हानी दिन्चु अटोमेटिक छुरी,

मान्छेको उमेर र अवस्थानुसार भाषाको प्रयोग भएको यस क्षेत्रमा पाइन्छ । बालगीतमा बालबोलीको प्रचुरता पाइन्छ । जस्तै :

चिँमुसी चङ्गाने,

तेरो दाइ मङ्गाने,

ओखरे कान जोखरे ।

यहाँका लोकगीमा कथ्य नेपाली भाषाको प्रयोग ज्यादा भएको पाइन्छ । राउन्ने (रावण), रुन्च (रुन्छ), हुन्च (हुन्छ), तिमीलाई (तिम्ला), सुर्जे (सूर्य), भुवानी (भवानी), केरा (केको) जस्ता अनेक कथ्य शब्दको प्रयोग लोकगीतमा हुन्छ । धेरै ठाउँमा अक्षरको लोप हुने र फेरिने पनि भएका छन् । स्थानीय वासिन्दाले बोलीचालीको रूपमा प्रयोग गर्दै आएका शब्द लोकगीतमा प्रयुक्त छन् । क्रियापदमा खाको (खाएको) काँ (कहाँ) पुछर (पुच्छर) ब्या ( विवाह) रैच (रहेछ) जस्ता रूप पाइन्छन् ।

लोकगीतमा अनुकरणात्मक शब्दको प्रयोग पनि प्रशस्त भएको भेटिन्छ । यस्ता शब्दले लोकगीतलाई बढी स्वादिलो बनाएका छन् । गरुरु, हरूरु, फरर, बरर, झरर, सरर जस्ता अनगिन्ती अनुकरणात्मक शब्द यहाँका लोकगीतमा पाइन्छ । जस्तै-

तिरिपासा खरर भैँमा झरर

छोरी माग्ने कोलिया अगि सरर

यहाँ प्रचलित लोकगीतको प्रस्तुतीकरणमा स्रष्टाले विभिन्न किसिमको शैली अँगालेको पाइन्छ । कतिपय गीतमा गायकले एकालापीय कथन पद्धतिद्वारा आफ्ना अभिव्यक्ति पोखेको हुन्छ । दोहोरी गीतमा संवादात्मक शैली रहेको हुन्छ । यस्ता गीतमा प्रश्नात्मक शैली ज्यादा भेटिन्छ । रत्यौली, भजन आदिमा नाटकीय शैली पाइन्छ ।

यस प्रकार यहाँका लोकगीतमा सहज, सरल र स्वाभाविक रूपमा भाषाको प्रयोग भएको पाइन्छ । लोकगीतको भाषाले गहन विचारलाई भन्दा लोकजीवनका कोमल भावनालाई भने सक्षम रूपमा अभिव्यक्त गरेको हुन्छ ।

# अध्याय छ
# शोधनिष्कर्ष

## ६.१ विषयप्रवेश

यस अध्यायमा सिलसिलेवार रूपमा यसअघिका अध्यायहरूको सारसङ्क्षेप प्रस्तुत गर्नुका साथै शोधको निष्कर्ष समेत प्रस्तुत गरिएको छ ।

## ६.२ सारसङ्क्षेप

यस शोधपत्रको पहिलो अध्यायमा शोधको सामान्य परिचय प्रस्तुत गरिएको छ । यसै क्रममा यस अध्यायमा शोधसमस्या, शोधको उद्देश्य, औचित्य, शोधको सीमाङ्कन, शोधपत्रको रूपरेखा दिइएको छ ।

अध्याय दुईमा गुल्मी जिल्लाको सामान्य परिचय दिइएको छ । यहाँ यस क्रममा गुल्मी जिल्लाको भौगोलिक परिचय, ऐतिहासिक पृष्ठभूमि, सामाजिक तथा सांस्कृतिक जीवन, धार्मिक परम्परा र विभिन्न चाडपर्वका बारेमा सामान्य जानकारी गराइएको छ । यस क्षेत्रका बासिन्दाको मुख्य पेसा कृषि र कथ्य नेपाली भाषाको बारेमा जानकारी दिने प्रयास गरिएको छ । भौगोलिक परिचयअन्तर्गत यस जिल्लाको भू-बनोट र सिमानामा पर्ने अन्य जिल्लाको समेत चर्चा गरिएको छ ।

अध्याय तीनमा लोकसाहित्यका विभिन्न विधा र यसको प्रमुख विधा लोकगीतको सैद्धान्तिक परिचय दिने काम गरिएको छ । यस क्रममा विभिन्न उपशीर्षकमा राखेर लोकसाहित्य र नेपाली लोकगीत लोकगीतको परिभाषा, विशेषता, महत्त्व, वर्गीकरण र नेपाली लोकगीतको अध्ययन प्रस्तुत गरिएको छ ।

अध्याय चारमा गुल्मी जिल्लाको पश्चिमी क्षेत्रबाट सङ्कलित लोकगीतको वर्गीकरण गरिएको छ । यहाँ सङ्कलित लोकगीतहरूलाई संस्कार गीत, ऋतुकालीन कर्मगीत, पर्वगीत र बाह्रमासे गीत गरी जम्माजम्मी चार वर्गमा समेटिएको छ । संस्कार गीतअन्तर्गत विवाहका अवसरमा गाइने सिलोक, रत्यौली, खाँडोजस्ता गीतहरूले यस ठाउँको परम्परित संस्कारको पहिचान गराउँछन् । त्यस्तै असारे, साउने दाइँ जस्ता लोकगीतले ऋतुअनुसार गरिने कामको परिचय दिनुका साथै कृषकका मनोदशाहरू व्यक्त गरेका हुन्छन् । तीजे, भैलो, देउसी, सराएँ आदि पर्वगीतहरू हुन् । यस्ता लोकगीतले यस क्षेत्रमा प्रचलित चाडपर्वहरूको जानकारी पनि गराउँछन् । झ्याउरे, घाँसे आदि गीतहरू घर-आँगनदेखि लिएर वनपाखा र मेलापातहरूमा बाह्रै महिना घन्किरहेका हुन्छन् । यस्ता गीतले मानिसको सम्पूर्ण पक्षलाई छोइरहेका हुन्छन् । यस क्षेत्रका यी सारा लोकगीतमा गाइने प्रक्रिया आ-आफ्नै किसिमका छन् । कुनै गीतहरू पुरुषद्वारा मात्र गाइन्छन् भने कुनै गीतहरू महिलाहरूले मात्र गाउँछन् । कतिपय लोकगीत आख्यानरहित छन् भने कतिपय गीत सूक्ष्म

आख्यानसहितका छन् । आख्यान विहीन लोकगीतमा घाँसे, चुट्का आदिलाई लिन सकिन्छ भने आख्यानात्मक गीतहरूमा भजन-कीर्तन, सोरठी आदिलाई लिन सकिन्छ । यहाँ गाइने लोकगीतमा कुनै एकल गायनमा आधिारित छन् भने कुनै दोहोरी गायनमा आधाररित छन् । तीजे, भैलो, देउसी आदि गीतहरू सामूहिक रूपले गाइन्छन् भने झ्याउरे, घाँसे आदि गीत चाहिँ एक्लै गाउनुका साथै दोहोरी गीतका रूपमा पनि गाइन्छ । यस क्षेत्रका लोकगीतमा यसै समाजको भावभूमि उतारिएको छ । यसका अतिरिक्त यहाँका लोकगीतहरूमा विरह-व्यथा, मिलन-बिछोड, घात-प्रतिघात, पारिवारिक असन्तुष्टि, आर्थिक र प्राकृतिक चित्रण, नारीहरूका बाध्यता, विवशता र गृहस्थी जीवनका तीतामीठा अनुभूतिलाई व्यक्त गरिएका छन् ।

अध्याय पाँचमा यस क्षेत्रबाट सङ्कलित लोकगीतको साहित्यिक अध्ययन गरिएको छ । यस क्रममा सङ्कलित लोकगीतको विषयवस्तु, संरचना, गीतितत्त्व, काव्यतत्त्व र भाषाशैली जस्ता कोणबाट अध्ययन–विश्लेषण गरिएको छ । यहाँका प्रायः सबै लोकगीतमा सामाजिक जीवनको चित्रण छ । समाज नै लोकगीतको सिर्जनास्थल हो । लोकगीतमा जे व्यक्त गरिएको हुन्छ त्यो समाजसापेक्ष नै हुन्छ । समाजमा विद्यमान कृषि पेसा, मायाममता, संयोग-वियोग, युवायुवतीमा देखिने यौनाकर्षण, बालबालिकाप्रति समाजको चासो, गरिबी, अशिक्षा आदि विषयवस्तुलाई लोकगीतले समाजबाट टिपेको हुन्छ । यहाँका लोकगीतमा सांस्कृतिक जीवनको चित्रण, आर्थिक जीवनको चित्रण, धार्मिक पर्व, लवाइखवाइसम्न्धी आदिको चित्रण भएको देखिन्छ । जीवनका लागि अर्थ महत्त्वपूर्ण वस्तु भएकाले यहाँका लोकगीतमा आर्थिक पक्षलाई निकै महत्त्वका साथ व्यक्त गरिएको पाइन्छ । प्रकृतिका विभिन्न रूपमा वसन्तको हरियाली, वर्षाको झरी-बादल, मेघ, बिजुली, खोला, बाढी, पहिरो आदिको वर्णन प्रशस्त भएको पाइन्छ । यस अध्यायमा यिनै कुराहरूको अध्ययन भएको छ ।

संरचनाका दृष्टिकोणले हेर्दा यहाँका लोकगीतमा एक पाउमा दुई-तीन अक्षरदेखि लिएर बीस-बाइस अक्षरसम्म रहेको पाइन्छ । त्यस्तै अनुच्छेद निर्माणमा पनि समानता नभएको देखिन्छ । दुई पङ्क्तिसम्मको अनुच्छेद निर्माण भएको देखिन्छ । लोकगीत कुनै शास्त्रीय नियममा नबाँधिएको मौलिक विधा भए तापनि यसमा काव्यात्मकता पाइन्छ । यस क्षेत्रका लोकगीतमा जति पनि काव्यात्मक फेला पर्छ त्यो कुनै योजनाद्ध रूपमा नभई सहज-स्वतस्फूर्त रूपमा प्रयोग हुन गएको देखिन्छ । भाषिक स्वरूप पनि यहाँका लोकगीतमा आफ्नै किसिमको देखिन्छ । र नेपालीका भाषिका वा उपभाषिका प्रयोग यहाँका लोकगीतमा भएको पाइन्छ । लेख्य भाषाभन्दा यस क्षेत्रमा कथ्य भाषाको प्रयोग बढी हुने र कतिपय शब्दका अक्षर पनि लोप भएको देखिन्छ ।

## ६.३ शोधनिष्कर्ष

लुम्बिनी अञ्चलको एक प्रमुख जिल्ला गुल्मी भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सामाजिक र सांस्कृतिक दृष्टिले समेत अत्यन्त महत्त्वको रहेको छ । त्यसमा पनि लोकसंस्कृति र लोकसाहित्यका दृष्टिले गुल्मी क्षेत्र झनै समृद्ध देखिन्छ । लोकसाहित्यको प्रमुख विधा लोकगीत यहाँका पाखा-पखेरा, डाँडा-काँडा, उकाली-ओराली, मेलापात जताततै घन्किइरहेका सुनिन्छन् । यस्ता लोकगीतको लेख्य परम्परा नभएर मौखिक परम्परा छ र मौखिक रूपमै यी जीवन्त छन् ।

गुल्मी जिल्लाको पश्चिम क्षेत्रका केही गाउँठाउँबाट सङ्कलित लोकगीतहरू संस्कारगीत, कर्मगीत, पर्वगीत र बारमासे गीतका रूपमा देखापरेका छन् । विवाहका अवसरमा गाइने सिलोक, रत्यौली र खाँडो संस्कार गीत हुन् । ऋतुअनुसारका कामका अवसरमा गाइने असारे, साउने र दाइँगीत कर्मगीत हुन् । चाडपर्वका अवसरमा उमङ्गका साथ गाइने तीजे, देउसी, भैलो, साराएँ आदि पर्वगीत हुन् । कुनै खास चाडपर्व वा अवसरमा विशेषमा नभएर जहिले, जहाँ र जसले पनि गाउने झ्याउरे जस्तो लोकगीत बारमासे लोकगीत हो । सालैजो, बालगीत, गौँडेगीत, गाइनेगीत, निर्गुण र भजनहरू पनि बारमासे लोकगीतअन्तर्गत नै पर्दछन् ।

गुल्मी जिल्लाको पश्चिमी क्षेत्रका लोकगीतमा त्यस क्षेत्रका सामाजिक चालचलन, रीतिरिवाज, लवाइखवाइ, आर्थिक अवस्था, मायाप्रेम वा प्रणयप्रसङ्ग तथा विभिन्न सामाजिक सम्बन्ध घतलाग्दो रूपमा प्रकट भएका छन् । युवाअवस्थामा परिवारसँग सँगै रमाउने बेलामा परिवारजनलाई गाउँमै छाडेर आफू पर कमाइका लागि जानुपर्दाका पीडाहरूले त्यस क्षेत्रको आर्थिक अवस्थालाई प्रतिबिम्वित गरेको छ । यसरी बिछडिएकाहरूको पुनर्मिलन हुने अवसर भनेको दसैं आदि चाडपर्व हुन् । त्यसैले लोकगीतमा दसैँ, तिहार, तीज जस्ता चाडमा भेटौँला भन्ने अभिव्यक्ति पाइन्छ । नेपाली चेलीको महान् पर्व तीजका अवसरमा गाइने तीजगीतमा त नारीले भोगेका मानसिक, पारिवारिक, सामाजिक पीडाहरू-उत्पीडनहरू छताछुल्ल भएर पोखिएका छन् । वर्षभरि मनमा लुकाएर राखेका व्यथाहरू नेपाली चेलीहरू तीजगीतमा अभिव्यक्ति गरेर आफ्नो मनलाई अलिक हलुङ्गो पार्दछन् । त्यसैले लोकगीतबाट मनोरञ्जनमात्र हुने होइन, मनको विरेचन पनि हुन्छ र सांस्कृतिक संवहन पनि हुन्छ । यी लोकगीतले परम्परागत लोकसंस्कृतिलाई अहिलेको अवस्थासम्म ल्याइदिएका छन् । तसर्थ लोकसंस्कृतिको जगेर्ना गर्नमा लोकगीतको अहम् भूमिका छ । अर्कातिर लोकगीत आफैँ पनि लोकसंस्कृतिका धरोहर हुन् ।

सङ्कलित लोकगीतहरूमा विभिन्न लय र भाका रहेका छन् । तिनमा थोगोको पुनरावृत्ति रहेको छ । यस्तो पुनरावृत्तिले लोकगीतलाई झनै प्रभावी तुल्याएको छ । यी लोकगीतमा शृङ्गार, वीर, हास्य र शान्त आदि रस, अन्त्यानुप्रास, रूपक आदि अलङ्कारको सहज छेलोखेलो पाइन्छ । त्यसैले सङ्कलित लोकगीतहरू गीतितत्त्व र काव्यतत्त्वका दृष्टिले पनि उच्च रहेका छन् । यसरी हेर्दै र अध्ययन गर्दै जाँदा गुल्मी जिल्लाको पश्चिमी क्षेत्र लोकगीतका हिसाबले निकै सम्मृद्ध छ ।

# परिशिष्ट

# सङ्कलित लोकगीतहरू

[प्रस्तुत परिशिष्टमा गुल्मी जिल्लाको पश्चिमी क्षेत्रका पुर्कोट दह, भनभने, मेहेलपोखरी, मालगिरी, मरभुङ, सिर्सेनी, बाँझकटेरी, धुर्कोट रजस्थल जस्ता गा. वि. स. का विभिन्न स्थानमा रहेका स्थानीय बासिन्दाबाट सङ्कलित लोकगीतका पाठहरू प्रस्तुत गरिएको छ । पछि थप सङ्कलन गर्न सहज होस् भनेर हरेक लोकगीतको अन्तमा सो लोकगीतको स्रोतव्यक्ति र उसको ठेगाना समेत दिइएको छ ।]

## १. सिलोक

केटा पक्ष- काँकाँ उबजे हात्ती, घडुवा, काँकाँ उबजे गधा, ऊँट ?
काँकाँ उबजे सारी, सुगा, काँकाँ उबजे रजपूत ?

केटी पक्ष- मधेसमा उबजे हात्ती, घडुवा, पर्वतमा उबजे गधा, ऊँट ।
टोड्की उबजे सारी, सुगा, कोखीमा उबजे रजपूत ॥

केटी पक्ष- केके कामका हात्ती, हाडुवा, केके कामका गधा, ऊँट ?
केके कामका सारी सुगा केके कामका रजपूत ?

केटा पक्ष- चड्न गुनका हात्ती-घडुवा, भारी बोक्न गुनका गधा ऊँट ।
पढ्न गुनका सारी सुगाा, कोखी बस्नका रजपूत ॥

दुलही पक्ष - हरिया टोपरीमा सेतो भात ।
अब हाल जन्ती हो भुसिला हात ॥

जन्ती पक्ष - सुकेका टोपरीमा आङ्गाको भात ।
हालहाल जन्ती हो सुनसरि हात ॥

स्रोत : जीवलाल श्रेष्ठ, पुर्कोट दह - ७, गुल्मी

## २. रत्यौली

(क) मकैमा लाए पुतला पुतली चामलु लाए घुन, अरे भैया चामलु लाए घुन
डाँडो थरिकाउँदै जाने कसका बाला हुन, अरे भैया कसका बाला हुन
मकैमा लाए पुतला पुतली चामलु लाए घुन, अरे.......
घन्किदे मादलु मैले गीत गाउँदार
दुलई कति रोइहोलिन् सिन्दुर लाउँदारे

स्रोत : सीता वि.क., इस्मा रजस्थल –४, गुल्मी

(ख) हामरो भैया केटीको भोगी छ ।
रातो डोली कालु गाई अगि छ ।
लगनको टोपरी गौदानको गाई
रैचेकेटी कर्मदारी कन्ने केटो पाई
बाटामुनि बाटामाथि चरनी गाई
दान दिने बाबाआमा अँदली भर्ने भाइ

स्रोत : टीका प्रधान, टोपला घर्ती, इस्मा रजस्थल– ४ गुल्मी

(ग) बाँसको लिङ्गो तुनको धजो झन्डै टाँगेको,
आजकी दुलाई रोएको हैन शिरबन्दी मागेको, अरे....
बाँसको ....
आज कति दुलाई रोएको हैन कुन्दलु मागेको, अरे....

स्रोत : विष्णु घर्ती, इस्मा रजस्थल –४, गुल्मी

## ३. खाँडो

श्री ३ महमहाराजा सरजङ्गबहादुरको फौजके, फौजमे, काशीके तीरमे
मन्त्रीके खेलसे, मन्त्रीके बुझसे, चले लस्करजी धन्ने धनने मन्त्री
सरजङ्गबहादुरको फौजके, फौजमे, चले लस्करजी धन्ने धन्ने मन्त्री
रणके वंश रत्नधीर शमशेर, धर्म शरीर भक्तवीरके चले लस्करीजी
पूर्व,पश्चिम, उत्तर-दखिखन, भोट, मौलान, दिल्ली किल्ला काँगडा
लङ्का, पलाङ्क, श्रीलङ्का, लाबुसी नाकघोर मुखका देशमा चले है
कौना-कौना पल्टन चले, अगि सिरीनाथ राजको दल, देवीदत्त
काली दल, भैरमनाथ ऐसा-ऐसा पल्टन चले है
जर्नेल, कर्नेल, सुबेदार, हल्दार, हुद्दा, सिपाही चले है
श्री महमहाराजाकै सवारी हुनेका खत है
ताजी, तुर्की बैला, अवला, तुरुङ्गा, सुरुङ्गा, मुकी, टाङ्गना ऐसा ऐसा घोडा चले है
श्री श्री श्री महाराजकै सवारी हुनेका बखत है
दुई रानीके डोलामे चल्ते है, मुलुक-मुलुक, बगर-बथा थर्कना लाए
कामदारी सुसारे, बैठके चल्ते है कैसा-कैसा केटी चले
रामदरी, जमिनदारी, कृष्णदरी, अल्लापरी हुस्नपरी

सूर्जेमती, चन्द्रमती, लालझोपनीका फुँदा लर्कना लाए
हीरामोती, मुगामोती, पुखुराजका रत्न टल्कना लाए
झुँगा गोटिका हर्कना लाए,
चिन, महाचिन, पेचिन, बेलायत, लागुर, डिल्लीमे सिपाही
फिराउन लाए, पहरा, छुरी, कटारी, चुप्पी, चप्पा, खंडा, ढाल, तरवाल
बर्खना लाए, बैरिका फौज सबै भागे,

स्रोत : तुलसीराम क्षेत्री, धुर्कोट- ५ गुल्मी

४. **असारे**

यो खेतको सिमेभूमे रक्षे गरे है, सिमेभूमे रक्षे गरे है,
कालु गाईको दूध, सिली धानका अछेताले पुजम्ला, रक्षे ...
जेठी रानी दिम्पो भने सेजैकी पियारी
कान्छी रानी दिम्पो भने बालैकी पियारी
... माइली रानी जाऊ
भाकै लाग्ला मेरा बाला ओख्ले किरा खाए
निदै लाग्ला मेरा बाला बैका काखा सुते
छोराको छोरो नभने सासू मेरै छोरो भने
सत्तैकी रानी हैचु भने फर्केर आम्ला
विसत्तेकी हैचु भने भोगै भई जाम्ला ।

स्रोत : कृष्ण कुँवर, पुर्कोट दह–३, गुल्मी

५. **साउने**

केटा - बारीको मल्लतो माया
गामगाम गीत कले के माया भन्लातो
केटी - बनको चरी बनैमा ढोपूलाँ माया
माया माथि मोहनी माया थपूँला
केटा - रसको चयाले माया
अचाल भोलि के चाल छन् माया मयाले
केटी - नामली छोटाउनी माया
के चाल हुन्थ्यो मर्ने न माया मोटाउनी
केटा - रुखो बारी बुन्साले जेलेको माया
बिर्स्यौ क्यारे बालो दिन माया खेलेको

केटी - मर्ने न मोटाउनी माया
त्यति भनी सन्तोकले माया लोटाउनी
केटा - गौं भन्दा जौं भयो माया
लाइको माया बिर्सना माया धौ भयो
केटी - बारीको अछुतो माया
लाउँदा नाम्रो छोड्दाला माया पछुतो

स्रोत : सीता सुनार, पुर्कोट दह - ३, गुल्मी

## ६. दाइगीत

हो ऽ हो मालमदेसको सहलिऊ भैया
दाङ-देउखुरीको सहलिऊ भैया
हो ऽ हो दाइँ बरदो हो, दाइँ बरदो
पुछरले डोलाइदिऊ, कानले हम्किदिऊ
खुरले माडिदिऊ, दाङ-देउखुरीको सहलिऊ
परालमा माडि खेल, भाइ हो, माडिखेल
मिहीको गोरु तिखे र ताखे
घरकी गोसेनीले तिउन चाखे, माडिखेल भाइ हो, माडिखेल,
दाइँ बरदोमा माडीखेल,
मिहीको गोरु हनहने
घरकी गोसेनी गनगने
यो घरका मालिकको खुबै ठूलो जिउ
यो घरकी मालिक्नीले खान दिन्छिन् घिउ

स्रोत : शिवलाल क्षेत्री, पुर्कोट दह - ३, गुल्मी

## ६. तीजेगीत

(क) भदौरे घाम लाग्यो नि राजै, हेरन सङ्गी हो सालु पातैमा
बाबा नि छोडें, आमा नि छोडें, छोड्दिन रामला जान्चु साथैमा
यो बाला दिनमा दियौ नि राजै हेरन सङ्गी हो पराइ घरमा
स्वामीजी गए मन कस्तो होला ? बसूँला के गरी कसको भरमा
सोचेर ल्याउँदा मन पनि राजै, हेरन सङ्गी हो हुन्न थातमा
दिलका राजा मन छिया हुन्च, सक्दिन बसन लैजाऊ साथमा

दुई दिने चोला हाँसौ न राजै हेरन सङ्गी हो मरी के लानु
साथमा बसौं हाँसेरै खेलौं भनिदेऊ स्वामीजी एक्लै के जानु
स्वमीको काख हुन्छ नि राजै हेरन सङ्गी हो घाम जतिको
कल्पना गरैं, मनमा लिएँ आमाको काख नि हुन्न यतिको

(ख) गुरुरुरु पहिरो आयो बारीमाको पुछार
आइजा काल लैजा मला होला उछार
ससुराला होला बरै वनका काँड फाँडे झैं
सासुला होला बरै ठाडो पर्खाल चिनेझैं
जेठानीला होला बरै खसी खाएझैं
श्रीमान्ला होला बरै पीरको भारी पोखेझैं
आमाला पर्ने होला पीर बरिलै
रिमीझिमी पानी पर्‍यो चारैदिशा घेरेर
हाम्री आमा रोइकी होलिन् यतै हेरेर
दिदी, बैनी, दाजुभाइले मेरै कुरा सुन्दिए
हाम्री आमा रोइकी भइ नरोऊ भन्दिए
शिरै लाउने शिरफूल कागचुमा बेरेर

सर्वप्रथम सराप माग्नेला र पार्नेला
दोस्रो चोटि सराप छोरी दिनेला
यस्तो घर विहे गर्न कले जाने हो
यसै घर छोरी दिऊँ कले भने हो

(ग) कतिमा राम्रो उजुङको भीर ए हरि राम हो, झन राम्रो मैदान
शिरको शिरफूल तिमीलाई भन्छन् ए हरि राम हो, विदेश लैजान
असारमा खाने हरिया मकै ए हरि राम हो, साउनमा खानीखीर
घरमा छैन सित्तलु, वचन ए हरि राम हो, मन पनि छैन थिर
सप र सप घाँस मैले काँटे ए हरि राम हो, भीरैको लप्के खर
दिदीको बन्यो, दाजुको बन्यो ए हरि राम हो, बिग्रेको मेरै घर
उंगो र बाटा को मान्छे आयो ए हरि राम हो, कोखैमा तीरबोकी
कति र बसूँ माइतीको घरमा ए हरि राम हो, दुःख र पीरबोकी

खल र खली पसिना आयो ए हरि राम हो, दोप्परे घामैमा
आमा त रोलिन् मेला र पर्व ए हरि राम हो, सैँ रोलान् राम्रैमा
बाबाको बारी सुन्तला घारी ए हरि राम हो, दुई दिनको घाम छाँया
जिन्दगी भन्ने यस्तै नै रैच ए हरि राम हो, दुई दिनको राम छाँया
सप र सपी घाँस मैले काँटे ए हरि राम हो, बारीको दोहोला
अहिलेको सालमा नाचगाना गरौ ए हरि राम हो, अर्को साल कोहोला
धिपी र धिपी त्ती रोल्यो ए हरि राम हो, सल्लेरी देलैमा
अहिलेको सालमा रमाइलो गरौं ए हरि राम हो, जुटेको बेलैमा

स्रोत : शिवजी प्रधान, इस्मा रजस्थल–६, गुल्मी

## ७. चुट्को / ख्याली गीत

हा ऽ ऽ हो हो शिरैको सिन्दूर हेरछु मैले लेऊ न मामै दरिपना,
हा ऽ ऽ हो हो शिरैको शिरफूल हेरछु मैले, लेऊ न मामै दरिपना,
हा ऽ ऽ हो हो निधारैको टिकिया हेरछु मैले, लेऊ न मामै दरिपना,
हा ऽ ऽ हो हो कानैको कुन्डलु हेरछु मैले, लेऊ न मामै दरिपना,
हा ऽ ऽ हो हो गलैको हार हेरछु मैले, लेऊ न मामै दरिपना,
हा ऽ ऽ हो हो कुमैको चोलिया हेरछु मैले, लेऊ न मामै दरिपना,
हा ऽ ऽ हो हो कम्मरको पटुकी हेरछु मैले, लेऊ न मामै दरिपना,
हा ऽ ऽ हो हो गोडैको कलिया हेरछु मैले, लेऊ न मामै दरिपना,

हा हा दरिपना हेरी-हेरी गइसक्यो राजै जोवन
सूर्य मण्डल फूलै भयो बस्यो राजै भमरा
रसै टिपेर मौरीले लयो भमरा गुरिजना लायो
मखमली फूलै भयो बस्यो राजै भमरा

स्रोत : फुर्सहादुर घर्ती, पुर्कोट दह - ४, गुल्मी

## ८. सोरठी गीत

संसारमा भारी भयो कंसका भारले
कंसराजलाई मारन कृष्ण औतार
आठौँ गर्भ कृष्णजीको जन्म भयो
जन्मेपछि बासुदेवले पारिलान लाए

ढोका खुले पाले-पहरा मुर्छित भइगए
यमुनाको मन जानेर कृष्णले पाउ छोडिदिए
पाउ जलमा परेपछि बाटो छोडिदिए
पारिबाट विजुलालाई वारी ल्याउनु भयो
गर्भ जन्म्यो भनी कंसले थाहा पाउँदो भयो
मार्छु भन्यो बैनीसँग बच्चा माग्दो भयो
उचालेर पत्थरमा पछार्न थाल्यो
पछार्दामा हातबाट फुस्किएर माथि गइन्
माथिबाट कंसराजलाई बताउन पो थालिन् ।
..... .... ..... ..... .... .... ... ..
कंशराजले भान्जा मार्न यज्ञ गर्न थाल्यो
भालुनको दूध विनु यज्ञ बाँकी रह्यो
जौना मेरा भानिजै भालुनीको दूध लिइआऊ
गए बालकृष्ण घोरबनमा
हाम्रा मामा कंसले यज्ञ रोकियो
भालु माथि चढेर आए बरै बालखु
भालुनीको दूध दुन आऊन मामाज्यू
भालुको बथानदेखि कंसराज डरायो
जौना बनबाट ल्यायौ सोहि वन पुराऊ
जौना मेरा भानिजै बगेनीको दूध दोई ल्याऊ
फेरी गए बालखु गेनीको दूध ल्याउनलाई
..... .... ... .... ... ... ... ... ... ...
जौना मेरा भानिजै नगेनीको दूध ल्याउनलाई
गए बालकृष्ण नाग वनमा
नगेनी उठेर केना आयौ बाला भन्न थाले
हाम्रो मामा कंसले यज्ञ गर्न थालेको
नगेनीको दुध विनु यज्ञ अड्कियो
बगेनीको दूध लिन आएँ वनमा
दूध हामी दोइदिन्छौ लगिजाऊ बालखु
काली नागले भेटे भने तिमीलाई खानेछन्
दूधमात्रै लगेर म त त्यसै जाँदैन

कालीनागलाई भेटेर बल्ल जानेछु
सोस्याउँदै र घोग्याउँदै आयो कालीनाग
कहाँबाट आयौ तिमी यति सानू बालखु
कालीनागको आहारा बनेर
कालीनागले खान्चु भनी मुख बाउन थालेको
बायाँ हातले छोप्नु भयो नागको पुछरमा
कृष्णबाल चढ्नु भयो नागको शिरमा
त्यतिगर्दा कालीनागले रगत वाक्न थाल्यो
नगेनीले हात जोडि विन्ती गर्न थाले
नमारी देऊ बालखु कालीनाग स्वामीलाल
हाम्रो ऐवात राखिदेऊ कृष्ण बालखु
नागमाथि चढेर मामैघर पुगे बालखु
.... ..... ..... ... ... ... ... ... ...
जौना वनबाट नाग ल्याउनु भयो
सोहि वन पुऱ्याऊ भानिज
.... .... .... ... ... .... ..... ... ...
कंस मार्छु भनेर कृष्ण औतार
भार हर्न संसारको जन्म लिएँ मैले
तिम्रो नीति गयो मामा अब मार्नेछु
अ मर्ने भएँ भनी परेवा बनी उडिगो
फेरि कृष्ण बाज भई पछि लाग्नु भो
उड्दाउड्दै बाजले पनि हान्ने मौका पायो
हरे कृष्ण ! धन्ने रैछौ कंस बध गऱ्यौं
संसारको भार पनि आज हटाई दियौं ।

स्रोत : अजय के.सी., बाङ्गेमरोठ –४, प्युठान

## ९. बालगीत

### (क) घोडे खेल गीत

| | |
|---|---|
| ओ लरे | – के हो भाइ परे ? |
| तेरा घोडाले धान खायो | – काँ खायो ? |
| सेती भीर | – कति खायो ? |

एक मुरी – कति हग्यो ?
एक सोली – कति मुत्यो ?
एक ढुङ्ग्रा – कति खुट्टा छन् ?
चार खुट्टा – कति पुछर छन् ?
एक पुछर – तेरी छोरीको ब्या कहिले ?
भोलि – बाजा लिम् कि भ्रेली ?
भ्रेली – भ्रिम्भ्रिम्भ्रिम् ।

स्रोत : विष्णुकुमारी महत, बस्तु - ६, गुल्मी

### (ख) हात तताउने खेल गीत

ओकल, दोकल, तिकल चार
भोलिपर्सि मङ्गलबार
चारे चम्फा चन्दनघाट
आउँदा जाँदा बर्मा पाँच
चौरी गाइले विसन खायो
फर्का मुसा तेरो दाहिने हात ।

स्रोत : वसन्ता भण्डारी, अमरपुर - ८ , गुल्मी

### (ग) कान जोख्ने खेल गीत

चिँ मुसी चङ्गाने, तेरो दाइ मङ्गाने
ओखरे कान जोखरे,

### (घ) लोरे खेल गीत

गोठे लौरी गोठ जा
पानी खाना कुला जा
कुलो लयो पैराले
छेक्न जा लोराले

स्रोत : सविता अर्याल, सिर्सेनी - ४, गुल्मी

**(ङ) लुकामारी खेल्दा गाउने गीत**

ओरोडोरो काशी खोरो
बनमा बस्ने भँगेराको कान्छो छोरो
इर्कीमिर्की दुध छिर्की असुर काटे डामारे डुम

स्रोत : अपेक्षा कुँवर, पुर्कोट दह –३, गुल्मी

**(च) पारिपारि आगो लाग्दा गाउने गीत**

आइसे-माइसे भात खाइसे
काठमाण्डौंमा आगो लाइसे
डाक्टर बोलाइदेऊ
डाक्टरको सुई भाँच्यो
राजा बोलाइदेऊ
राजाको कट्टु खस्यो
रानी बोलाइदेऊ
रानीको साडी खस्यो
ताली पड्काइदेऊ,

स्रोत : अरविन्द कुँवर, पुर्कोट दह - ३, गुल्मी

**(छ) हाल सामाएर खेल्ने खेल गीत**

सिन्की चामल,
सिन्की चामल,
छेपारोले नुन चाट्यो
काली बिराली ।

स्रोत : अभिशेष कुँवर, पुर्कोट दह - ३, गुल्मी

**(ज) गुलेली खेलाउँदा गाइने बालगीत**

ओकाले, ओकालेका बारीमा छेपारोले छेरेको
लिउन बाबु गुलेली, टक्क हान्चु ढुकुरला
आन्द्रा भुँडी कुकुरला, मासुभरि तरकाली

हाम्रो स्कुल सरखारी, हिमालका पल्ला टुप्पा दुम्से कपाल कोरेकी
फटेङ्ग्राले हलो जोत्यो, मुसाले डल्ला फोऱ्यो ।

स्रोत : पार्वता कुँवर, पुर्कोट दह - ३, गुल्मी

**१०. भजन-कीर्तन**

(क) **प्रेममण्डल भजन**

उठ गोपाल प्रात काल भजन गरम् तेरा
हे सुर्जे आए चन्द्र आए, अए नौ लाख तारा राम्
तेत्तीसकोटी देवता यहाँ आए, आशिष दिन लाए राम, उठ गोपाल
पहिला प्रहर चतुरा जागै, चौथा प्रहर जोगी, उठ गोपाल
पूर्व दिशाका श्रीसुर्जे, पश्चिम दिशाका वरुणराम
उत्तर दिशाका कुवेरजी, दखिखन दिशाका यम (राज) उठ गोपाल

स्रोत : कृष्ण कुँवर, पुर्कोट दह - ३, गुल्मी

(ख) **कर्तालाई नचाउने भजन**

हे जन्म एके बारको मनुखेको जनम्, जन्म .....
कमल फूल ओइलायो बाला सुर्जे घामले, कमल ......
कमल फूल टिपेर शिवाजीला चढाम्ला, कमल .....
कहिले होला भेट जुनको र घामको सीताको र रामको ....

स्रोत : रामबहादुर विष्ट, धुर्कोट रजस्थल- २, गुल्मी

**११. गौँडेगीत**

केटा : केरा पान भन्नु होला अमिलेको पाना
आकाशबाट बल्छी खेल्ने के हो चरन जान ?

केटी : गोठाले दाइले घाँस काट्यो रामरसी खोला
आकाशबाट बल्छी खेल्ने विजुलीजो होला ।

केटा : कोदो रोपिम् खसाङ्गखुसुङ्ग छुपछुपु धान
धर्तीमुनि सुनको फाली के हो चरन जान ?

केटी : ताप्के माभि्म् खस्याखुस्याङ्ग कसौँडीला कञ्चन्

धर्तीमुनि सुनको फाली हलेतीला भन्चन् ।

स्रोत : रामजी ओली, सिर्सेनी –९, गुल्मी

## १२. धामीझाँक्रीसम्बन्धी गीत

माझक दुई स्वास्नी आपसमा कुरा गरी बसेका थिए,
केही टाढा देख्दाखेरी आज माझ डंकेनीको घर गएका हुन्
के कस्ता आउँचन् भनी उतै हेरिहेका थिए,
केही टाढा देख्दाखेरि अनुहार त माझका जस्तो छ, हिडाइ त होइन कि ?
माझ केही नजिक पुगेपछि आज डंकेनीको घर नजौत भनेको हो नि,
जानाले हो कि, वा त आफ्नो कर्म कमाई, ग्रहदशा बिग्रेर हो कि ?
अब कहाँ गई कौनो उपाय गरम् भनी रुन कराउन थाले,
उत्तर खण्डमा शिवजी ध्यान बसेका छन् अरे हामी जाऊँ भनी
जेठी मझेनीले माझलाई बोकिन्, कान्छीले गजी-ढेङ्ग्री बोकिन्

……. ……. …….. …… …. ….. …… …….

तथास्तु तिम्रा तपस्याले म सन्तोष भएँ, तिम्रा मुटुकलेजा पूरा होऊन्
यस्तो सुनी फर्केर आउन थाले, सेती चँअर हाक्न थाले,
काली चउँर हाक्न थाले, हाक्दै र गाउँदै, बजाउँदै आउँदै थिए,
फेरी नवैबैनी डंकेनीला थाहा भयो,
माझलाई खान भनेको त अझ आफ्नो खोजी उपचार गर्न भनी गयो रे

…… …… …… …… ….. ………

अरू सै डंकेनीलाई मारी दिए, कान्छी कुन्तामै भन्ने
डंकेनी केही टाढा गई बुटाको ओत बसेकी रैचे
माझ दकुर्दै गईकन तँला पनि त्यसै अग्निमा लानपऱ्यो,
भष्मरेखी तरेखु पार्न पऱ्यो भनी लतार्न थालेका थिए,

……. ….. ….. ….. …. ….. …….

अब शाखा बाँध्न पऱ्यो, भाका बाँध्न पऱ्यो, चार जुग साछी राखी
पुरानाउर साछी राखी, अठासी हजार ऋषिउर साछी राखी
तेत्तीस कोटि देवता साछी राखी, आकाशका सुर्जे, चन्द साछी राखी
पातालका नगेनी साछी राखी, गाई गङ्गा साछी राखी,
शिवजी, पार्वती, साछी राखी, ब्रह्मा, विष्णु महेश्वर देवता साछी राखी

आजदेखि तेरा बछिउँ वान झिक्न पर्‍यो, अरिंगालले वान झिक्न पर्‍यो
मारेका छौँडा झिक्न पर्‍यो, सर्पे वान झिक्न पर्‍यो
भ्याउते वान झिक्न पर्‍यो, मसाने वान झिक्न पर्‍यो

..... .... ...... ...... .... ..... .......

शिरको बेथा कम्मरमा झर्‍यो,
कम्मरको पाउमा झर्‍यो,
पाउको आजदेखि यसै खरानीको छारे पिंडो,
रक्ते पात्लोमा सरी जान पर्‍यो, स्वाहा ।

स्रोत : डिलबहादुर कुँवर, तोयनाथ घर्ती, पुर्कोट दह –४, गुल्मी

## १३. निर्गुण

भोटिया भोटमा चिनिया चिनमा ङ्गालै ङ्गालमा
मोरेको मान्छे ँसको डोला पुऱ्याउँचन् जङ्गलमा
जङ्गलमा लगी छोडेर आउँचन् बीचैमा झुराउँचन्
गएको दाजुभाइले कठै चोलनी फिजाउँचन्
गएको दाजुभाई फर्केर आउँचन् लाए घरका रून
मतारी रून्चिन् सरदिन कुनामा छमास प्रिया रूने

.......................................................

पूर्वै बगनी कालीगङ्गा, पश्चिम बगनी भेरी
धन-सम्पत्ति केना चाहियो मला यो ज्यान जाँदाखेरि
धन धनराजाको, ज्यान जेमराजाको मेरो भन्ने केइ पनि छैन
बाँचुन्जेल तीतो-पीरो गरनी हैन कालले देखाइसक्यो ऐना

## १४. गाइने गीत

### (क) लाहुरेको चिट्ठी

मेरो आमा नरुनु धर्केर, बाँचे भनी आउनेछु फर्केर,
सरखारको हुकुम भयो जानु पर्‍यो बर्मा
आमाबाबु छोडी आइयो समुद्रको पारमा
ज्यान त्यागी लड्नु पर्‍यो खुकुरीको धारमा
नरोईकन बसे आमा चिट्ठीको भरैमा, मेरो आमा
हजुरकै बोलीले, बाँचे आम्ला सिसाको गोलीले,

सेनो पात पीपलुको ठूलो पात वर
चेली रुन्चिन् माइत बसी आमा रुन्चिन् घर
नजाऊ छोरा विदेशमा भन्दाभन्दै आइयो
जाम्ला घर भन्दा भन्दै लडाइतिर लाइयो
जसै लडाइ सुरु भयो मूर्चा खनी बस्यौं
रासन पानी बन्द भयो कम्मर पेटी कस्यौं
चट्याङ्ग चुटुङ चलिरने दुश्मनको गोला
ताता गोली आउँदाखेरि मन त तोलातोला
मरिम् भने यै बाटो फिरनी
मरिम् भने राइफलको सिरानी, मेरो आमा .......

(ख) बाउले माऱ्यो छोरी
सौ आपत पऱ्यो नि ठाउँमा
छोरी माऱ्यो पोखरा गाउँमा
दुई हजार अठ्चालीस साल चैत सात गते
पोखरामा कठो बरै पऱ्या ठूलो हत्ते
प्रगतिको झिलीमिली बजारको ठाँट
छोरी मारी जुवा खेल्ने रैच उसको आँट
गाउँगाउँमा हिंडेर नै जुवा खेल्दै थियो
जुवा जित्च भन्ने खवर मुस्ताङतिर पुग्यो
.... ... ..... ..... .... .... ... .....
हरिप्रसाद के मसुर भएको
थाहा छैन सम्पत्ति गएको
जुवा खेल्न त्यो पापीले आर्को बुद्धि लायो
छोरी ल्याउन जान्चु भनी छोरीको घर गयो
...... ..... .... .... ... .... ..... ....
चौपारीमा कठो बरै पानी धारा थियो
पानी खाइर जाम्ला छोरी पर्ख भन्न लायो
हुन्च बाबा भनेर नै पानी खान लागिन्
यता आऊ न छोरी मैले एउटो कुरो भन्चु
तिम्रा गना ल्याउन छोरी जुवाड खेल्चु

दिन्न बाबा अर्काको गना म दिने कसरी ?
दिन्चेस् भने लेन छिटो कति हुन्चेस् सुरी
दिन्नेस् भने हानी दिन्चु अटोमेटिक छुरी
पैला चोट हानी लियो छातीमा नै लायो
ऐया बाबा नहान्नुस् न भन्दै रून लागिन्
अजै बोल्चेस् भनीकन दोस्रो चोट हान्यो
दोस्रो चोटि हानिदियो अटोमेटिक छुरी
छ मैनाको गर्भसित झर्‍यो आन्दा भुंडी
.... .... ..... ..... .... .... .... ....
जाद्रा लागे जस्तो गरी मानिस जम्मा भए
त्यो छोरीको लाश देख्दा सै मानिस रोए
त्यो पापीलाई कठो बरै झेल तोकिदिए
आएन अहिले सम्म हेरेर नै बीस वर्ष झेल दिए
दुई जिउ मारेको भनी अठ्तीस वर्ष दियो
कस्ता मनले मारिहोस् पापीले
आफ्नी छोरी हृदय चिरेहोस्
सारै आपत् परेको सुनियो
छोरी मार्‍यो झेलखानमा थुनियो ....

स्रोत : दुर्गाहादुर गन्धर्व, थुर्कोट रजस्थल -५, गुल्मी

## १५. ठाडो र घाँसेगीत

(क) रेलको तखता, आऊ माया गाम गीत पर्‍यो बखत
रुम भने आँसुको खर्च नरुम भने यो मनमा पीर पर्च, रेलको .....
चरुँ भने सिरुले धान्देन, नेटो काटुँ यो मनले मान्दैन, रेलको .....
फूल केले खसाल्यो, तिम्रो हाम्रो डिल केले बसाल्यो, रेलको...

स्रोत : राधिका नेपाली, पुर्कोट दह-२, गुल्मी

(ख) कति नाम्रो डाँफे चरीला,
मौका परे झरेहै पुर्कोट
लाउँला माया सधैँ भरिला
मायासित हाँसेको बोलेको

आउँच याद काखमा खेलेको, कति राम्रा.............
ज्वालो बोल्च यो छातीभित्र
तिम्रो याद काखमा खेलेको, कति राम्रो.....
यो मनमा पऱ्यो नि सारै चोट
माया हाम्रो कैलेमा होला भेट, कति राम्रो ।
स्रोत : राम बहादुर कुँवर, पुर्कोट दह -४, गुल्मी

(ग) रेसुङ्गाको भीर, के दिनमा हो ऽऽ जन्मेछु सधैं मनमा पीर
हा ऽऽ कति दुख लेखेछ हो ऽऽ जीवनमा
कैले घाम लाएन हो ऽऽ यो मनमा, रेसुङ्गाको .......
कर्म मेरो बिग्रँदै हो ऽऽ गर्छ र
मनको बह सुन्दिनी हो ऽऽ को छ र, रेसुङ्गाको .....
हा ऽऽ पापी मन, रोइरन्च हो ऽऽ जैले नि
खुसी दिन, आएन हो ऽऽ कैल नि, रेसुङ्गाको .....
स्रोत : रामबहादुर कुँवर, पुर्कोट दह -४, गुल्मी

(घ) आ ऽऽ बर्खा लाग्यो खेती र पाती सानु
एक्लै हुँदा मान्दिहौ नजाती, सानू राजु काँडैले,
नजरै लाउनीमा सानू छेक्च डाँडैले,
आ ऽऽ कसो गरी काठ्दी हौ दिनरात सानू
लेखेनको हुनला एकसाथ सानू- राजु काँडैले ....
आउँला मै पुनि यै आउनी दसैंमा सानू - राजु काँडैले......
स्रोत : मानबहादुर खड्का, मलागिरी-४, गुल्मी

(ङ) अम्मरपुर डाँडा पाखा वन,
नसम्झेता निरमाया केही पनि हुन्थ्यो सम्झेता सारै रुन्च मन
हाँसो आँसु हो भन्चन यो जीवन
कैले हल्का निरमया भएन खै यो मन, अम्मरपुर
डिँगा-बाखा चराउथ्यो भीर पाखा
सम्झन्छु र निरमया रसाउँचन् यी आँखा, सधैं अम्मरपुर.....
स्रोत : भुपाल महत, पीपलधारा -२, गुल्मी

## १६. झ्याउरे गीत

### (क) नानीलै

हे ऽ गाई, भैँसीला किलो र दाम्लो बाखरीला खोर नानीलै
हुनी हो कि बरिलै हुनी लायो मयाँ जोर नानीलै
हे ऽ जस्कोमा छैन एउटो भेंडी उही पुग्यो ढोर नानीलै
आरकै ज्यानको माल धनीला त देखे मनले भोर नानीलै
हे ऽ ढोर त जानी उदेरालीमा त खरेसाको फोका नानीलै
गाइर गीत, लाइर मयाँ गैन मनको धोका नानीलै
हे ऽ कैले र उँदो कैलेर उँघो ढोरलै र खसी नानीलै
गाम्तो गीत, लाम्तो मयाँ रातै दलान बसी नानीले
हे ऽ नजान्नीले दोसाईमा लिन्चु ढोरलेर खसी नानीलै
गाउँला र गीत लाउनला मयाँ आउन त कम्मर कसी नानीलै,

स्रोत : फर्सहादुर खड्का, अमरपुर –७, गुल्मी

### (ख) सालैजो

हे सिसैको गोलीले मगनी बोलीले
हे बागला हान्दा बगेनी मोऱ्यो सालैजो सिसैको गोलीले
हे जताला जान्चु रुनैसो मगनी बोलीले
हे अब त राखम्तो के बरे सालैजो मगनी बोलीले
हे घुम्टीमा असिना पुछम्ला पसिना
हे पऱ्यो झका र मकी सालैजो घुम्टीमा असिना
हे हातैमा लिम्ला नौ जाले रुमाल पुछम्ला पसिना
हे अब त राखम् क्यारे मया सालैजो पुछम्ला पसिना
हे बाटैमा थुनियो केमा राम्रो सुनियो ।
हे बाटामा कुँदेको गाडी सालैजो बाटैमा सुनियो
हे हितको नानीले गाएको गीत सालैजो के मा राम्रो सुनियो ।

स्रोत : फर्सहादुर खड्का, अमरपुर –७, गुल्मी

(ग) **निरमया**

साइँलो दाइले पानी खायो तिर्खा नलाईनलाई
केना तो मयाँ लगाइहाल्यु आउन नपाइनपाई निरमया
तिमी छैनौ मेरा राजै बसूँ कसको भरमा
रेलम छौ कि छाउनीमा चिठी पठाऊ तारमा निरमया
आरने दाइले आरनमा राखी फलामलाइ कुट्यो
जाम्जाम् भन्दा मानेनौ पानी धारा छुट्यो निरमया
आउन मयाँ सँगसँगै चिसो पानी खाउँला
जाम्जाम् भन्दा जौँ पाक्यो सातु खाइर आउँला निरमया ।

स्रोत : फर्सहादुर खड्का, अमरपुर –७, गुल्मी

# सन्दर्भसूची


अनिल, सन्तराम, सन् १९७५, **कन्नोज लोकसाहित्य** दिल्ली : अभिनय प्रकाश ।

आचार्य, बाबुराम, २०४३, **पुराना कवि र कविता**, (चौथो संस्क.), काठमाडौँ : सा.प्र. ।

आर्.डी. र एल्. एल्., २०२३, **नेपालका विभिन्न जाति र लोकगीत : एक परिचय**, काठमाडौँ : जगदम्बा प्रकाशन ।

उपाध्याय, कृष्णदेव, सन् १९५७, **लोक साहित्य की भूमिका** इलाहावाद : साहित्य भवन प्रा.लि. ।

कन्दङ्वा, काजीमान, २०२०, **नेपाली जनसाहित्य**, काठमाडौँ : रायल नेपाल एकेडेमी ।

काफ्ले, दिलीपकुमार, २०५८, "नेपाली लोकसाहित्यको अनुसन्धान-परम्परा" नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर (अप्र.) ।

कोइराला, शम्भुप्रसाद, २०५५, **लोकसाहित्य सिद्धान्त र विश्लेषण**, विराटनगर : धरणीधर पुरस्कार प्रतिष्ठान ।

खत्री, रेमबहादुर, २०५५, "गुल्मी जिल्लामा प्रचलित उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण", त्रि.वि., नेपाली स्नातकोत्तर शोधपत्र, (अप्र.)

जिल्ला शिक्षा कार्यालय गुल्मी, २०५६, **शिक्षाज्योति : स्मारिका,** गुल्मी : जिल्ला शिक्षा कार्यालय ।

जि.वि.स.को कार्यालय, २०५६, गुल्मी **गुल्मी जिल्ला पार्श्वचित्र,** गुल्मी : जि.वि.स.को कार्यालय ।

जोशी, सत्यमोहन, २०१४, **हाम्रो लोकसंस्कृति,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव, २०३२, **नेपाली कविताको सिंहावलोकन** (दोस्रो संस्क.), काठमाडौँ :सा.प्र. ।

थापा, धर्मराज, २०३०, **गण्डकीका सुसेली**, काठमाडौँ : ने.रा.प्र.प्र. ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, २०४१, **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र ।

पन्त, कालीभक्त, २०२८, **हाम्रो सांस्कृतिक इतिहास,** स्याङ्जा : लेखक स्वयम् ।

पन्त, देवकान्त, २०३२, **डोटेली लोकसाहित्य (एक अध्ययन),** काठमाडौँ : त्रि.वि., नेपाल र एसियाली अध्ययन संस्थान ।

पन्थी, दीन, २०५९, **पाल्पा गुल्मेली उपभाषिका,** काठमाडौँ : ने.रा.प्र.प्र. ।

... ... ..., २०३९, 'लुम्बिनी अञ्चलका कवि र कविता वारे टिपटाप कुरा', **हाम्रो पुरुषार्थ**, गुल्मी : किरण पुस्तकालय ।

पन्थी, लक्ष्मी, २०५६, "गुल्मीमा प्रचलित टुक्काको सङ्कलन, वर्गीकरण र अध्ययन", त्रि.वि. नेपाली स्नातकोत्तर, शोधपत्र (अप्र.) ।

पराजुली, कृष्णप्रसाद, २०५१, 'नेपाली लोकगीतको वर्गीकरण' **ओलन,** काठमाडौँ : काभ्रेली परिवार ।

... ... ...., २०५४, 'लोकसाहित्य, परिभाषा र लोकसाहित्यलाई छुट्याउने आधार', **कुञ्जिनी**, वर्ष ५, अङ्क ३ ।

... ... ..., २०५७, **नेपाली लोकगीतको आलोक**, काठमाडौँ : वीणा प्रकाशन प्रा.लि. ।

पराजुली, ठाकुर, २०४५, **नेपाली साहित्यको परिक्रमा,** काठमाडौँ : नेपाली विद्या प्रकाशन ।

पुडासैनी, रामप्रसाद, २०५८, "नुवाकोट जिल्लाका लोकगीतको अध्ययन", त्रि.वि., नेपाली स्नातकोत्तर शोधपत्र (अप्र.) ।

पोखरेल, बालकृष्ण र अरू(सम्पा.), (२०४०), **नेपाली बृहत् शब्दकोश,** काठमाडौँ : ने.रा.प्र.प्र.।

पौड्याल, शिवप्रसाद, २०५१, "लुम्बिनी क्षेत्रमा प्रचलित उखान", त्रि.वि. नेपाली स्नातकोत्तर, शोधपत्र (अप्र.) ।

बन्धु, चूडामणि, २०५८, **नेपाली लोकसाहित्य,** काठमाडौँ : एकता प्रकाशन ।

बराल, ईश्वर र अन्य (सम्पा.), २०५५, **नेपाली साहित्यकोश**, काठमाडौँ : ने.रा.प्र.प्र. ।

भण्डारी, ईश्वरीप्रसाद, २०५७, "गुल्मीमा प्रचलित गाउँखाने कथाको अध्ययन', त्रि.वि., नेपाली स्नातकोत्तर शोधपत्र (अप्र.) ।

लोहनी, लक्ष्मण, २०२२, **रोदीघर** (दोस्रो संस्क.), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

वर्मा, धीरेन्द्र, २०२०, **हिन्दी साहित्यकोश भाग १** (दोस्रो संस्क.), वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, २०३१, **मेचीदेखि महाकाली भाग ३,** काठमाडौँ ।

श्रेष्ठ, दयाराम, २०३८, **प्रारम्भिक कालको नेपाली साहित्य र परम्परा,** काठमाडौँ : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

सापकोटा, होमनाथ, २०३९, “फोक्सिङ पञ्चायतमा पाइने लोकसाहित्यको सङ्कलन र वर्गीकृत सर्वेक्षण”, त्रि.वि., भिलेज प्रोफाइल ।

सुवेदी, राजाराम, २०५५, **गुल्मीको ऐतिहासिक झलक,** गुल्मी : किरण पुस्तकालय ।